आर्थिक वर्ष २०८१/८२ को

वार्षिक प्रतिवेदन

२०८२ कात्तिक

नेपाल राष्ट्र बैंक

आर्थिक वर्ष २०८१/८२ को

वार्षिक प्रतिवेदन

नेपाल राष्ट्र बैंक

प्रकाशक

नेपाल राष्ट्र बैंक

आर्थिक अनुसन्धान विभाग

विषय सूची

कार्यकारी सारांश *i*

भाग १
समष्टिगत आर्थिक स्थिति तथा वित्तीय अवस्था

विश्व आर्थिक स्थिति तथा परिदृश्य १

नेपालको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति १

कुल गार्हस्थ्य उत्पादन १
- कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना २
- कृषि २
- उद्योग २
- सेवा ३
- बचत तथा कुल राष्ट्रिय खर्चयोग्य आय ३

मुद्रास्फीति र तलब तथा ज्याला सूचकाङ्क ४
- उपभोक्ता मुद्रास्फीति ४
- नेपाल र भारतबीचको उपभोक्ता मुद्रास्फीति अन्तर ५
- थोक मुद्रास्फीति ५
- राष्ट्रिय तलब तथा ज्याला सूचकाङ्क ५

बाह्य क्षेत्र ५
- वैदेशिक व्यापार ५
- सेवा खाता ६
- ट्रान्सफर ७
- चालु खाता तथा समग्र शोधनान्तर स्थिति ७
- विदेशी विनिमय सञ्चिति ७
- सञ्चिति पर्याप्तता सूचक ८
- वैदेशिक सम्पत्ति तथा दायित्व स्थिति ८
- विनिमय दर प्रवृत्ति ८
- निर्यात आयात मूल्य सूचकाङ्क ८

सरकारी वित्त स्थिति ९
- सरकारी राजस्व ९
- सरकारी खर्च १०
- बजेट घाटा पूर्तिका स्रोतहरू ११
- नगद मौज्दात ११
- सरकारी ऋण ११
- प्रदेशको वित्त स्थिति ११
- राजस्वसम्बन्धी नीतिगत व्यवस्था १२
- करका दरहरू १२
- सार्वजनिक संस्थानहरूको स्थिति १३

मौद्रिक तथा वित्तीय स्थिति १४
- मौद्रिक स्थिति १४
- अन्तर-बैंक कारोबार, स्थायी तरलता सुविधा र स्थायी निक्षेप सुविधाको उपयोग १५
- तरलता व्यवस्थापन १५

विदेशी विनिमय कारोबार १५
ब्याजदर स्थिति १६
बैंक तथा वित्तीय संस्थाहरूको साधन स्रोत तथा उपयोगको स्थिति १७
वाणिज्य बैंक १७
विकास बैंक १७
वित्त कम्पनी १८
लघुवित्त वित्तीय संस्था १८
पूर्वाधार विकास बैंक १८
गैर बैंक वित्तीय संस्थाहरूको साधन स्रोत तथा उपयोगको स्थिति १९
बीमा कम्पनी १९
कर्मचारी सञ्चय कोष १९
नागरिक लगानी कोष १९
सामाजिक सुरक्षा कोष १९
निक्षेप तथा कर्जा सुरक्षण कोष १९
कर्जा सूचना केन्द्र लिमिटेड २०
वित्तीय संरचना २०
वित्तीय बिस्तार तथा पहुँच २१
धितोपत्र बजार २१

तालिका सूची

तालिका १.१	: कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको अंश (प्रचलित मूल्यमा)	२
तालिका १.२	: कुल खर्चयोग्य आय (प्रचलित मूल्यमा)	३
तालिका १.३	: सञ्चिति पर्याप्तता परिसूचकहरू	८
तालिका १.४	: विनिमय दर प्रवृत्ति	८
तालिका १.५	: सरकारी खर्च तथा राजस्व (वार्षिक विवरण)	१०
तालिका १.६	: सरकारी वित्तका परिसूचकहरू	११
तालिका १.७	: सरकारी ऋणको स्थिति	११
तालिका १.८	: करका दरहरू	१२
तालिका १.९	: सार्वजनिक संस्थानहरूको अवस्था	१३
तालिका १.१०	: अन्तर-बैक कारोबार र स्थायी तरलता सुविधा उपयोग	१५
तालिका १.११	: विदेशी विनिमय कारोबारको स्थिति	१६
तालिका १.१२	: भारित औसत ब्याजदर (प्रतिशत)	१६
तालिका १.१३	: निक्षेप तथा कर्जा सुरक्षण कोषको कारोबार विवरण (रु. करोडमा)	१९
तालिका १.१४	: बैंक तथा गैरबैंक वित्तीय संस्थाहरूको संख्या	२०

चार्ट सूची

चार्ट १.१	: कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (आधारभूत मूल्यमा)	१
चार्ट १.२	: क्षेत्रगत आर्थिक वृद्धिदर	२
चार्ट १.३	: वार्षिक औसत उपभोक्ता मुद्रास्फीति (प्रतिशतमा)	४
चार्ट १.४	: आर्थिक वर्ष २०८१/८२ को राजस्व परिचालनको संरचना	९
चार्ट १.५	: सरकारी खर्चको संरचना (२०८१-८२)	१०
चार्ट १.६	: नेपालको वित्तीय प्रणालीको संरचना (प्रतिशतमा)	२०
चार्ट १.७	: नेप्से सूचकाङ्क	२१

भाग १ तालिकाहरू

तालिका १	: विश्वको आर्थिक वृद्धि, मूल्य तथा व्यापार	२३
तालिका २	: समष्टिगत आर्थिक परिसूचकहरू	२४
तालिका ३	: कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर	२५
तालिका ४	: प्रदेशगत आर्थिक वृद्धिदर र अंश	२५
तालिका ५	: राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क	२६
तालिका ६	: राष्ट्रिय थोक मूल्य सूचकाङ्क	२७
तालिका ७	: राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क	२८
तालिका ८	: नेपाल र भारतको उपभोक्ता मुद्रास्फीति दर	२८
तालिका ९	: वैदेशिक व्यापार स्थिति	२९
तालिका १०	: भारततर्फ निर्यात गरिएका प्रमुख वस्तुहरू	३०
तालिका ११	: भारतबाट आयात गरिएका प्रमुख वस्तुहरू	३१
तालिका १२	: चीनतर्फ निर्यात गरिएका प्रमुख वस्तुहरू	३२
तालिका १३	: चीनबाट आयात गरिएका प्रमुख वस्तुहरू	३३
तालिका १४	: अन्य मुलुकतर्फ निर्यात गरिएका प्रमुख वस्तुहरू	३४
तालिका १५	: अन्य मुलुकबाट आयात गरिएका प्रमुख वस्तुहरू	३५
तालिका १६	: शोधनान्तर स्थिति	३७
तालिका १७	: विदेशी विनिमय संचिति	४१
तालिका १८	: वैदेशिक सम्पत्ति र दायित्वको विवरण	४२
तालिका १९	: सरकारको वित्त स्थिति	४३
तालिका २०	: नेपाल सरकारको राजस्व संकलन	४४
तालिका २१	: नेपाल सरकारको कुल आन्तरिक ऋण	४४
तालिका २२	: मौद्रिक सर्वेक्षण	४५
तालिका २३	: केन्द्रीय बैंक सर्वेक्षण	४६
तालिका २४	: बैंक तथा वित्तीय संस्थाहरूको सम्पत्ति र दायित्वको विवरण	४७
तालिका २५	: वाणिज्य बैंकहरूको सम्पत्ति र दायित्वको विवरण	४९
तालिका २६	: विकास बैंकहरूको सम्पत्ति र दायित्वको विवरण	५१
तालिका २७	: वित्त कम्पनीहरूको सम्पत्ति र दायित्वको विवरण	५३
तालिका २८	: वाणिज्य बैंकहरूको लगानीमा रहेको कर्जाको क्षेत्रगत विवरण	५५
तालिका २९	: बैंक तथा वित्तीय संस्थाले प्राथमिकताप्राप्त क्षेत्रमा प्रदान गरेको कर्जाको विविरण	५६
तालिका ३०	: लघुवित्त वित्तीय संस्थाहरूको साधनको स्रोत तथा उपयोगको विवरण	५७
तालिका ३१	: बीमा कम्पनीहरूको साधनको स्रोत तथा उपयोगको विवरण	५८
तालिका ३२	: कर्मचारी सञ्चयकोषको साधनको स्रोत तथा उपयोगको विवरण	५९
तालिका ३३	: नागरिक लगानी कोषको साधनको स्रोत तथा उपयोगको विवरण	६०
तालिका ३४	: नेपालको वित्तीय प्रणालीको संरचना	६१
तालिका ३५	: शेयर बजार परिसूचक	६२
तालिका ३६	: नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकृत भएका धितोपत्रहरू	६३
तालिका ३७	: सूचीकृत कम्पनीहरू र बजार पुँजीकरणको स्थिति	६४

भाग १ अनुसूची

अनुसूची १.१ : वित्तीय कारोबार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तीय संस्थाहरूको नामावली ६५

भाग २
नेपाल राष्ट्र बैंकको कामकारबाही

आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीति ७१
- उद्देश्य तथा लक्ष्यहरू ७१
- मौद्रिक नीतिको अन्तरिम तथा सञ्चालन लक्ष्य ७२
- मौद्रिक नीतिका उपकरणहरू ७२

मौद्रिक व्यवस्थापन ७३
- तरलता व्यवस्थापन ७३
- सरकारी ऋणपत्रसम्बन्धी कारोवार ७३

वित्तीय क्षेत्र सुधार, नियमन तथा वित्तीय पहुँच विस्तार ७४
- नियमन तथा वित्तीय क्षेत्र सुधार ७४
- नियामकीय व्यवस्थाहरू ७४
- वित्तीय स्थायित्व प्रतिवेदन तथा तथ्याङ्क प्रकाशन ८०
- वित्तीय पहुँच अभिवृद्धि ८०
- बैंक तथा वित्तीय संस्थामा रहेका खाताहरू रोक्का, फुकुवा तथा विवरण माग ८१
- सहुलियतपूर्ण कर्जा तथा विपन्न वर्ग कर्जा ८१
- मार्जिन कारोबारका लागि कर्जा प्रदान गर्न स्वीकृति प्रदान ८१

बैंक तथा वित्तीय संस्था सुपरिवेक्षण ८१
- बैंक सुपरिवेक्षण ८१
- वित्तीय संस्था सुपरिवेक्षण ८३
- लघुवित्त वित्तीय संस्था सुपरिवेक्षण ८५

गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण ८६

सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण ८६

विदेशी विनिमय व्यवस्थापन ८६
- विदेशी विनिमय नियमन ८६
- विदेशी मुद्रा कारोबार गर्न इजाजत ८९
- वस्तु तथा सेवा आयात/निर्यात ९०
- विदेशी विनिमय सञ्चिति तथा लगानी ९०
- वैदेशिक लगानी तथा ऋण ९१

भुक्तानी प्रणाली ९१

सूचना प्रविधि ९३

मुद्रा व्यवस्थापन ९४

मानव संसाधन व्यवस्थापन ९६

विविध ९७
- बजेट व्यवस्थापन, संस्थागत जोखिम न्यूनीकरण तथा रणनीतिक योजना ९७
- बजेट एवम् जोखिम व्यवस्थापन ९७
- जोखिम व्यवस्थापन ९७
- रणनीतिक योजना कार्यान्वयन ९७
- सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कार्य ९८
- कानुन तथा बहस/पैरवी ९९
- आन्तरिक लेखापरीक्षण ९९

सम्पत्ति तथा सेवा व्यवस्थापन १००
बैंकिङ कारोबार १००
टक्सारसम्बन्धी कार्य १०२
सञ्चालक समितिको बैठक १०२
वैदेशिक सहायता समन्वय १०२
तालिम, गोष्ठी, सेमिनार, भ्रमण तथा अन्तरक्रिया कार्यक्रम १०३
वित्तीय समावेशिता १०३
वित्तीय साक्षरता १०४
बजार आचरण सुपरिवेक्षण/वित्तीय ग्राहक संरक्षण १०४
अध्ययन अनुसन्धान तथा प्रकाशनसम्बन्धी कार्य १०५
प्रदेशस्थित कार्यालयहरूका प्रमुख गतिविधिहरू १०६

तालिका सूची

तालिका २.१ : मुद्रास्फीति तथा विदेशी विनिमय सञ्चिति पर्याप्तता ७१
तालिका २.२ : मुद्राप्रदाय तथा आन्तरिक कर्जा ७२
तालिका २.३ : ब्याजदर कोरिडर तथा नीतिगत दर (प्रतिशत प्रतिवर्ष) ७२
तालिका २.४ : बैंक तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपात ७३
तालिका २.५ : आर्थिक वर्ष २०८१/८२ मा तरलता प्रशोचन ७३
तालिका २.६ : नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेका सरकारी ऋणपत्रको विवरण ७४
तालिका २.७ : स्थानीय तहमा वाणिज्य बैंकको उपस्थिति ८०
तालिका २.८ : वाणिज्य बैंकका मुख्य परिसूचकहरू ८३
तालिका २.९ : विकास बैंक र वित्त कम्पनीहरूको प्रमुख परिसूचकहरू (अपरिष्कृत) ८४
तालिका २.१० : आर्थिक वर्ष २०८१/८२ को साधन, स्रोत तथा उपयोगको स्थिति ८५
तालिका २.११ : विद्युतीय भुक्तानीका सूचकहरू ९२
तालिका २.१२ : RTGS प्रणालीमार्फत भएका कारोबार विवरण ९२
तालिका २.१३ : नयाँ नोट स्टक मौज्दात विवरण ९५
तालिका २.१४ : नोट स्टकबाट चलनचल्तीमा निष्कासित नोटको विवरण ९५
तालिका २.१५ : चलनचल्तीमा रहेको बैंकनोटको विवरण (२०८२ असार मसान्तसम्म) ९५
तालिका २.१६ : चलनचल्तीमा पठाउन अयोग्य नोटहरू धुल्याने कार्यको विवरण ९६
तालिका २.१७ : शंकास्पद कारोबार/गतिविधिसम्बन्धी अपरिष्कृत विवरण (आर्थिक वर्ष २०८१/८२ मा प्राप्त) ९८
तालिका २.१८ : अदालतमा रहेका मुद्दाको विवरण ९९
तालिका २.१९ : ECC प्रणाली तथा IPS मार्फत भएका कारोबार विवरण १०१
तालिका २.२० : भा.रु. कोषसम्बन्धी विवरण १०१
तालिका २.२१ : आर्थिक वर्ष २०८१/८२ मा प्राप्त गुनासोसम्बन्धी विवरण १०४

चार्ट सूची

चार्ट २.१ : कुल कर्जाको संरचना (आर्थिक वर्ष २०८१/८२) ८१

भाग २ तालिकाहरू

तालिका १ : चलनचल्तीमा रहेका विभिन्न दरका नोटहरू १०७

तालिका २ : नोटको सुरक्षण १०७

तालिका ३ : बैंकर्स प्रशिक्षण केन्द्रबाट सञ्चालित तालिमहरू १०८

तालिका ४ : वैदेशिक तालिम, सेमिनार, बैठक तथा गोष्ठीहरू १०९

तालिका ५ : अन्य निकायद्वारा स्वदेशमा सञ्चालित तालिम, सेमिनार, बैठक तथा गोष्ठीहरू ११२

तालिका ६ : काठमाडौं उपत्यकाबाहिरका कार्यालयहरूबाट आर्थिक वर्ष २०८१/८२ मा भएको तोडा चलान एवम् विदेशी मुद्रा खरिद-बिक्रीको विवरण ११४

तालिका ७ : आ.व. २०८१/८२ मा बिक्री तथा वितरण गरिएका सुन तथा चाँदीका स्मारिका सिक्का, मेडालियन तथा पदकको विवरण : ११५

भाग २ अनुसूची

अनुसूची २.१ : समष्टिगत निरीक्षण गरिएका वाणिज्य बैंकहरू ११६

अनुसूची २.२ : समष्टिगत निरीक्षण गरिएका वित्तीय संस्थाहरू ११७

अनुसूची २.३ : समष्टिगत निरीक्षण गरिएका लघुवित्त वित्तीय संस्थाहरू ११८

अनुसूची २.४ : AML/CFT मा आधारित निरीक्षण ११९

अनुसूची २.५ : पाँच वर्षको जनशक्ति तथा कार्यरत जनशक्तिसम्बन्धी विवरण १२१

अनुसूची २.६ : आर्थिक वर्ष २०८१/८२ मा भएको पदपूर्तिसम्बन्धी विवरण १२२

अनुसूची २.७ : पाँच वर्षको पदपूर्तिसम्बन्धी विवरण १२२

अनुसूची २.८ : सञ्चालक समिति (२०८२ असार मसान्त) १२३

अनुसूची २.९ : विशिष्ट श्रेणी र प्रथम श्रेणी अधिकृतहरूको नामावली १२३

भाग ३
नेपाल राष्ट्र बैंकको वित्तीय अवस्थाको विवरण

सम्पत्ति तथा दायित्व १२५

आय विवरण १२६

वित्तीय अवस्थाको विवरण १२७

कार्यकारी सारांश

१. अन्तर्राष्ट्रिय मुद्राकोष (IMF) द्वारा सन् २०२५ अक्टोबरमा प्रकाशित World Economic Outlook अनुसार सन् २०२४ मा विश्वको आर्थिक वृद्धिदर ३.३ प्रतिशत रहेकोमा सन् २०२५ र २०२६ मा यस्तो वृद्धिदर क्रमशः ३.२ प्रतिशत र ३.१ प्रतिशत रहने अन्तर्राष्ट्रिय मुद्राकोषको प्रक्षेपण रहेको छ । सन् २०२५ मा विकसित अर्थतन्त्रहरूको समग्र आर्थिक वृद्धिदर १.६ प्रतिशत र उदीयमान र विकासोन्मुख अर्थतन्त्रहरूको आर्थिक वृद्धिदर ४.२ प्रतिशत हुने कोषको प्रक्षेपण छ ।

२. सन् २०२५ मा विकसित देशहरूमा उपभोक्ता मुद्रास्फीति २.५ प्रतिशत र उदीयमान तथा विकासोन्मुख देशहरूमा ५.३ प्रतिशत रहने कोषको अनुमान छ। सन् २०२४ मा विकसित देशहरूमा उपभोक्ता मुद्रास्फीति २.६ प्रतिशत र उदीयमान तथा विकासोन्मुख देशहरूमा ७.९ प्रतिशत रहेको थियो ।

३. राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ मा नेपालको यथार्थ कुल गार्हस्थ्य उत्पादन वृद्धिदर आधारभूत मूल्यमा ३.९९ प्रतिशत तथा उत्पादकको मूल्यमा ४.६१ प्रतिशतले वृद्धि भएको प्रारम्भिक अनुमान छ। समीक्षा वर्षमा कृषि क्षेत्रको उत्पादन ३.२८ प्रतिशतले वृद्धि भएको र गैर-कृषि क्षेत्रको उत्पादन ४.२८ प्रतिशतले वृद्धि भएको अनुमान छ ।

४. आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीति २०८१ साउन ११ गते सार्वजनिक गरिएको थियो । वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ५.० प्रतिशत हाराहारीमा राख्ने मौद्रिक नीतिको लक्ष्य रहेको थियो । साथै, न्यूनतम सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने विदेशी विनिमय सञ्चिति कायम गर्ने मौद्रिक नीतिको लक्ष्य रहेको थियो ।

५. आर्थिक वर्ष २०८१/८२ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ४.०६ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८०/८१ मा वार्षिक औसत मुद्रास्फीति ५.४४ प्रतिशत रहेको थियो ।

६. आर्थिक वर्ष २०८१/८२ मा कुल वस्तु निर्यात ८१.८ प्रतिशतले वृद्धि भई रु.२७७ अर्ब ३ करोड र कुल वस्तु आयात १३.३ प्रतिशतले वृद्धि भई रु.१८०४ अर्ब १२ करोड पुगेको छ। समीक्षा वर्षमा कुल वस्तु व्यापार घाटा ६.० प्रतिशतले वृद्धि भई रु.१५२७ अर्ब ९ करोड पुगेको छ। कुल वस्तु व्यापार घाटा कुल गार्हस्थ्य उत्पादनको २५.० प्रतिशत रहेको छ ।

७. आर्थिक वर्ष २०८१/८२ मा चालु खाता रु.४०९ अर्ब २० करोडले र शोधनान्तर रु.५९४ अर्ब ५४ करोडले बचतमा रहेको छ। २०८२ असार मसान्तमा कुल विदेशी विनिमय सञ्चिति रु.२६७७ अर्ब ६८ करोड बराबर कायम भएको छ। अमेरिकी डलरमा विदेशी विनिमय सञ्चिति १९ अर्ब ५० करोड रहेको छ। २०८२ असार मसान्तमा कायम रहेको विदेशी विनिमय सञ्चितिले १८.२ महिनाको वस्तु आयात र १५.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने देखिन्छ ।

८. आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारको अन्य प्राप्तिसमेत गरी रु.१,१९६ अर्ब १९ करोड राजस्व सङ्कलन भएको छ। कुल सरकारी खर्च रु.१,५२३ अर्ब ११ करोड रहेको छ ।

९. आर्थिक वर्ष २०८१/८२ मा विस्तृत मुद्राप्रदाय १२.५ प्रतिशतले र सङ्कुचित मुद्राप्रदाय २२.० प्रतिशतले बढेको छ। त्यसैगरी, कुल आन्तरिक कर्जा ६.२ प्रतिशतले तथा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दाबी ८.१ प्रतिशतले बढेको छ। बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १२.६ प्रतिशतले र निजी क्षेत्रमा प्रवाहित कर्जा ८.४ प्रतिशतले बढेको छ ।

१०. आर्थिक वर्ष २०८१/८२ मा पटक पटक गरी कुल रु.२४,६५१ अर्ब ३५ करोड तरलता प्रशोचन गरिएको छ भने ओभरनाइट तरलता सुविधामार्फत रु.२ अर्ब ७० करोड तरलता प्रवाह गरिएको छ ।

११. आर्थिक वर्ष २०८१/८२ मा बैंक तथा वित्तीय संस्थाहरूको भारित औसत अन्तरबैंक दर २.९६ प्रतिशत रहेको छ।

१२. २०८२ असारमा निक्षेपको भारित औसत ब्याजदर वाणिज्य बैंकहरूको ४.१९ प्रतिशत, विकास बैंकहरूको ४.८८ प्रतिशत र वित्त कम्पनीहरूको ६.०१ प्रतिशत रहेको छ। त्यसैगरी, कर्जाको भारित औसत ब्याजदर वाणिज्य बैंकहरूको ७.८५ प्रतिशत, विकास बैंकहरूको ८.९५ प्रतिशत र वित्त कम्पनीहरूको १०.२२ प्रतिशत रहेको छ।

१३. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूको सङ्ख्या २०८२ असार मसान्तमा १०७ रहेको छ। यसमध्ये २० वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ५२ लघुवित्त संस्था र १ पूर्वाधार विकास बैंक रहेका छन्। २०८२ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको शाखा सङ्ख्या ११,५२६ रहेको छ।

१४. २०८२ असार मसान्तमा वाणिज्य बैंकहरूको कुल सम्पत्ति/दायित्व १२ प्रतिशतले वृद्धि भई रु.८,०९५ अर्ब ३८ करोड, विकास बैंकहरूको ५.१ प्रतिशतले वृद्धि भई रु.७५३ अर्ब ५५ करोड, वित्त कम्पनीहरूको ३.४ प्रतिशतले वृद्धि भई रु.१७५ अर्ब ७२ करोड र लघुवित्त वित्तीय संस्थाहरूको ९.७ प्रतिशतले वृद्धि भई रु.६०७ अर्ब ५६ करोड कायम भएको छ।

१५. निक्षेप तथा कर्जा सुरक्षण कोषले २०८२ असार मसान्तसम्म रु.३२८ अर्ब ३८ करोड कर्जा र रु.१,५७९ अर्ब ५ करोड निक्षेप सुरक्षण गरेको छ।

१६. कर्जा सूचना केन्द्रबाट आर्थिक वर्ष २०८१/८२ मा २० वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी र ५२ लघुवित्त वित्तीय संस्थाले जम्मा ६२ लाख ६५ हजार ८२६ कर्जासम्बन्धी सूचना माग गरेका थिए। उक्त केन्द्रमा २०८२ असार मसान्तमा कालोसूचीमा सूचीकृत ऋणीको सङ्ख्या १ लाख २९ हजार ९७४ रहेको छ।

१७. २०८२ असार मसान्तमा नेप्से सूचकाङ्क २७९४.७९ विन्दु रहेको छ। बजार पुँजीकरण रु.४,६५६ अर्ब ९९ करोड पुगेको छ। बजार पुँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ७६.२५ प्रतिशत रहेको छ।

१८. २०८२ असार मसान्तमा यस बैंकको विदेशी विनिमय सञ्चिति लगानी अमेरिकी डलरमा १७ अर्ब ५० करोड रहेको छ। विदेशी विनिमय सञ्चिति लगानीलाई विभिन्न बैंकहरूमा आवधिक निक्षेप, केन्द्रीय बैंकबाट जारी हुने ट्रेजरी विल्स तथा नोट्स, चिनियाँ सरकारी बण्ड, बैंक फर इन्टरनेसनल सेटलमेन्टले जारी गरेका FIXBIS र Medium Term Investment (MTI) लगायतका उपकरणहरूमा केन्द्रित गरिएको छ।

१९. बैंक तथा वित्तीय संस्थाले विदेशबाट भित्र्याएको विदेशी मुद्राको ऋणमा निहित विनिमय जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न नेपाल राष्ट्र बैंक स्वाप कारोबार विनियमावली, २०८१ जारी गरिएको छ।

२०. आर्थिक वर्ष २०८१/८२ मा रु.११ अर्ब ३० करोड बराबरको विदेशी लगानी र रु.५४ अर्ब ८३ करोड बराबरको विदेशी ऋण लेखाङ्कन भएको छ।

२१. विदेशी विनिमय सञ्चिति व्यवस्थापनलाई थप प्रभावकारी बनाउने प्रयोजनको लागि "नेपाल राष्ट्र बैंक विदेशी विनिमय लगानी नीति, २०८१" स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।

२२. आर्थिक वर्ष २०८१/८२ मा बैंक तथा वित्तीय संस्थाहरूको नियमनअन्तर्गत पुँजी, अनिवार्य नगद मौज्दात, कर्जा प्रवाह, कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी, कर्जा पुनरसंरचना तथा पुनरतालिकीकरण, ब्याजदर, कालोसूची, जोखिम भार, सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणलगायतका सम्बन्धमा विभिन्न निर्देशन, मार्गदर्शन तथा सूचनाहरू जारी गरिएका छन्।

२३. आर्थिक वर्ष २०८१/८२ मा बैंक तथा वित्तीय संस्थाहरूबाट हुने कर्जा प्रवाह एवम् लगानीलाई वातावरणमैत्री बनाउन एवम् उक्त प्रकृतिको लगानी गर्दा सन्दर्भ सामग्रीको प्रयोग गर्न सकिने गरी "Nepal Green Finance Taxonomy, 2024", बैंक तथा वित्तीय संस्थामा खोलिएको खाता रोक्का राख्न तथा त्यसरी रोक्का रहेका खाता फुकुवा गर्ने सम्बन्धमा "बैंक खाता रोक्का तथा फुकुवासम्बन्धी विनियमावली, २०८१", बैंक तथा वित्तीय संस्थाहरूले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत गर्ने खर्च पारदर्शी, प्रभावकारी र उद्देश्यमूलक बनाउन र मुलुकको वृहत्तर हितमा त्यसको प्रयोग सुनिश्चित गर्ने अभिप्रायले "बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी मार्गदर्शन, २०८१", "बैकिङ कसुर तथा सजाय ऐन, २०६४ (दोस्रो संशोधन, २०८२ समेत)" ले निर्दिष्ट गरे अनुरूप "चेक अनादर गरेको व्यहोरा प्रमाणित गर्ने कार्यविधि, २०८१", लघुवित्त वित्तीय संस्थालाई सामाजिक बैकिङको अवधारणासमेतका आधारमा सञ्चालन गर्न "लघुवित्त वित्तीय संस्थाहरूलाई सञ्चालन मार्गदर्शन, २०८१" तथा लघुवित्त वित्तीय संस्थाहरूको जोखिम व्यवस्थापनसम्बन्धी कार्यलाई प्रभावकारी बनाउन "Risk Management Guidelines for Microfinance Institutions, 2024" जारी गरिएका छन् ।

२४. बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको कारोबारलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन नेपाल राष्ट्र बैंक ऐनले निर्दिष्ट गरेअनुरूप निर्देशन तथा मापदण्ड स्वीकृत गरिएको छ ।

२५. आर्थिक वर्ष २०८१/८२ मा रु.९८ अर्ब ७५ करोड ८२ लाख ५० हजार बराबरका विभिन्न दरका १९ करोड २५ लाख थान नयाँ नोटहरू चलनचल्तीको लागि निष्कासन गरिएका थिए । २०८२ असार मसान्तसम्ममा कुल रु.७ खर्ब ६१ अर्ब ४१ करोड बराबरका विभिन्न दरका नोटहरू चलनचल्तीमा रहेका छन् ।

२६. २०८२ असारमसान्तमा बैंकमा प्रशासनतर्फ १११९ र प्राविधिकतर्फ ७८ गरी कुल ११९७ जना कर्मचारीहरू कार्यरत रहेका छन् । कार्यरत कुल कर्मचारीमध्ये अधिकृततर्फ ६९४, सहायकतर्फ ४४३ र श्रेणीविहीन कार्यालय सहयोगीतर्फ ६० जना रहेका छन् ।

२७. आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्ममा २० वाणिज्य बैंक, १७ विकास बैंक, १५ वित्त कम्पनी र १२ लघुवित्त वित्तीय संस्थाहरूलाई भुक्तानी सेवा प्रदायकको रूपमा कार्य गर्न अनुमतिपत्र प्रदान गरिएको छ । समीक्षा अवधिमा १३ भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरूको अनुमतिपत्र नवीकरण गरिएको छ ।

२८. २०८२ असारमसान्तमा २० वाणिज्य बैंक, ११ विकास बैंक, १२ वित्त कम्पनी र नेपाल पूर्वाधार विकास बैंक गरी हाल जम्मा ४४ बैंक तथा वित्तीय संस्थाहरू RTGS प्रणालीमा आबद्ध भएका छन् ।

२९. २०८२ असार मसान्तको वित्तीय अवस्थाको विवरणअनुसार यस बैंकको सम्पत्ति तथा दायित्व २०८१ असार मसान्तको तुलनामा २९.२३ प्रतिशतले वृद्धि भई रु.२६ खर्ब ७१ अर्ब २३ करोड ९५ लाख ४० हजार पुगेको छ ।

३०. आर्थिक वर्ष २०८१/८२ को विदेशी विनिमय तथा अन्य सम्पत्ति पुनर्मूल्याङ्कन लाभ/हानि समायोजन अघिको खुद आय अघिल्लो वर्षको तुलनामा ९.११ प्रतिशतले वृद्धि भई रु.८० अर्ब ४८ करोड २६ लाख ५० हजार पुगेको छ ।

३१. सञ्चालक समितिको मिति २०८२/०७/२८ को बैठकबाट बैंकको खुद मूनाफामध्ये विभिन्न कोषहरुमा छुट्टयाउनु पर्ने आवश्यक रकम विनियोजन गरी बाँकी रकम रु.४२ अर्ब नेपाल सरकारलाई उपलब्ध गराउने निर्णय गरेको छ ।

भाग

१

समष्टिगत आर्थिक तथा वित्तीय अवस्था

विश्व आर्थिक स्थिति तथा परिदृश्य १

नेपालको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति १

- कुल गार्हस्थ्य उत्पादन १
- मुद्रास्फीति र तलब तथा ज्यालादर सूचकाङ्क ४
- बाह्य क्षेत्र ५
- सरकारी वित्त स्थिति ९
- मौद्रिक तथा वित्तीय स्थिति १४
- धितोपत्र बजार २१

तालिकाहरू २३

अनुसूची ६१

भाग

१

समष्टिगत आर्थिक तथा वित्तीय अवस्था

विश्व आर्थिक स्थिति एवम् परिदृश्य

१.१ अन्तर्राष्ट्रिय मुद्राकोष (IMF) द्वारा सन् २०२५ अक्टोबरमा प्रकाशित World Economic Outlook अनुसार सन् २०२५ र २०२६ मा विश्व अर्थतन्त्रको वृद्धिदर क्रमशः ३.२ प्रतिशत र ३.१ प्रतिशत रहने प्रक्षेपण रहेको छ। मुद्राकोषद्वारा जारी प्रतिवेदनअनुसार सन् २०२४ मा विश्वको आर्थिक वृद्धिदर ३.३ प्रतिशत रहेको थियो ।

१.२ विकसित अर्थतन्त्रहरूको समग्र आर्थिक वृद्धिदर सन् २०२४ मा १.८ प्रतिशत रहेकोमा सन् २०२५ मा १.६ प्रतिशत र सन् २०२६ मा १.६ प्रतिशत हुने अन्तर्राष्ट्रिय मुद्राकोषको प्रक्षेपण छ। उदीयमान र विकासोन्मुख अर्थतन्त्रहरूको आर्थिक वृद्धिदर सन् २०२४ मा ४.३ प्रतिशत रहेकोमा सन् २०२५ मा ४.२ प्रतिशत र सन् २०२६ मा ४.० प्रतिशत रहने प्रक्षेपण छ। उदीयमान तथा विकासोन्मुख एसियाली अर्थतन्त्रको आर्थिक वृद्धिदर सन् २०२४ मा ५.३ प्रतिशत रहेकोमा सन् २०२५ मा ५.२ प्रतिशत र सन् २०२६ मा ४.७ प्रतिशत हुने प्रक्षेपण छ। सन् २०२४ मा भारतको आर्थिक वृद्धिदर ६.५ प्रतिशत रहेकोमा सन् २०२५ मा ६.६ प्रतिशत र सन् २०२६ मा ६.२ प्रतिशत रहने प्रक्षेपण छ। त्यसैगरी, चीनको आर्थिक वृद्धिदर सन् २०२४ मा ५.० प्रतिशत रहेकोमा सन् २०२५ मा ४.८ प्रतिशत र सन् २०२६ मा ४.२ प्रतिशत हुने प्रक्षेपण छ।

१.३ सन् २०२४ मा विकसित अर्थतन्त्रमा उपभोक्ता मुद्रास्फीति २.६ प्रतिशत र उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रहरूमा ७.९ प्रतिशत कायम रहेको छ। सन् २०२५ मा विकसित अर्थतन्त्रहरूमा मुद्रास्फीति २.५ प्रतिशत र उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रहरूमा ५.३ प्रतिशत रहने मुद्राकोषको प्रक्षेपण छ। सन् २०२४ मा ३.५ प्रतिशतले विस्तार भएको वस्तु तथा सेवाको विश्व व्यापार सन् २०२५ मा ३.६ प्रतिशतले बढ्ने कोषको प्रक्षेपण छ ।

नेपालको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

कुल गार्हस्थ्य उत्पादन

१.४ आर्थिक वर्ष २०८१/८२ मा देशको यथार्थ कुल गार्हस्थ्य उत्पादन वृद्धिदर आधारभूत मूल्यमा ३.९९ प्रतिशत तथा उत्पादकको मूल्यमा ४.६१ प्रतिशतले हुने राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक अनुमान छ। अघिल्लो वर्ष यस्तो वृद्धिदर आधारभूत मूल्यमा ३.३६ प्रतिशत र उत्पादकको मूल्यमा ३.६७ प्रतिशत रहेको थियो ।

चार्ट १.१ : कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (आधारभूत मूल्यमा)



१.५ समीक्षा वर्षमा कृषि क्षेत्रको उत्पादन ३.२८ प्रतिशतले र गैर-कृषि क्षेत्रको उत्पादन ४.२८ प्रतिशतले वृद्धि भएको अनुमान छ। अघिल्लो वर्ष कृषि क्षेत्रको उत्पादन ३.३५ प्रतिशत तथा गैर-कृषि क्षेत्रको उत्पादन ३.३६ प्रतिशतले वृद्धि भएको थियो। आर्थिक

वर्ष २०८१/८२ मा गैर-कृषि क्षेत्रअन्तर्गत उद्योग क्षेत्रको उत्पादन ४.५३ प्रतिशत र सेवा क्षेत्रको उत्पादन ४.२१ प्रतिशतले वृद्धि हुने अनुमान छ। अघिल्लो वर्ष उद्योग क्षेत्रको वृद्धिदर ०.११ प्रतिशत र सेवा क्षेत्रको वृद्धिदर ४.३५ प्रतिशत रहेको थियो।

कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना

१.६ समीक्षा वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग तथा सेवा क्षेत्रको अंश क्रमशः २५.१६ प्रतिशत, १२.८३ प्रतिशत र ६२.०१ प्रतिशत रहेको छ। अघिल्लो वर्ष कुल गार्हस्थ्य उत्पादनमा यी क्षेत्रहरूको अंश क्रमशः २४.७१ प्रतिशत, १२.९१ प्रतिशत र ६२.३८ प्रतिशत रहेको थियो। प्रदेशगत आर्थिक वृद्धि तुलना गर्दा आर्थिक वर्ष २०८१/८२ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै हिस्सा बागमती प्रदेशको ३६.५२ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशको ४.१९ प्रतिशत रहेको अनुमान छ।

चार्ट १.२ : क्षेत्रगत आर्थिक वृद्धिदर



१.७ बृहत् औद्योगिक वर्गीकरणको आधारमा समीक्षा वर्षमा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्र, द्वितीय क्षेत्र तथा तृतीय क्षेत्रको अंश क्रमशः २५.६२ प्रतिशत, १२.३७ प्रतिशत र ६२.०१ प्रतिशत रहेको छ। अघिल्लो वर्ष कुल गार्हस्थ्य उत्पादनमा यी क्षेत्रहरूको अंश क्रमशः २५.१९ प्रतिशत, १२.४३ प्रतिशत र ६२.३८ प्रतिशत रहेको थियो।

तालिका १.१ : कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको अंश (प्रचलित मूल्यमा)

(प्रतिशतमा)

क्षेत्र	कुल गार्हस्थ्य उत्पादनमा अंश				
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१सं.	२०८१/८२प्रा.
प्राथमिक क्षेत्र*	२६.४	२५.०	२४.५	२५.२	२५.६
द्वितीय क्षेत्र**	१३.३	१३.७	१३.०	१२.४	१२.४
तृतीय क्षेत्र***	६०.४	६१.३	६२.५	६२.४	६२.०

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय

* कृषि, वन, तथा मत्स्यपालन र खानी तथा उत्खनन, ** उत्पादनमूलक उद्योग, विद्युत्, ग्याँस तथा पानी र निर्माण

*** सेवा क्षेत्र, प्रा.: प्रारम्भिक अनुमान, सं.: संशोधित अनुमान

कृषि

१.८ आर्थिक वर्ष २०८१/८२ मा कृषि उत्पादन क्षेत्र ३.२८ प्रतिशतले वृद्धि भएको अनुमान छ। अघिल्लो वर्ष यस क्षेत्रको वृद्धिदर ३.३५ प्रतिशत रहेको थियो।

उद्योग

१.९ समीक्षा वर्षमा उद्योग क्षेत्रको वृद्धिदर ४.५३ प्रतिशतले भएको अनुमान छ। अघिल्लो वर्ष यस्तो वृद्धिदर ०.११ प्रतिशत रहेको थियो।

१.१० समीक्षा वर्षमा उद्योग क्षेत्रअन्तर्गत विद्युत्, ग्याँस क्षेत्र; उत्पादनमूलक उद्योग क्षेत्र; निर्माण क्षेत्र; पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन क्षेत्र; खानी तथा उत्खनन् क्षेत्रको उत्पादन क्रमशः १३.८२ प्रतिशत, ३.७८ प्रतिशत, २.२१ प्रतिशत, २.०९ प्रतिशत र १.९९ प्रतिशतले वृद्धि भएको अनुमान छ। अघिल्लो वर्ष विद्युत्, ग्याँस क्षेत्र; खानी तथा उत्खनन क्षेत्र र पानी आपूर्ति, ढल निकास, फोहोर व्यवस्थापन क्षेत्रको उत्पादन क्रमशः १०.९६ प्रतिशतले, ३.२३ प्रतिशतले र १.२७ प्रतिशतले वृद्धि भएको थियो भने उत्पादनमूलक उद्योग क्षेत्र र निर्माण क्षेत्रको उत्पादन क्रमशः २.०२ प्रतिशतले र २.२० प्रतिशतले घटेको थियो ।

सेवा

१.११ समीक्षा वर्षमा सेवा क्षेत्र ४.२१ प्रतिशतले वृद्धि भएको अनुमान छ। अघिल्लो वर्ष यस क्षेत्रको वृद्धिदर ४.३५ प्रतिशत रहेको थियो ।

१.१२ आर्थिक वर्ष २०८१/८२ मा सेवा क्षेत्रअन्तर्गत यातायात तथा भण्डारण क्षेत्र ९.४५ प्रतिशतले, वित्तीय तथा बीमासम्बन्धी क्षेत्र ६.२९ प्रतिशतले, आवास तथा भोजन सेवा क्षेत्र ५.० प्रतिशतले, सूचना तथा सञ्चार क्षेत्र ४.८१ प्रतिशतले र मानव स्वास्थ्य तथा सामाजिक कार्यसम्बन्धी क्षेत्र ४.७७ प्रतिशतले वृद्धि हुने अनुमान छ। यसैगरी पेसागत वैज्ञानिक र प्राविधिक क्रियाकलाप क्षेत्र ३.९८ प्रतिशतले, प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप क्षेत्र ३.९७ प्रतिशतले, अन्य सेवासम्बन्धी क्रियाकलाप क्षेत्र ३.९२ प्रतिशतले, थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा क्षेत्र ३.३० प्रतिशतले वृद्धि हुने अनुमान छ। त्यस्तै, घरजग्गा कारोवारको सेवा क्षेत्र २.७२ प्रतिशतले, सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षा क्षेत्र २.२४ प्रतिशतले र शिक्षा क्षेत्र १.९८ प्रतिशतले वृद्धि हुने अनुमान छ।

बचत तथा कुल राष्ट्रिय खर्चयोग्य आय

१.१३ आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश ९३.७८ प्रतिशत रहेकोमा समीक्षा वर्षमा ९३.४५ प्रतिशत रहेको अनुमान छ।

१.१४ आर्थिक वर्ष २०८१/८२ मा कुल राष्ट्रिय खर्चयोग्य आय (Gross National Disposable Income at Current Prices) ७.४१ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो आय ८.४५ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कुल राष्ट्रिय खर्चयोग्य आयको अनुपात १२९.६९ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अनुपात १२९.१६ प्रतिशत रहेको थियो ।

तालिका १.२ : कुल खर्चयोग्य आय (प्रचलित मूल्यमा)

विवरण	रु.अर्बमा			प्रतिशत परिवर्तन	
	२०७९/८०	२०८०/८१*	२०८१/८२**	२०८०/८१	२०८१/८२
कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा)@	५३६७.०	५७०९.१	६१०७.२	६.४	७.०
खुद प्राथमिक आय#	६२.९	९३.७	८६.६	४९.१	-७.६
खुद चालु हस्तान्तरण#	१३६९.६	१५७१.२	१७२६.४	१४.७	९.९
कुल राष्ट्रिय खर्चयोग्य आय @	६७९९.५	७३७४.०	७९२०.२	८.५	७.४

स्रोत : @ राष्ट्रिय तथ्याङ्क कार्यालय, # नेपाल राष्ट्र बैंक
* संशोधित अनुमान, ** प्रारम्भिक अनुमान

मुद्रास्फीति र तलब तथा ज्याला सूचकाङ्क

उपभोक्ता मुद्रास्फीति

१.१५ आर्थिक वर्ष २०८१/८२ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ४.०६ प्रतिशतमा सीमित रह्यो। अघिल्लो वर्ष यस्तो मुद्रास्फीति ५.४४ प्रतिशत रहेको थियो। समीक्षा वर्षको पहिलो पाँच महिनासम्म तरकारी, दाल, गेडागुडी, चामललगायत खाद्य वस्तुको मूल्य वृद्धिका कारण उपभोक्ता मुद्रास्फीतिमा दबाब परे पनि त्यसपश्चात् ती वस्तुहरूको मूल्य क्रमशः घट्दै गएपछि मुद्रास्फीतिमा चाप पनि कम हुँदै गएको थियो। समीक्षा अवधिमा भारतसहित विश्वका अधिकांश अर्थतन्त्रहरूमा मुद्रास्फीति उल्लेखनीय रूपमा सुधार आएको, अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा कमी अनुरूप नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य समायोजन गर्दै लगेको, तलब तथा ज्याला र थोक मूल्य सूचकाङ्कको वृद्धिदरमा कमी आएको तथा आन्तरिक माग कमजोर रहेका कारणले उपभोक्ता मूल्यमा तुलनात्मक रूपमा कम दबाब पर्न गई उपभोक्ता मुद्रास्फीति मौद्रिक नीतिले लिएको लक्ष्यभित्र रहन गएको हो।

चार्ट १.३ : वार्षिक औसत उपभोक्ता मुद्रास्फीति (प्रतिशतमा)



१.१६ समीक्षा वर्षमा खाद्य तथा पेय पदार्थ समूह र गैर-खाद्य तथा सेवा समूहको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति क्रमशः ४.६९ प्रतिशत र ३.७१ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष यी समूहहरूको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति क्रमशः ६.४७ प्रतिशत र ४.६४ प्रतिशत रहेको थियो।

१.१७ समीक्षा वर्षमा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत तरकारी र घ्यु तथा तेल र गैर-खाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवाहरू उपसमूहको मुद्रास्फीति अघिल्लो वर्षको तुलनामा उल्लेख्य रूपमा बढको छ। यद्यपि मरमसला, माछा तथा मासु उपसमूहको मुद्रास्फीति अघिल्लो वर्षको तुलनामा घटेको छ। गैर-खाद्य तथा सेवा समूहअन्तर्गत वार्षिक औसत मुद्रास्फीति सबै उपसमूहमा धनात्मक रहेको थियो।

१.१८ समीक्षा वर्षमा काठमाडौं उपत्यकाको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ३.७७ प्रतिशत, तराईको ४.१४ प्रतिशत, पहाडको ३.८६ प्रतिशत र हिमालको ४.८९ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति काठमाडौं उपत्यकामा ५.९९ प्रतिशत, तराईमा ४.८२ प्रतिशत, पहाडमा ५.७८ प्रतिशत र हिमालमा ६.८६ प्रतिशत रहेको थियो।

१.१९ समीक्षा वर्षमा ग्रामीण क्षेत्रको वार्षिक औसत उपभोक्ता मूल्य सूचकाङ्क ४.४० प्रतिशत र सहरी क्षेत्रको ३.९४ प्रतिशतले बढेको छ।

१.२० समीक्षा वर्षमा कोशी प्रदेशको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ५.४६ प्रतिशत, मधेश प्रदेशको ४.१४ प्रतिशत, बागमती प्रदेशको ३.५७ प्रतिशत, गण्डकी प्रदेशको ३.३२ प्रतिशत, लुम्बिनी प्रदेशको ३.७० प्रतिशत, कर्णाली प्रदेशको ३.३१ प्रतिशत र सुदूरपश्चिम प्रदेशको ५.०२ प्रतिशत रहेको थियो।

नेपाल र भारतको उपभोक्ता मुद्रास्फीति

१.२१ समीक्षा वर्षमा नेपालको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ४.०६ प्रतिशत र भारतको ३.९१ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष नेपाल र भारतमा यस्तो मुद्रास्फीति क्रमशः ५.४४ प्रतिशत र ५.११ प्रतिशत रहेको थियो।

थोक मुद्रास्फीति

१.२२ समीक्षा वर्षमा वार्षिक औसत थोक मुद्रास्फीति ३.८४ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो मुद्रास्फीति ३.९२ प्रतिशत रहेको थियो। समीक्षा वर्षमा थोक मूल्यअन्तर्गत प्राथमिक वस्तुहरूको वार्षिक औसत मुद्रास्फीति ७.२९ प्रतिशत, इन्धन तथा ऊर्जाको -३.९२ प्रतिशत र उत्पादित वस्तुहरूको ३.०३ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यी समूहहरूको वार्षिक औसत मुद्रास्फीति क्रमशः ७.१८ प्रतिशत, -४.४५ प्रतिशत र ३.५० प्रतिशत रहेको थियो।

१.२३ बृहत् आर्थिक वर्गीकरणको आधारमा हेर्दा समीक्षा वर्षमा उपभोग्य वस्तु, मध्यवर्ती वस्तु तथा पुँजीगत वस्तुको वार्षिक औसत थोक मुद्रास्फीति क्रमशः ६.८६ प्रतिशत, २.२७ प्रतिशत र २.८९ प्रतिशत रहेको छ।

राष्ट्रिय तलब तथा ज्याला सूचकाङ्क

१.२४ समीक्षा वर्षमा राष्ट्रिय तलब तथा ज्याला सूचकाङ्क २.८५ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्ष उक्त सूचकाङ्क ५.०३ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा वार्षिक औसत तलब तथा ज्याला सूचकाङ्कको वृद्धिदर कोशी प्रदेशमा १.२३ प्रतिशत, मधेश प्रदेशमा ३.३७ प्रतिशत, बागमती प्रदेशमा २.१४ प्रतिशत, गण्डकी प्रदेशमा ३.४१ प्रतिशत, लुम्बिनी प्रदेशमा २.७४ प्रतिशत, कर्णाली प्रदेशमा ३.५८ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ७.३८ प्रतिशत रहेको छ।

बाह्य क्षेत्र

वैदेशिक व्यापार

१.२५ आर्थिक वर्ष २०८१/८२ मा कुल वस्तु निर्यात ८१.८ प्रतिशतले वृद्धि भई रु.२७७ अर्ब ३ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो निर्यात ३.० प्रतिशतले घटेको थियो। कुल गार्हस्थ्य उत्पादनमा कुल वस्तु निर्यातको अनुपात अघिल्लो वर्ष २.७ प्रतिशत रहेकोमा समीक्षा वर्षमा ४.५ प्रतिशत रहेको छ।

१.२६ कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्ष ३.३ प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०८१/८२ मा ११७.८ प्रतिशतले वृद्धि भई रु.२२४ अर्ब ६८ करोड पुगेको छ। वस्तुगत आधारमा समीक्षा वर्षमा भारततर्फ मुख्यतया सोयाविन तेल, पोलिस्टरको धागो, जुटका सामान, चिया लगायतका वस्तुहरूको निर्यातमा वृद्धि भएको छ।

१.२७ चीनतर्फको निर्यात अघिल्लो वर्ष ४६.६ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०८१/८२ मा १.६ प्रतिशतले बढेर रु.२ अर्ब ६३ करोड कायम भएको छ। समीक्षा वर्षमा चीनतर्फ मुख्यतया ऊनी गलैचा, हस्तकलाका समानहरू, तयारी पोसाकलगायतका वस्तुहरूको निर्यात बढेको छ।

१.२८ अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्ष ४.३ प्रतिशतले कमी आएकोमा आर्थिक वर्ष २०८१/८२ मा ६.७ प्रतिशतले वृद्धि भई रु.४९ अर्ब ७१ करोड कायम भएको छ। समीक्षा वर्षमा अन्य मुलुकतर्फ मुख्यतया पश्मिना, सङ्गीत वाद्ययन्त्रहरू वा तिनका पार्ट्स तथा एक्सेसरिज, चाउचाउ, नेपाली कागज, चियालगायतका वस्तुहरूको निर्यात बढेको छ।

१.२९ आर्थिक वर्ष २०८१/८२ मा कुल वस्तु आयात १३.३ प्रतिशतले वृद्धि भई रु.१८०४ अर्ब १२ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आयात १.२ प्रतिशतले घटेको थियो। कुल गार्हस्थ्य उत्पादनमा कुल वस्तु आयातको अनुपात अघिल्लो वर्ष २७.९ प्रतिशत रहेकोमा समीक्षा वर्षमा २९.५ प्रतिशत रहेको छ।

१.३० आर्थिक वर्ष २०८१/८२ मा भारतबाट भएको वस्तु आयात ७.५ प्रतिशतले वृद्धि भई रु.१०७१ अर्ब २० करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आयात ३.० प्रतिशतले घटेको थियो। समीक्षा वर्षमा भारतबाट सवारी साधन तथा स्पेयर पार्टस्, स्पोन्ज आइरन, अन्य मेसिनरी तथा पार्टस्, धान तथा चामल, औषधीलगायतका वस्तुको आयात बढेको छ।

१.३१ चीनबाट भएको वस्तु आयात अघिल्लो वर्ष ३४.२ प्रतिशतले बढेकामा आर्थिक वर्ष २०८१/८२ मा १४.२ प्रतिशतले वृद्धि भईरु.३४१ अर्ब १० करोड पुगेको छ। समीक्षा वर्षमा चीनबाट टेलिकम उपकरण तथा पार्टस्, तयारी कपडा, लत्ताकपडा, विद्युतीय उपकरण, कम्प्यूटर तथा पार्टस्लगायतका वस्तुहरूको आयात बढेको छ।

१.३२ अन्य मुलुकबाट भएको वस्तु आयात अघिल्लो वर्ष १७.६ प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०८१/८२ मा ३१.७ प्रतिशतले वृद्धि भई रु.३९१ अर्ब ८२ करोड पुगेको छ। समीक्षा वर्षमा अन्य मुलुकबाट कच्चा सोयाबिन तेल, खाने तेल, तेलहन, अन्य मेसिनरी तथा पार्ट्स, यातायात उपकरण तथा पार्टपुर्जालगायतका वस्तुहरूको आयात बढेको छ।

१.३३ आर्थिक वर्ष २०८१/८२ मा कुल वस्तु व्यापार घाटा ६.० प्रतिशतले वृद्धि भई रु.१५२७ अर्ब ९ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो व्यापार घाटा १.० प्रतिशतले घटेको थियो। अघिल्लो वर्ष कुल गार्हस्थ्य उत्पादनमा कुल व्यापार घाटाको अनुपात २५.२ प्रतिशत रहेकोमा समीक्षा वर्षमा २५.० प्रतिशत रहेको छ। समीक्षा वर्षमा कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको व्यापार घाटा ५.३ प्रतिशतले कमी आई रु.८४६ अर्ब ५१ करोड, चीनसँगको व्यापार घाटा १४.३ प्रतिशतले वृद्धि भई रु.३३८ अर्ब ४७ करोड र अन्य मुलुकसँगको व्यापार घाटा ३६.३ प्रतिशतले वृद्धि भई रु.३४२ अर्ब १० करोड पुगेको छ।

१.३४ कुल वस्तु व्यापार अघिल्लो वर्ष १.३ प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०८१/८२ मा १९.२ प्रतिशतले वृद्धि भई रु.२०८१ अर्ब १५ करोड पुगेको छ। अघिल्लो वर्ष कुल गार्हस्थ्य उत्पादनमा कुल व्यापारको अनुपात ३०.६ प्रतिशत रहेकोमा समीक्षा वर्षमा ३४.१ प्रतिशत रहेको छ। कुल व्यापारमा भारतसँगको व्यापार अघिल्लो वर्ष ३.१ प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०८१/८२ मा १७.८ प्रतिशले वृद्धि भई रु.१२९५ अर्ब ८८ करोड पुगेको छ। चीनसँगको कुल व्यापार अघिल्लो वर्ष ३४.२ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा १४.१ प्रतिशतले वृद्धि भई रु.३४३ अर्ब ७३ करोड पुगेको छ। त्यसैगरी, अन्य मुलुकसँगको कुल व्यापार अघिल्लो वर्ष १६.० प्रतिशतले घटेकोमा समीक्षा वर्षमा २८.३ प्रतिशतले वृद्धि भई रु.४४१ अर्ब ५४ करोड पुगेको छ।

१.३५ आर्थिक वर्ष २०८१/८२ मा निर्यात-आयात अनुपात १५.४ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अनुपात ९.६ प्रतिशत रहेको थियो। समीक्षा वर्षमा कुल निर्यात, कुल आयात, कुल वस्तु व्यापार घाटा र कुल व्यापारमा भारतसँगको अंश क्रमशः ८१.१ प्रतिशत, ५९.४ प्रतिशत, ५५.४ प्रतिशत र ६२.३ प्रतिशत रहेको छ। अघिल्लो वर्ष भारतसँगको यी अंशहरू क्रमशः ६७.७ प्रतिशत, ६२.६ प्रतिशत, ६२.० प्रतिशत र ६३.० प्रतिशत रहेका थिए।

सेवा खाता

१.३६ आर्थिक वर्ष २०८१/८२ मा सेवा खाता रु.९० अर्ब ९४ करोडले ऋणात्मक रहेको छ। अघिल्लो वर्ष यस्तो खाता रु.५५ अर्ब ८६ करोडले ऋणात्मक रहेको थियो।

१.३७ आर्थिक वर्ष २०८१/८२ मा सेवा क्षेत्रतर्फको आय ५.६ प्रतिशतले कमी आई रु.२३८ अर्ब ६६ करोड कायम भएको छ। अघिल्लो वर्ष सेवा आय ३१.४ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा सेवा खाताअन्तर्गत भ्रमण आय ७.७ प्रतिशतले वृद्धि भई रु.८८ अर्ब ६६ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आय ३२.१ प्रतिशतले बढेको थियो।

१.३८ आर्थिक वर्ष २०८१/८२ मा कुल सेवा भुक्तानी ६.८ प्रतिशतले वृद्धि भई रु.३२९ अर्ब ६० करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो भुक्तानी १३.४ प्रतिशतले वृद्धि भएको थियो। सेवा भुक्तानीतर्फ भ्रमण खर्च १८.१ प्रतिशतले वृद्धि भई रु.२२३ अर्ब ७२ करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो खर्च ३१.१ प्रतिशतले वृद्धि भएको थियो।

ट्रान्सफर

१.३९ आर्थिक वर्ष २०८१/८२ मा खुद ट्रान्सफर आय १९.३ प्रतिशतले वृद्धि भई रु.१८७४ अर्ब ३० करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आय १४.७२ प्रतिशतले बढेको थियो।

१.४० समीक्षा वर्षमा ट्रान्सफर आय १९.५ प्रतिशतले वृद्धि भई रु.१८८६ अर्ब १६ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आय १४.६ प्रतिशतले बढेको थियो। त्यसैगरी, समीक्षा वर्षमा ट्रान्सफर भुक्तानी ७७.१ प्रतिशतले वृद्धि भई रु.११ अर्ब ८६ करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो भुक्तानी १४.० प्रतिशतले घटेको थियो।

१.४१ समीक्षा वर्षमा विप्रेषण आप्रवाह १९.२ प्रतिशतले वृद्धि भई रु.१७२३ अर्ब २७ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह १६.५ प्रतिशतले बढेको थियो। अघिल्लो वर्ष विप्रेषण आप्रवाहको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २५.३ प्रतिशत रहेकोमा समीक्षा वर्षमा २८.२ प्रतिशत रहेको छ।

१.४२ समीक्षा वर्षमा पेन्सन आयमा ६.१ प्रतिशतले कमी आई रु.६४ अर्ब ३७ करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो आय ८.९ प्रतिशतले घटेको थियो।

चालु खाता तथा शोधनान्तर

१.४३ आर्थिक वर्ष २०८१/८२ मा चालु खाता रु.४०९ अर्ब २० करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष चालु खाता रु.२२१ अर्ब ७१ करोडले बचतमा रहेको थियो। समीक्षा वर्षमा चालु खाता बचतको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ६.७ प्रतिशत रहेको छ। अघिल्लो वर्ष चालु खाता बचतको यस्तो अनुपात ३.९ प्रतिशत रहेको थियो।

१.४४ समीक्षा वर्षमा पुँजी खातातर्फको ट्रान्सफर ६९.२ प्रतिशतले कमी आई रु.९ अर्ब ८५ करोड कायम भएको छ। वित्तीय खाताअन्तर्गत खुद प्रत्यक्ष वैदेशिक लगानी अघिल्लो वर्ष रु.८ अर्ब ४० करोड रहेकोमा समीक्षा वर्षमा १३.० प्रतिशतले कमी आई रु.७ अर्ब ३१ करोड प्राप्त भएको छ।

१.४५ समीक्षा वर्षमा शोधनान्तर स्थिति रु.५९४ अर्ब ५४ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष शोधनान्तर स्थिति रु.५०२ अर्ब ४९ करोडले बचतमा रहेको थियो।

१.४६ समीक्षा वर्षमा सरकारी क्षेत्रको वैदेशिक ऋण प्राप्ति ०.९ प्रतिशतले वृद्धि भई रु.१२५ अर्व ४० करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो ऋण प्राप्ति २१.७ प्रतिशतले बढेको थियो। त्यसैगरी, सरकारी सावाँ भुक्तानी अघिल्लो वर्ष १३.२ प्रतिशतले वृद्धि भएकोमा समीक्षा वर्षमा २० प्रतिशतले वृद्धि भई रु.४७ अर्ब १ करोड कायम भएको छ।

विदेशी विनिमय सञ्चिति

१.४७ २०८२ असार मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०८१ असार मसान्तको तुलनामा ३१.२ प्रतिशतले वृद्धि भई रु.२६७७ अर्ब ६८ करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो सञ्चिति ३२.६ प्रतिशतले वृद्धि भई रु.२०४१ अर्ब १० करोड कायम भएको थियो। अमेरिकी डलरमा कुल विदेशी विनिमय सञ्चिति २७.७ प्रतिशतले वृद्धि भई रु.१९ अर्ब ५० करोड डलर कायम भएको छ। अघिल्लो वर्ष यस्तो सञ्चिति ३०.४ प्रतिशतले बढेको थियो।

१.४८ नेपाल राष्ट्र बैंकमा रहेको विदेशी विनिमय सञ्चिति २०८१ असार मसान्तको रु.१८४८ अर्ब ५५ करोडको तुलनामा २०८२ असारमसान्तमा ३०.६ प्रतिशतले वृद्धि भई रु.२४१४ अर्ब ६४ करोड कायम भएको छ।

कुल विदेशी विनिमय सञ्चितिमा नेपाल राष्ट्र बैंकसँग रहेको सञ्चितिको अंश ९०.२ प्रतिशत र कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २३.१ प्रतिशत रहेको छ ।

सञ्चिति पर्याप्तता सूचक

१.४९ आर्थिक वर्ष २०८१/८२ को कुल आयातलाई आधार मान्दा २०८२ असार मसान्तमा कायम रहेको विदेशी विनिमय सञ्चितिले १८.२ महिनाको वस्तु आयात र १५.४ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने देखिन्छ ।

तालिका १.३ : सञ्चिति पर्याप्तता परिसूचकहरू

विवरण	२०७९/८०	२०८०/८१	२०८१/८२
१) विदेशी विनिमय सञ्चितिले आयात खाम्ने स्थिति (महिनामा)			
क) वस्तु	११.७	१५.६	१८.२
ख) वस्तु तथा सेवा	१०.०	१३.०	१५.४
२) कुल विदेशी विनिमय सञ्चिति/ कुल गार्हस्थ उत्पादन (प्रतिशतमा)	२८.७	३५.८	४३.८
३) कुल विदेशी विनिमय सञ्चिति/ आयात* (प्रतिशतमा)	८३.०	१०८.६	१२८.१
४) कुल विदेशी विनिमय सञ्चिति/ विस्तृत मुद्रा प्रदाय (प्रतिशतमा)	२४.९	२९.३	३४.१
५) कुल विदेशी विनिमय सञ्चिति/ सञ्चित मुद्रा (प्रतिशतमा)	१६६.३	२०४.६	२३१.२

* वस्तु तथा सेवा आयात

१.५० समीक्षा वर्षमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात, विस्तृत मुद्राप्रदाय र सञ्चित मुद्रासँगको अनुपातहरू क्रमशः ४३.८ प्रतिशत, १२८.१ प्रतिशत, ३४.१ प्रतिशत र २३१.२ प्रतिशत रहेका छन् । अघिल्लो वर्ष यस्ता अनुपातहरू क्रमशः ३५.८ प्रतिशत, १०८.६ प्रतिशत, २९.३ प्रतिशत र २०४.६ प्रतिशत रहेका थिए (तालिका १.३) ।

वैदेशिक सम्पत्ति तथा दायित्व स्थिति

१.५१ २०८२ असारमसान्तमा मुलुकको वैदेशिक सम्पत्ति रु.२९२९ अर्ब ६९ करोड तथा दायित्व रु.२१४६ अर्ब ४३ करोड रहेको छ । फलस्वरूप, २०८२ असारमसान्तमा खुद वैदेशिक सम्पत्ति र दायित्वको स्थिति (IIP) रु.७८३ अर्ब २६ करोडले धनात्मक रहेको छ । २०८१ असारमसान्तमा खुद वैदेशिक सम्पत्ति र दायित्वको स्थिति रु.३०५ अर्ब ८४ करोडले धनात्मक रहेको थियो ।

विनिमय दर प्रवृत्ति

१.५२ आर्थिक वर्ष २०८१/८२ मा पनि नेपाली रुपैयाँको भारतीय रुपैयाँसँगको विनिमय दर स्थिर राखिएको छ । २०८१ असारमसान्तको तुलनामा २०८२ असारमसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग २.६६ प्रतिशत, पाउण्ड स्टर्लिङसँग ५.९२ प्रतिशत, युरोसँग ९.०४ प्रतिशत र जापानी येनसँग ८.७५ प्रतिशतले अवमूल्यन भएको छ (तालिका १.४) ।

तालिका १.४ : विनिमय दर प्रवृत्ति

विदेशी मुद्रा	खरिद दर (नेपाली रुपैयाँमा)			अधिमूल्यन(+)/ अवमूल्यन(-) (प्रतिशतमा)	
	असार मसान्त				
	२०८०	२०८१	२०८२	२०८१	२०८२
१ अमेरिकी डलर	१३१.१७	१३३.३६	१३७.००	-१.६४	-२.६६
१ पाउण्ड स्टर्लिङ	१७१.९५	१७३.२९	१८४.१९	-०.७७	-५.९२
१ युरो	१४७.१९	१४५.४६	१५९.९१	+१.१९	-९.०४
१० जापानी येन	९.४५	८.४५	९.२६	+११.८३	-८.७५

निर्यात आयात मूल्य सूचकाङ्क

१.५३ वार्षिक विन्दुगत आधारमा २०८२ असार महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) २.३ प्रतिशतले कमी आएको छ भने आयात मूल्य सूचकाङ्क ०.५ प्रतिशतले बढेको छ । २०८१ असार महिनामा वार्षिक विन्दुगत आधारमा १.७ प्रतिशतले बढेको व्यापारको सर्त (Terms of Trade) २०८२ असार महिनामा २.८ प्रतिशतले घटेको छ ।

सरकारी वित्त स्थिति

सरकारी राजस्व

१.५४ नेपाल सरकार, अर्थ मन्त्रालय (महालेखा नियन्त्रक कार्यालय) का अनुसार आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारको राजस्व परिचालनमा (प्रदेश सरकार तथा स्थानीय तहमा बाँडफाँट हुने रकम र अन्य प्राप्ति समेत) १०.५ प्रतिशतले वृद्धि भई रु.११९६ अर्ब १९ करोड कायम भएको छ। अघिल्लो वर्ष सरकारको राजस्व परिचालन ७.१ प्रतिशतले वृद्धि भई रु.१०८२ अर्ब ७२ करोड पुगेको थियो। समीक्षा वर्षमा राजस्व/कुल गार्हस्थ्य उत्पादन अनुपात १९.६ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो अनुपात १९.० प्रतिशत रहेको थियो।

चार्ट १.४ : आर्थिक वर्ष २०८१/८२ को राजस्व परिचालनको संरचना



१.५५ समीक्षा वर्षमा मूल्य अभिवृद्धि कर राजस्वमा १०.१ प्रतिशतले वृद्धि भई रु.३४१ अर्ब ९३ करोड कायम भएको छ। अघिल्लो वर्ष सो राजस्व ८.३ प्रतिशतले वृद्धि भई रु.३१० अर्ब ४५ करोड पुगेको थियो।

१.५६ समीक्षा वर्षमा आयकर राजस्वमा ५.१ प्रतिशतले वृद्धि भई रु.२९७ अर्ब ८१ करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो राजस्व १२.६ प्रतिशतले वृद्धि भई रु.२८३ अर्ब ४६ करोड पुगेको थियो।

१.५७ समीक्षा वर्षमा भन्सार महसुलबाट प्राप्त हुने राजस्वमा १४.९ प्रतिशतले वृद्धि भई रु.२३० अर्ब ९१ करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो राजस्व १०.४ प्रतिशतले वृद्धि भई रु.२०१ अर्ब २ करोड पुगेको थियो।

१.५८ समीक्षा वर्षमा अन्तःशुल्कबाट प्राप्त राजस्वमा १९.७ प्रतिशतले वृद्धि भई रु.१७५ अर्ब १६ करोड कायम भएको छ। अघिल्लो वर्ष अन्तःशुल्क राजस्व २.३ प्रतिशतले वृद्धि भई रु.१४६ अर्ब ३५ करोड पुगेको थियो।

१.५९ समीक्षा वर्षमा कुल राजस्व परिचालन (अन्य प्राप्तिसमेत) मा मूल्य अभिवृद्धि करको अंश २८.६ प्रतिशत, आयकरको २४.९ प्रतिशत, भन्सार महसुलको १९.३ प्रतिशत र अन्तःशुल्कको १४.६ प्रतिशत रहेको छ (चार्ट १.४)। अघिल्लो वर्ष यी अनुपातहरू क्रमशः २८.७ प्रतिशत, २६.२ प्रतिशत, १८.६ प्रतिशत र १३.५ प्रतिशत रहेका थिए।

१.६० समीक्षा वर्षमा गैर-कर राजस्व परिचालन १२.८ प्रतिशतले वृद्धि भई रु.१२८ अर्ब ९४ करोड पुगेको छ। अघिल्लो वर्ष गैर-कर राजस्व २४.७ प्रतिशतले वृद्धि भई रु.११४ अर्ब ३४ करोड कायम भएको थियो।

१.६१ समीक्षा वर्षमा कुल राजस्वमा कर राजस्वको अंश ८७.८ प्रतिशत, गैर-कर राजस्वको अंश १०.८ प्रतिशत र अन्य प्राप्तिको अशं १.५ रहेको छ। त्यसैगरी, कर राजस्वमा प्रत्यक्ष कर राजस्वको अंश २८.८ प्रतिशत र अप्रत्यक्ष कर राजस्वको अंश ७१.२ प्रतिशत रहेको छ। अघिल्लो वर्ष कुल राजस्वमा कर राजस्वको अंश ८७.२ प्रतिशत, गैर-कर राजस्वको अंश १०.६ प्रतिशत, र अन्य प्राप्तिको अंश २.२ प्रतिशत रहेको थियो भने कर राजस्वमा प्रत्यक्ष कर राजस्वको अंश ३०.४ प्रतिशत र अप्रत्यक्ष कर राजस्वको अंश ६९.६ प्रतिशत रहेको थियो।

सरकारी खर्च

१.६२ नेपाल सरकार, अर्थ मन्त्रालय (महालेखा नियन्त्रक कार्यालय) का अनुसार आर्थिक वर्ष २०८१/८२ मा कुल सरकारी खर्च ९.३ प्रतिशतले वृद्धि भई रु.१५२३ अर्ब ११ करोड पुगेको छ। अघिल्लो वर्षमा कुल सरकारी खर्च रु.१३९३ अर्ब ४० करोड रहेको थियो।

तालिका १.५ : सरकारी खर्च तथा राजस्व (वार्षिक विवरण)

विवरण	रकम (रु.अर्बमा)			प्रतिशत परिवर्तन	
	२०७९/८०	२०८०/८१[य]	२०८१/८२[अ]	२०८०/८१	२०८१/८२
कुल खर्च	**१४२१.३३**	**१३९३.४०**	**१५२३.११**	**-२.०**	**९.३**
चालु खर्च	९९१.५१	९२९.१३	९८०.३८	-६.३	५.५
पुँजीगत खर्च	२३४.६२	१९२.०३	२२२.६८	-१८.२	१६.०
वित्तीय व्यवस्था	१९५.२०	२७२.२५	३२०.०४	३९.५	१७.६
राजस्व परिचालन	**९५७.३५**	**१०५८.८७**	**११७८.८२**	**१०.६**	**११.३**
कर राजस्व	८६५.६३	९४४.५५	१०४९.८८	९.१	११.२
गैर-कर राजस्व	९१.७२	११४.३१	१२८.९४	२४.६	१२.८
अन्य प्राप्ति	५३.३०	२३.८५	१७.३७	-५५.२	-२७.२
कुल प्राप्ति	१०१०.६५	१०८२.७२	११९६.१९	७.१	१०.५

स्रोत : अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालय
अ-अनुमानित, य-यथार्थ

१.६३ आर्थिक वर्ष २०८१/८२ मा चालु खर्च ५.५ प्रतिशतले वृद्धि भई रु.९८० अर्ब ३८ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षमा चालु खर्च रु.९२९ अर्ब १३ करोड रहेको थियो।

१.६४ समीक्षा वर्षमा पुँजीगत खर्च १६.० प्रतिशतल वृद्धि भई रु.२२२ अर्ब ६८ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो पुँजीगत खर्च रु.१९२ अर्ब ३ करोड रहेको थियो।

चार्ट १.५ : सरकारी खर्चको संरचना (२०८१-८२)



१.६५ आर्थिक वर्ष २०८१/८२ मा वित्तीय व्यवस्थाअन्तर्गतको खर्च १७.६ प्रतिशतले वृद्धि भई रु.३२० अर्ब ४ करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो खर्च रु.२७२ अर्ब २५ करोड रहेको थियो।

१.६६ सरकारी खर्चमा पुँजीगत खर्चको अंश १४.६ प्रतिशत, चालु खर्चको अंश ६४.४ प्रतिशत र वित्तीय व्यवस्था खर्चको अंश २१.० प्रतिशत रहेको छ। (चार्ट १.५)।

१.६७ आर्थिक वर्ष २०८१/८२ मा बैंकिङ कारोबारमा आधारित कुल सरकारी खर्च १०.० प्रतिशतले वृद्धि भई रु.१४८० अर्ब ७० करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो खर्च रु.१३४६ अर्ब २१ करोड रहेको थियो।

१.६८ आर्थिक वर्ष २०८१/८२ मा भएको चालु, पुँजीगत र वित्तीय व्यवस्थाअन्तर्गतका खर्चहरूको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः १६.१ प्रतिशत, ३.६ प्रतिशत र ५.२ प्रतिशत रहेको छ (तालिका १.६)। अघिल्लो वर्ष यी अनुपातहरू क्रमशः १६.३ प्रतिशत, ३.४ प्रतिशत र ४.८ प्रतिशत रहेका थिए।

तालिका १.६ : सरकारी वित्तका परिसूचकहरू

(कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात)

विवरण	२०७९/८०	२०८०/८१	२०८१/८२
कुल खर्च	२६.५	२४.४	२४.९
चालू खर्च	१८.५	१६.३	१६.१
पुँजीगत खर्च	४.४	३.४	३.६
वित्तीय व्यवस्था	३.६	४.८	५.२
राजस्व	१८.८	१९.०	१९.६
कर राजस्व	१७.८	१८.५	१९.३

बजेट घाटा पूर्तिका स्रोतहरू

१.६९ आर्थिक वर्ष २०८१/८२ मा रु.३२९ अर्ब ९९ करोड कुल आन्तरिक ऋण र रु.८६ अर्ब ८ करोड खुद आन्तरिक ऋण परिचालन भएको छ। कुल आन्तरिक ऋण र खुद आन्तरिक ऋणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः ५.४ प्रतिशत र १.४ प्रतिशत रहेको छ। अघिल्लो वर्ष रु.२३४ अर्ब ४२ करोड बराबरको कुल आन्तरिक ऋण र रु.५१ अर्ब ८० करोडको खुद आन्तरिक ऋण परिचालन भएको थियो। समीक्षा वर्षमा रु.२४३ अर्ब ९१ करोड आन्तरिक ऋण भुक्तानी भएको छ।

नगद मौज्दात

१.७० आर्थिक वर्ष २०८१/८२ को अन्त्यमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रु.१३० अर्ब ७३ करोड (प्रदेश सरकार तथा स्थानीय तहको खातामा रहेको रकमसमेत) नगद मौज्दात रहेको छ। अघिल्लो आर्थिक वर्षको अन्त्यमा यस्तो मौज्दात रु.९३ अर्ब ९६ करोड रहेको थियो।

सरकारी ऋण

१.७१ २०८२ असार मसान्तमा नेपाल सरकारको कुल तिर्न बाँकी बाह्य ऋण रु.१४०१ अर्ब ४२ करोड र आन्तरिक ऋण रु.१२६८ अर्ब २२ करोड गरी कुल तिर्न बाँकी सरकारी ऋण रु.२६६९ अर्ब ६५ करोड रहेको छ। अघिल्लो वर्षको असारमसान्तमा कुल तिर्न बाँकी सरकारी ऋण रु.२४३८ अर्ब ४९ करोड रहेको थियो। सरकारी कुल तिर्न बाँकी ऋणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ४३.७ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अनुपात ४२.७ प्रतिशत रहेको थियो। सरकारी ऋणसम्बन्धी अन्य परिसूचकहरू तालिका १.७ मा दिइएको छ।

तालिका १.७ : सरकारी ऋणको स्थिति

क्र.स.	सरकारी ऋण परिसूचकहरू	२०७९/८०	२०८०/८१	२०८१/८२
१.	कुल ऋण/कुल गार्हस्थ्य उत्पादन	४२.८	४२.७	४३.७
२.	बाह्य ऋण/कुल गार्हस्थ्य उत्पादन	२१.८	२२.०	२२.९
३.	आन्तरिक ऋण/कुल गार्हस्थ्य उत्पादन	२१.०	२०.७	२०.८
४.	बाह्य ऋण/निर्यात	७४४.७	८२५.५	५०५.९
५.	बाह्य ऋण भुक्तानी/निर्यात	२२.०	२६.५	१७.१
७.	आन्तरिक ऋण भुक्तानी/राजस्व	११.४	१६.९	२०.४
६.	कुल ऋण भुक्तानी/राजस्व	१४.८	२०.६	२४.३
८.	बाह्य ऋण भुक्तानी/राजस्व	३.४	३.७	४.०

स्रोतः महालेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैंक।

प्रदेश वित्त स्थिति

१.७२ आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारको बैंकिङ कारोबारमा आधारित कुल खर्च रु.१९८ अर्ब ५७ करोड रहेको छ। समीक्षा अवधिमा प्रदेश सरकारको स्रोत प्राप्ति रु.२०३ अर्ब ४२ करोड रहेको छ। यसमध्ये संघीय सरकारले प्रदेश सरकारलाई अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्वसमेत गरी रु.१५२ अर्ब ९३ करोड हस्तान्तरण गरेको छ। यसैगरी, यस अवधिमा प्रदेश सरकारहरूले राजस्व र अन्य स्रोतबाट रु.५० अर्ब ४९ करोड परिचालन गरेका छन्।

राजस्वसम्बन्धी नीतिगत व्यवस्था

१.७३ नेपाल सरकारले आर्थिक वर्ष २०८१/८२ को बजेटमा देहायबमोजिमको राजस्व नीति अवलम्बन गरेको छ ।

- राजस्व प्रणालीमा सुधार गरी मुलुकभित्र आर्थिक क्रियाकलाप विस्तार, लगानी प्रवर्द्धन र स्वदेशी उत्पादन एवम् उद्यमलाई प्राथमिकता र प्रश्रय दिनु,
- राजस्वको दायरा विस्तार र कराधार संरक्षण गर्दै दिगो, पारदर्शी एवम् समन्यायिक राजस्व प्रणाली विकास गर्नु,
- करदाता शिक्षा र सचेतनामूलक कार्यक्रमको माध्यमबाट करको दायरा विस्तार एवम् कर परिपालना अभिवृद्धि गर्नु,
- अन्तर निकाय समन्वय सुदृढ गर्दै राजस्व चुहावट नियन्त्रण गर्नु,
- राजस्व प्रशाासनको दक्षता र व्यावसायिकता अभिवृद्धि गर्नु ।

करका दरहरू

१.७४ विदेशबाट नेपाल पैठारी हुने मालवस्तुमा (आयात महसुलतर्फ) आर्थिक वर्ष २०८१/८२ मा १, ५, १०, १५, २०, ३०, ४०, ६०, ७० र ८० प्रतिशत गरी दस दरहरू कायम छन् । आर्थिक वर्ष २०८०/८१ मा नौ दरहरू रहेका थिए । त्यस्तै, नेपालबाट विदेशमा निकासी हुने महसुलमा १० र २०० प्रतिशत गरी दुईवटा दरहरू कायम गरिएको छ । अन्तःशुल्कतर्फ आर्थिक वर्ष २०८१/८२ मा ५, ७, १०, १५, २०, २५, ३०, ३५, ४०, ५०, ५५, ६०, ७५, १०० र १०५ प्रतिशत गरी १५ वटा दरहरू रहेको छ । आर्थिक वर्ष २०८१/८२ मा प्राकृतिक व्यक्तिको आय कर नलाग्ने सीमामा परिमार्जन गरिएको छैन ।

तालिका १.८ : करका दरहरू

	२०८०/८१	२०८१/८२
१. पैठारी महसुल (प्रतिशतमा)	५, १०, १५, २० ३०, ४०, ६०, ७०, ८०	१, ५, १०, १५, २०, ३०, ४०, ६०, ७०, ८०
२. निकासी महसुल (प्रतिशतमा) काठजन्य पदार्थमा २०० प्रतिशत निकासी शुल्क लाग्ने	२००, १०	२००, १०
३. अन्तःशुल्क (प्रतिशतमा)	५, ७, १०, १५, २०, २५, ३५, ३०, ४०, ४५, ५०, ५५, ६०, ६५, ७५, ८०, ८५, ९०, ९५, १००, १०५	५, ७, १०, १५,२०, २५, ३०, ३५,४०, ५०, ५५, ६०, ८०, १००, १०५
४. मूल्य अभिवृद्धि कर (प्रतिशतमा)	१३	१३
५. आयकर		
प्राकृतिक व्यक्तिको हकमा		
(क) १ प्रतिशत आयकर लाग्ने हद		
(१) व्यक्तिको लागि	रु. ५,००,०००।	रु. ५,००,०००।
(२) दम्पती वा परिवारको लागि	रु. ६,००,०००।	रु. ६,००,०००।
(ख) १ प्रतिशत आयकर लाग्ने हदभन्दा माथि		
(१) पहिलो रु.१ लाखमा (२०७९/८० मा थप २ लाखसम्म)	१० प्रतिशत	१० प्रतिशत
(२) थप रु.२ लाखमा (२०७९/८० मा थप ३ लाख सम्म)	२० प्रतिशत	२० प्रतिशत
(३) त्यसपछि रु.२० लाखसम्म	३० प्रतिशत	३० प्रतिशत
(५) रु.२० लाखभन्दा बढी आयमा	३६ प्रतिशत	३६ प्रतिशत
संस्थागत कर		
(क) कर्पोरेट खुद आयमा समदरले		
(१) बैंक, वित्तीय कम्पनीलगायत वित्तीय संस्थाहरू,	३० प्रतिशत	३० प्रतिशत
(२) चुरोट, विडी, सिँगार, खाने सुर्ती, खैनी, मदिरा र बियर कारोवार गर्ने	३० प्रतिशत	३० प्रतिशत
३) दूरसञ्चार तथा इन्टरनेट सेवा प्रदायक र रेमिट्यान्स सेवा प्रदायक, धितोपत्र व्यवसाय, मर्चेन्ट बैकिग व्यवसाय, कमोडिटी दलाल व्यवासाय,	३० प्रतिशत	३० प्रतिशत
(४) अन्य	२५ प्रतिशत	२५ प्रतिशत
(ख) साझेदारी फर्म	२५ प्रतिशत	२५ प्रतिशत
ग. सहकारी कर क्रमशः न.पा, उपमनपा, मनपा	७.५, १० र १५ प्रतिशत	७.५, १० र १५ प्रतिशत

	२०८०/८१	२०८१/८२
६. पुँजीगत लाभ कर		
(क) नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको निःसर्गबाट प्राप्त पुँजीगत लाभको हकमा		
(१) तीन सय पैंसट्ठी दिनभन्दा बढी अवधिको स्वामित्वमा	५ प्रतिशत	५ प्रतिशत
(२) तीन सय पैंसट्ठी दिन वा सोभन्दा कम अवधिको स्वामित्वमा	७.५ प्रतिशत	७.५ प्रतिशत
(ख) प्राकृतिक व्यक्तिको जग्गा वा निजी भवन निःसर्गबाट प्राप्त पुँजीगत लाभको हकमा		
(१) सम्पत्तिको स्वामित्व पाँच वर्ष वा सोभन्दा बढी भएकोमा	५ प्रतिशत	५ प्रतिशत
(२) सम्पत्तिको स्वामित्व पाँच वर्षभन्दा कम भएकोमा	७.५ प्रतिशत	७.५ प्रतिशत
(३) अन्य कुनै व्यक्तिको जग्गा वा स्वामित्वको हकमा	१ प्रतिशत	१ प्रतिशत
घर जग्गा वहाल कर	१० प्रतिशत	१० प्रतिशत
मिटिङ भत्ता	१५ प्रतिशत	१५ प्रतिशत
कमिसन	१५ प्रतिशत	१५ प्रतिशत
चिट्ठा, उपहार पुरस्कार	२५ प्रतिशत	२५ प्रतिशत
ब्याज कर	५ प्रतिशत	६ प्रतिशत
सञ्चयकोष तथा पेन्सन	५ प्रतिशत	५ प्रतिशत
सरकारी ऋणपत्र	५ प्रतिशत	५ प्रतिशत
लाभांश कर	५ प्रतिशत	५ प्रतिशत
सुनको हकमा		
पहिलो ५० ग्रामसम्म प्रति १० ग्राम	रु.९,५००।	रु.९,५००।
५०-१०० ग्रामको हकमा प्रति १० ग्राम	रु.१०,५०० महसुलको अतिरिक्त थप तीन प्रतिशत जफत गरिने ।	रु.१०,५०० महसुलको अतिरिक्त थप तीन प्रतिशत जफत गरिने ।
१०० ग्रामभन्दा माथिको हकमा प्रति १० ग्राम		
अन्य		
पुर्वाधार विकास शुल्क	पेट्रोल र डिजेल रु.१० प्रतिलिटर	पेट्रोल र डिजेल रु.१० प्रतिलिटर
सडक मर्मत तथा सुधार दस्तुर	पेट्रोल रु.४ र डिजेल रु.२ प्रति लिटर रु १.५	पेट्रोल रु.४ र डिजेल रु.२ प्रति लिटर रु १.५
प्रदूषण नियन्त्रण शुल्क (पेट्रोल र डिजेलमा)		
टेलिफोन स्वामित्व शुल्क		
जडान शुल्कमा लाग्ने दस्तुर	रु. ५००	रु. ५००
सिमकार्ड र रिचार्ज कार्डको प्रयोगमा	२ प्रतिशत	२ प्रतिशत
डिजिटल सेवा कर	२ प्रतिशत	२ प्रतिशत

८	सालपा विकास बैंक लि.	दिक्तेल, खोटाङ	२०६९-०४-०१	३५.००	१ जिल्ला (खोटाङ)
९	ग्रीन डेभलपमेन्ट बैंक लि.	पोखरा, कास्की	२०७०-०५-०९	५६.९७	१-५ जिल्ला (म्याग्दी, बाग्लुङ र कास्की, तनहुँ, नवलपरासी पूर्व)
१०	सांग्रिला डेभलपमेन्ट बैंक लि.	बालुवाटार, काठमाडौं	२०७१-०३-२९*	३५५.६३	राष्ट्रियस्तर
११	साइन रेसुङ्गा डेभलपमेन्ट बैंक लि	बुटवल, रूपन्देही	२०७६-०६-२७*	४८७.५७	राष्ट्रियस्तर
१२	ज्योति विकास बैंक लि.	कमलादी, काठमाडौं	२०७५-१२-१५*	४३९.५८	राष्ट्रियस्तर
१३	गरिमा विकास बैंक लि.	लाजिम्पाट, काठमाडौं	२०७८-०७-२८*	५६८.०५	राष्ट्रियस्तर
१४	महालक्ष्मी विकास बैंक लि.	दरबारमार्ग, काठमाडौं	२०७४-०३-१८*	४२९.६५	राष्ट्रियस्तर
१५	लुम्बिनी विकास बैंक लि.	डिल्लीबजार, काठमाडौं	२०७४-०३-२५*	३६२.३७	राष्ट्रियस्तर
१६	कामना सेवा विकास बैंक लि	ज्ञानेश्वर, काठमाडौं	२०७४-०४-२०*	३५१.०८	राष्ट्रियस्तर
१७	सप्तकोशी डेभलपमेन्ट बैंक लि.	धनकुटा बजार, धनकुटा	२०७६-०३-२२*	८३.४३	१-७ जिल्ला (मोरङ, इलाम, पाँचथर, झापा, सुनसरी, धनकुटा, तेह्रथुम)

* मर्जर /प्राप्तिपश्चात् प्रदान गरिएको इजाजतपत्रानुसारको सञ्चालन मिति।

(३) वित्त कम्पनीहरू

क्र.सं	नाम	केन्द्रीय कार्यालय	सञ्चालन मिति	चुक्ता पुँजी (रु.करोडमा)	कार्य क्षेत्र
१	नेपाल फाइनान्स लि.	कमलादी, काठमाडौँ	२०७८-०३-२७*	७५.९४	राष्ट्रियस्तर
२	नेपाल सेयर मार्केट्स एण्ड फाइनान्स लि.	रामशाहपथ, काठमाडौँ	२०५०-०७-०३	२३.३३	राष्ट्रियस्तर
३	गुडविल फाइनान्स लि.	हात्तीसार, काठमाडौं	२०५२-०२-०१	९४.६१	राष्ट्रियस्तर
४	प्रोग्रेसिभ फाइनान्स लि.	तिनकुने, काठमाडौ	२०५२-११-१४	८४.८१	राष्ट्रियस्तर
५	जानकी फाइनान्स कम्पनी लि.	जनकपुरधाम, धनुषा	२०५३-११-२४	६९.०५	प्रदेशस्तर (मधेश प्रदेश)
६	पोखरा फाइनान्स लि.	पोखरा, कास्की	२०५३-१२-०३	१०८.२६	राष्ट्रियस्तर
७	मल्टीपर्पस फाइनान्स लि.	राजविराज, सप्तरी	२०५५-०१-०२	६१.०२	प्रदेशस्तर (मधेश प्रदेश)
८	समृद्धि फाइनान्स कम्पनी लि.	हेटौंडा, मकवानपुर	२०५८-०४-२६	८१.८९	राष्ट्रियस्तर
९	क्यापिटल मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स लि.	बत्तिसपुतली, काठमाडौं	२०५८-१०-१९	९३.५१	राष्ट्रियस्तर
१०	गुहेश्वरी मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स लि.	पुल्चोक, ललितपुर	२०५९-०२-३०	१०१.२२	राष्ट्रियस्तर
११	आइ.सि.एफ.सी. फाइनान्स लि.	टंगाल, काठमाडौँ	२०६१-०३-३१	११८.३५	राष्ट्रियस्तर
१२	मञ्जुश्री फाइनान्स लि.	नयाँबानेश्वर, काठमाडौं	२०६४-०६-३०	१३५.१६	राष्ट्रियस्तर
१३	रिलायन्स फाइनान्स लि.	प्रदर्शनीमार्ग, काठमाडौं	२०७१-०१-२५*	११२.१५	राष्ट्रियस्तर
१४	गोर्खाज फाइनान्स लि.	डिल्लीबजार, काठमाडौँ	२०७२-१२-२८*	८६.८०	राष्ट्रियस्तर
१५	श्री इन्भेष्टमेण्ट एण्ड फाइनान्स कम्पनी लि.	डिल्लीबजार, काठमाडौँ	२०७३-१०-१९*	१००.००	राष्ट्रियस्तर
१६	सेन्ट्रल फाइनान्स लि.	कुपण्डोल, ललितपुर	२०७३-१२-१०*	९४.८९	राष्ट्रियस्तर
१७	बेष्ट फाइनान्स लि.	चाबहिल, काठमाडौ	२०७५-०४-१७*	८९.०४	राष्ट्रियस्तर

* मर्जर /प्राप्तिपश्चात् प्रदान गरिएको इजाजतपत्रानुसारको सञ्चालन मिति।

(४) लघुवित्त वित्तीय संस्थाहरू

क्र.सं	नाम	केन्द्रीय कार्यालय	संचालन मिति	चुक्तापुँजी (रु.करोडमा)	कार्य क्षेत्र
सर्वसाधारणबाट निक्षेप सङ्कलन गर्ने लघुवित्त वित्तीय संस्थाहरू :-					
१	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि.	नक्साल, काठमाण्डौ	२०५६-०४-०१	२६१.२१	राष्ट्रियस्तर
२	छिमेक लघुवित्त वित्तीय संस्था लि.	पुरानो बानेश्वर, काठमाण्डौ	२०५८-०८-१२	३२१.५३	राष्ट्रियस्तर
थोक कर्जाको मात्र कारोवार गर्ने लघुवित्त वित्तीय संस्थाहरू :-					
३	साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.	बबरमहल, काठमाण्डौ	२०५८-११-०२	४३१.२६	राष्ट्रियस्तर
४	फर्स्ट माइक्रो फाइनान्स लघुवित्त वित्तीय संस्था लि.	ज्ञानेश्वर, काठमाण्डौ	२०६६-०९-१३	१३४.४८	राष्ट्रियस्तर
५	आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.	बुटवल, रूपन्देही	२०७०-०५-२६	१०३.४०	राष्ट्रियस्तर
खुद्रा कर्जाको कारोवार गर्ने लघुवित्त वित्तीय संस्थाहरू :-					
६	डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि.	भरतपुर, चितवन	२०५८-०३-१९	१८६.८२	राष्ट्रियस्तर
७	स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.	कमलपोखरी, काठमाण्डौ	२०५८-१०-०१	१६५.६	राष्ट्रियस्तर
८	नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लि.	बिराटनगर, मोरङ्ग	२०६४-०३-०१	१३९.७८	राष्ट्रियस्तर
९	मिथिला लघुवित्त वित्तीय संस्था लि.	ढल्केवर, धनुषा	२०६६-०१-१६	२२.३९	प्रदेशस्तर (मधेश प्रदेश)
१०	स्वरोजगार लघुवित्त वित्तीय संस्था लि.	वनेपा, काभ्रे	२०६६-०९-०१	७८.३९	राष्ट्रियस्तर
११	कालिका लघुवित्त वित्तीय संस्था लि.	पोखरा, कास्की	२०७६-०९-२३*	४०.७६	राष्ट्रियस्तर
१२	जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि	बुटवल, रूपन्देही	२०६७-०७-२३	१७.०१	१९ जिल्ला (कैलाली, कन्चनपुर, बाँके, बर्दिया, दाङ, कपिलबस्तु, रूपन्देही, नवलपरासी पुर्व, नवलपरासी पश्चिम, चितवन, पर्सा, सुर्खेत, डडेलधुरा, गुमी, पाल्पा, तनहुँ, अर्घाखाँची, प्युठान र सल्यान
१३	सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लि.	बनेपा, काभ्रेपलाञ्चोक	२०७८-१२-२९*	११०.६	राष्ट्रियस्तर
१४	लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.	महाराजगञ्ज, काठमाडौ	२०६९-०२-२२	४४.१७	राष्ट्रियस्तर
१५	हिमालयन लघुवित्त वित्तीय संस्था लि.	चुच्चेपाटी, काठमाडौ	२०६९-०३-२१	३१.९८	राष्ट्रियस्तर
१६	विजय लघुवित्त वित्तीय संस्था लि.	गैंडाकोट, नवलपरासी	२०६९-१२-१५	७४.५०	राष्ट्रियस्तर
१७	एनएमबि लघुवित्त वित्तीय संस्था लि.	पोखरा-हेम्जा, कास्की	२०६९-१२-१८	७२.१४	राष्ट्रियस्तर
१८	फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.	दुहवी-भलुवा, सुनसरी	२०७०-०२-०३	११९.५९	राष्ट्रियस्तर
१९	ग्लोबल आइ.एम.ई. लघुबित्त वित्तीय संस्था लि.	पोखरा, कास्की	२०७०-०२-०५	६१.८९	राष्ट्रियस्तर
२०	महुली लघुवित्त वित्तीय संस्था लि.	बगधुवा, सप्तरी	२०७७-०८-०८*	३६.९९	राष्ट्रियस्तर
२१	मेरो माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.	बट्टार, नुवाकोट	२०७०-०४-०३	१४१.९	राष्ट्रियस्तर
२२	समता घरेलु लघुवित्त वित्तीय संस्था लि.	बनेपा, काभ्रेपलाञ्चोक	२०७८-०१-०२*	६२.९०	राष्ट्रियस्तर
२३	सामुदायिक लघुवित्त वित्तीय संस्था लि.	वनेपा, काभ्रेपलाञ्चोक	२०७१-०३-०१	१७.८०	४-१० जिल्ला (सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा, रामेछाप, सोलुखुम्वु, ओखलढुङ्गा, नुवाकोट, खोटाङ, भोजपुर र सङ्खुवासभा)
२४	नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.	निलकण्ठ, धादिङ	२०७८-०३-३०*	१३३.१६	राष्ट्रियस्तर
२५	ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.	बुटवल, रूपन्देही	२०७१-०४-३०*	९८.२५	राष्ट्रियस्तर

क्र.सं	नाम	केन्द्रीय कार्यालय	संचालन मिति	चुक्तापुँजी (रु.करोडमा)	कार्य क्षेत्र
२६	वीन नेपाल लघुवित्त वित्तीय संस्था लि.	वनेपा, काभ्रेपलाञ्चोक	२०७८-०७-१५*	८.४३	प्रदेशस्तर (बागमती प्रदेश)
२७	उन्नती सहकार्य लघुवित्त वित्तीय संस्था लि.	सिद्धार्थनगर, रूपन्देही	२०७७-०३-२६*	२४.६९	राष्ट्रियस्तर
२८	नाडेप लघुवित्त वित्तीय संस्था लि.	गजुरी, धादिङ	२०७२-०२-०१	४८.५८	राष्ट्रियस्तर
२९	सपोर्ट लघुवित्त वित्तीय संस्था लि.	हाँसपोसा, इटहरी	२०७२-०३-२७	१२.२४	प्रदेशस्तर (कोशी प्रदेश)
३०	आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि.	बनेपा, काभ्रेपलाञ्चोक	२०७८-०७-३०*	३६.७१	राष्ट्रियस्तर
३१	आशा लघुवित्त वित्तीय संस्था लि.	मदनपुर, नुवाकोट	२०७३-०५-१३	७३.३०	राष्ट्रियस्तर
३२	गुराँस लघुवित्त वित्तीय संस्था लि.	धनकुटाबजार, धनकुटा	२०७३-०८-०१	११.५८	प्रदेशस्तर (कोशी प्रदेश)
३३	गणपति लघुवित्त वित्तीय संस्था लि.	दुलेगौडा (शुक्लगण्डकी), तनहुं	२०७३-०८-२४	१५.१६	राष्ट्रियस्तर
३४	इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि	गैंडाकोट, नवलपरासी	२०७८-०५-०४*	४९.७४	राष्ट्रियस्तर
३५	स्वाभिमान लघुवित्त वित्तीय संस्था लि	तिलोत्तमा, रूपन्देही	२०७४-०२-०८	१५.३४	प्रदेशस्तर (लुम्बिनी प्रदेश)
३६	सम्पदा लघुवित्त वित्तीय संस्था लि.	बन्दीपुर, तनहूँ	२०८१-०३-३०*	७०.०९	राष्ट्रियस्तर
३७	एनआइसी एसिया लघुवित्त वित्तीय संस्था लि.	वनेपा, काभ्रेपलाञ्चोक	२०७७-१२-०८*	१७३.९४	राष्ट्रियस्तर
३८	समाज लघुवित्त वित्तीय संस्था लि.	मलंगवा, सर्लाही	२०७५-०१-०२	२.२९	१-३ जिल्ला (धनुषा, सर्लाही र महोत्तरी)
३९	महिला लघुवित्त वित्तीय संस्था लि.	बनेपा, काभ्रेपलाञ्चोक	२०७५-०७-०१	२१.७६	राष्ट्रियस्तर
४०	मानुषी लघुवित्त वित्तीय संस्था लि.	बनेपा, काभ्रेपलाञ्चोक	२०७५-०८-०१	१०.९४	राष्ट्रियस्तर
४१	युनिक नेपाल लघुवित्त वित्तीय संस्था लि	कोहलपुर, बाँके	२०७८-०९-३०*	१४.८६	४-१० जिल्ला (बाँके, वर्दिया, कैलाली, कञ्चनपुर, दाङ, कपिलवस्तु, रूपन्देही, नवलपरासी, सुर्खेत र डडेलधुरा)
४२	उपकार लघुवित्त वित्तीय संस्था लि	कोहलपुर, बाँके	२०७५-१२-११	१०.६१	प्रदेशस्तर (लुम्बिनीप्रदेश)
४३	धौलागिरी लघुवित्त वित्तीय संस्था लि	बाग्लुङ्ग-२, बाग्लुङ्ग	२०७५-११-०७	१३.३१	राष्ट्रियस्तर
४४	सिवाइसि नेपाल लघुवित्त वित्तीय संस्था लि	पोखरा ,कास्की	२०७९-११-३०*	२६.६४	राष्ट्रियस्तर
४५	नेष्डो समृद्व लघुवित्त वित्तीय संस्था लि	कुस्मा, पर्वत	२०७५-११-२१	२९.१३	राष्ट्रियस्तर
४६	स्वस्तिक लघुवित्त वित्तीय संस्था लि	लाहान, सिराहा	२०७५-१२-१२	३.४६	प्रदेशस्तर (मधेश प्रदेश)
४७	श्रृजनशील लघुवित्त वित्तीय संस्था लि	गोलबजार, सिराहा	२०७५-१२-०१	१०.९४	राष्ट्रियस्तर
४८	मातृभूमी लघुवित्त वित्तीय संस्था लि	धनगढी, कैलाली (करपोरेट मण्डिखाटार)	२०७७-०३-२९*	६२.८४	राष्ट्रियस्तर
४९	जीवन विकास लघुवित्त वित्तीय संस्था लि	कटहरी, मोरङ	२०७७-०५-२२*	१५३.६१	राष्ट्रियस्तर
५०	आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लि	घोराही, दाङ	२०७६-०१-०२	७.८३	प्रदेशस्तर (लुम्बिनीप्रदेश)
५१	सुपर लघुवित्त वित्तीय संस्था लि	तुलसीपुर, दाङ	२०७६-१०-०१	१.९५	प्रदेशस्तर (लुम्बिनीप्रदेश)
५२	अभियान लघुवित्त वित्तीय संस्था लि	पनौती, काभ्रेपलाञ्चोक	२०७६-०९-०१	२५.००	राष्ट्रियस्तर

* मर्जर/प्राप्तिपश्चात् प्रदान गरिएको इजाजतपत्रानुसारको सञ्चालन मिति।

(५) पूर्वाधार विकास बैंक

क्र.सं	नाम	केन्द्रीय कार्यालय	सञ्चालन मिति	चुक्ता पुँजी (रु.करोडमा)	कार्य क्षेत्र
१	नेपाल पूर्वाधार बैंक लि.	नयाँबानेश्वर, काठमाडौं	२०७५-११-२२	२१६०.००	राष्ट्रियस्तर

(६) अन्य संस्था

(६.१) सहकारी संस्था

क्र.सं	संस्थाको नाम	कार्यालय	सम्पर्क कार्यालय	स्वीकृति प्रदान भएको मिति
१	राष्ट्रिय सहकारी बैंक लि.	पुल्चोक, ललितपुर	बानेश्वर, काठमाडौं	२०६७-०४-०४

(६.२) हायर पर्चेज

क्र.सं	संस्थाको नाम	कार्यालय	सम्पर्क कार्यालय	स्वीकृति प्रदान भएको मिति
१	ओम्नी हायर पर्चेज प्रा.लि.	आदर्शनगर, बीरगंज	आदर्शनगर, बीरगंज	२०७१-०१-२४
२	हुलास फिनसर्भ हायर पर्चेज लि.	टेकु, काठमाडौं	टेकु, काठमाडौं	२०७१-०४-१८
३	सिप्रदी हायर पर्चेज प्रा.लि.	गैरिधारा, काठमाडौं	थापाथली, काठमाडौं	२०७१-०७-२०
४	एम.ए.डब्लु. हायर पर्चेज प्रा.लि.	विराटनगर, मोरङ	टेकु, काठमाडौं	२०७१-०९-३०
५	बतास हायर पर्चेज प्रा.लि.	पोखरा , कास्की	गैरीधारा, काठमाडौं	२०७१-१०-२१
६	स्याकार हायर पर्चेज प्रा.लि.	कान्तिपथ, काठमाडौं	कान्तिपथ, काठमाडौं	२०७३-०३-१०
७	जगद्रम्बा हायर पर्चेज लि.	नक्साल, काठमाडौं	नक्साल, काठमाडौं	२०७३-०९-१७
८	भेन्चर हायर पर्चेज प्रा.लि.	पानीपोखरी, काठमाडौं	पानीपोखरी, काठमाडौं	२०७६-०८-०३
९	मनोकामना हायर पर्चेज प्रा.लि.	पानीपोखरी, काठमाडौं	कान्तिपथ, काठमाडौं	२०७६-०९-२७
१०	अग्नी हायर पर्चेज प्रा.लि.	पानीपोखरी, काठमाडौं	पानीपोखरी, काठमाडौं	२०७७-०७-१३

(६.३) प्रतिनिधि कार्यालय

क्र.सं	संस्थाको नाम	कार्यालय	सम्पर्क कार्यालय	स्वीकृति प्रदान भएको मिति
१	श्री मशरेक बैंक पि एस सी	दुबई, युएई	नयाँ बानेश्वर, काठमाडौं	२०६७-०६-२६
२	दोहा बैंक	दोहा, कतार	थापाथली, काठमाडौं	२०७४-०१-११
३	आईसी आईसी आई बैंक लि.	मुम्बई, भारत	थापाथली, काठमाडौं	२०७६-१०-२१

(६.४) जलविद्युत् लगानी तथा विकास कम्पनी

क्र.सं	संस्थाको नाम	कार्यालय	सम्पर्क कार्यालय	स्वीकृति प्रदान भएको मिति
१	जलविद्युत् लगानी तथा विकास कम्पनी लि.	बबरमहल, काठमाडौं	बबरमहल, काठमाडौं	२०६९-०३-२६

भाग

२

नेपाल राष्ट्र बैंकको कामकारबाही

आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीति	७१
मौद्रिक व्यवस्थापन	७३
नियमन, वित्तीय क्षेत्र सुधार तथा वित्तीय पहुँच बिस्तार	७४
बैंक तथा वित्तीय संस्था सुपरिवेक्षण	८१
गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण	८६
सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण	८६
विदेशी विनिमय व्यवस्थापन	८६
भुक्तानी प्रणाली	९१
सूचना प्रविधि	९३
मुद्रा व्यवस्थापन	९४
मानव संसाधन व्यवस्थापन	९६
विविध	९७
प्रदेशस्थित कार्यालयका प्रमुख गतिविधिहरू	१०६
तालिकाहरू	१०७
अनुसूचीहरू	११६

भाग

२

नेपाल राष्ट्र बैंकको कामकारबाही

आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीति

२.१ नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले निर्दिष्ट गरेबमोजिम आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकासका निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्ने मूल उद्देश्यका साथ २०८१ साउन ११ गते आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीति सार्वजनिक गरिएको थियो। आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा २०८१ मङ्सिर १४ गते, अर्धवार्षिक समीक्षा २०८१ फागुन १३ गते र तेस्रो त्रैमासिक समीक्षा २०८२ जेठ ११ गते सार्वजनिक गरिएको थियो ।

उद्देश्य तथा लक्ष्यहरू

२.२ कोभिड-१९ को महामारी पश्चात् शिथिल बनेको अर्थतन्त्र बिस्तारै लयमा फर्कन थालेको सङ्केतहरूबीच आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीति तर्जुमा गरिएको थियो । मौद्रिक नीति जारी गर्दाका बखत मुद्रास्फीति वाञ्छित सीमाभित्र आएको र बाह्य क्षेत्रमा सुधार आई विदेशी विनिमय सञ्चितिमा उल्लेख्य वृद्धि भएको अवस्था थियो । बैंकिङ तरलता उल्लेख्य बढेको र ब्याजदर घट्दै गएको अवस्थामा पनि आन्तरिक माग सोहीअनुरूप बढ्न नसक्दा कर्जा विस्तारमा अपेक्षित सुधार आउन सकेको थिएन । साथै, रुस-युक्रेन युद्ध र मध्यपूर्वमा तनाव कायमै रहेको अवस्थामा आपूर्तिजन्य व्यवधानले इन्धन तथा खाद्यान्नको मूल्यमा वृद्धि आउन सक्ने जोखिम एवम् अन्य अनिश्चिततताहरू यथावत् नै थिए ।

२.३ उक्त परिप्रेक्ष्यमा मूल्य र शोधनान्तर स्थिरता कायम गर्ने, वित्तीय स्थायित्व समेत मजबुत राख्ने तथा नेपाल सरकारको बजेट एवम् आर्थिक क्रियाकलापलाई सघाउ पुऱ्याउने मुलभूत उद्देश्यका साथ मौद्रिक नीति तर्जुमा गरिएको थियो । अर्थतन्त्रलाई गतिशील बनाउने, कर्जा प्रवाहलाई उत्पादनशील क्षेत्रतर्फ उन्मुख गराउने, कर्जाको गुणस्तरलाई ध्यान दिँदै वित्तीय स्थायित्व कायम गर्ने र मौद्रिक नीति एवम् नियामकीय नीतिहरूबीच समन्वय कायम गर्ने गरी मौद्रिक तथा नियामकीय नीतिहरू तय गरिएका थिए ।

२.४ उपर्युक्त परिवेश र उद्देश्यलाई दृष्टिगत गर्दै सजगतापूर्ण लचिलो कार्यदिशालाई आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिले निरन्तरता दिएको थियो । मुद्रास्फीति, विदेशी विनिमय सञ्चिति र समग्र मागमा समेत क्रमशः सुधार देखिँदै गएकाले मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा, अर्धवार्षिक समीक्षा एवम् तेस्रो त्रैमासिक समीक्षाले पनि सजगतापूर्ण लचिलो कार्यदिशालाई निरन्तरता दिएको थियो ।

२.५ आर्थिक वर्ष २०८१/८२ मा मौद्रिक विस्तारबाट मूल्यमा चाप पर्न नदिई मुद्रास्फीतिलाई ५.० प्रतिशतको हाराहारीमा राख्ने गरी मौद्रिक व्यवस्थापन गर्ने लक्ष्य लिइएकोमा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ४.०६ प्रतिशत रहेको थियो (तालिका २.१) । आर्थिक वर्ष २०८१/८२ मा कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने गरी विदेशी विनिमय सञ्चिति कायम राख्ने लक्ष्य लिइएकोमा आर्थिक वर्ष २०८१/८२ को अन्त्यमा कायम विदेशी विनिमय सञ्चिति १५.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको थियो (तालिका २.१) ।

तालिका २.१ : मुद्रास्फीति तथा विदेशी विनिमय सञ्चिति पर्याप्तता

विवरण	२०७९/८०	२०८०/८१	२०८१/८२	
			लक्ष्य	यथार्थ
वार्षिक औसत मुद्रास्फीति (प्रतिशतमा)	७.७४	५.४४	५.००	४.०६
विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा आयात, महिनामा)	१०.०	१३.०	७.०	१५.४

२.६ आर्थिक वर्ष २०८१/८२ मा विस्तृत मुद्राप्रदायको वृद्धिदर १२.० प्रतिशतको हाराहारी रहने प्रक्षेपण गरिएको थियो । २०८२ असारमा विस्तृत मुद्राप्रदायको वृद्धिदर १२.५ प्रतिशत हरेको थियो (तालिका २.२) । त्यसैगरी, आर्थिक वर्ष २०८१/८२ मा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ जाने कर्जाको वृद्धिदर १२.५ प्रतिशतसम्म रहने प्रक्षेपण गरिएकोमा ८.४ प्रतिशतले वृद्धि भएको छ (तालिका २.२) । अघिल्लो आर्थिक वर्ष भन्दा व्यावसायिक वातावरणमा क्रमिक सुधार हुँदै जाँदा निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जामा केही वृद्धि भएतापनि आर्थिक वर्ष २०८१/८२ मा निजी क्षेत्रतर्फ प्रवाहित कर्जाको वृद्धिदर प्रक्षेपितभन्दा कम हुन गयो ।

तालिका २.२ : मुद्राप्रदाय तथा आन्तरिक कर्जा

विवरण	२०७९/८०	२०८०/८१	२०८१/८२	
			प्रक्षेपण	यथार्थ
विस्तृत मुद्राप्रदायको वृद्धिदर (प्रतिशतमा)	११.२	१३.०	१२.०	१२.५
निजी क्षेत्रतर्फको कर्जाको वृद्धिदर (प्रतिशतमा)	४.६	६.१	१२.५	८.४

मौद्रिक नीतिको अन्तरिम तथा सञ्चालन लक्ष्य

२.७ नेपाली रुपैयाँको भारतीय रुपैयाँसँगको स्थिर विनिमयदरलाई आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिले मौद्रिक अङ्कुशको रूपमा निरन्तरता दिएको थियो र सोही विनिमयदरलाई मौद्रिक नीतिको अन्तरिम लक्ष्यको रूपमा लिइएको थियो । नीतिगत दरमार्फत अन्तरबैंक दर हुँदै बैंकिङ क्षेत्रको ब्याजदरलाई असर पार्ने र सोमार्फत मूल्य र बाह्य क्षेत्र स्थायित्व हासिल गर्ने प्रसार संयन्त्र आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिले अवलम्बन गरेको थियो ।

२.८ आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिले बैंक तथा वित्तीय संस्थाहरूबीचको भारित औसत अन्तरबैंक दरलाई सञ्चालन लक्ष्यका रूपमा लिई तरलता व्यवस्थापन गर्ने रणनीति अवलम्बन गरेको थियो । विश्व परिवेशमा मौद्रिक नीति सञ्चालनसम्बन्धी विकसित नवीनतम अवधारणा, प्रणाली र असल अभ्यासहरूलाई समेत आत्मसात गरी सञ्चालन लक्ष तय गरिएको हो ।

मौद्रिक नीतिका उपकरणहरू

२.९ मौद्रिक नीतिको सजगतापूर्ण लचिलो कार्यदिशालाई कार्यान्वयन गर्न ब्याजदर कोरिडरको माथिल्लो सीमाको रूपमा रहेको बैंकदरलाई आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिले ७ प्रतिशतबाट घटाई ६.५ प्रतिशत र नीतिगत दरलाई ५.५ प्रतिशतबाट घटाई ५.० प्रतिशत कायम गरेको थियो । त्यस्तै, ब्याजदर कोरिडरको तल्लो सीमाको रुपमा रहेको निक्षेप सङ्कलन दरलाई ३.० प्रतिशतमा यथावत् राखिएको थियो (तालिका २.३) । बैंक तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातका विद्यमान् व्यवस्थालाई निरन्तरता दिइएको थियो (तालिका २.४) ।

तालिका २.३ : ब्याजदर कोरिडर तथा नीतिगत दर (प्रतिशत प्रतिवर्ष)

विवरण	२०८१ असार	२०८१ असोज	२०८१ पुस	२०८१ चैत	२०८२ असार
बैंक दर	७.०	६.५	६.५	६.५	६.५
नीतिगत दर	५.५	५.०	५.०	५.०	५.०
निक्षेप सङ्कलन दर	३.०	३.०	३.०	३.०	३.०

तालिका २.४ : बैंक तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपात (प्रतिशतमा)

शीर्षक	२०७९/८०	२०८०/८१	२०८१/८२
अनिवार्य नगद अनुपात			
वाणिज्य बैंक	४.०	४.०	४.०
विकास बैंक	४.०	४.०	४.०
वित्त कम्पनी	४.०	४.०	४.०
वैधानिक तरलता अनुपात			
वाणिज्य बैंक	१२.०	१२.०	१२.०
विकास बैंक	१०.०	१०.०	१०.०
वित्त कम्पनी	१०.०	१०.०	१०.०

२.१० बैंक तथा वित्तीय संस्थाहरुबीचको भारित औसत अन्तरबैंक दरलाई मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रूपमा लिई नीतिगत दरको हाराहारीमा कायम गर्ने गरी स्वचालित र नियममा आधारित खुला बजार कारोबार गरिने व्यवस्था मौद्रिक नीतिमा उल्लेख गरिएको थियो । आर्थिक वर्ष २०८१/८२ मा बैंक तथा वित्तीय संस्थाहरूबीचको भारित औसत अन्तरबैंक दर २.९९ प्रतिशत रहेको थियो ।

मौद्रिक व्यवस्थापन

तरलता व्यवस्थापन

२.११ आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिको व्यवस्थाअनुरुप "नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७८" तथा "नेपाल राष्ट्र बैंक खुला बजार कारोबारसम्बन्धी कार्यविधि, २०७८" संशोधन गरिएको छ ।

२.१२ समीक्षा अवधिमा बजारमा देखिएको तरलताको उतार चढावलाई सम्बोधन गर्नका लागि खुला बजार कारोबार तथा ब्याजदर करिडोरअन्तर्गतका निक्षेप बोलकबोल र स्थायी निक्षेप सुविधा प्रयोगमा ल्याइएको छ । उक्त अवधिमा पटक पटक गरी निक्षेप सङ्कलन बोलकबोलमार्फत कुल रु.३,१४२ अर्ब ९५ करोड तरलता प्रशोचन गरिएको छ ।

२.१३ बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो स्वामित्वमा रहेका सरकारी ऋणपत्र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमा धितो स्वरुप रोक्का राखी सुरक्षणपत्रको अधिकतम ९० प्रतिशतसम्म हुने रकमलाई तीन महिना अवधिसम्म दैनिक तरलता सुविधा सीमा कायम गरी आवश्यकतानुसार दैनिक तरलता सुविधा दिने गरिएको छ ।

२.१४ बैंक तथा वित्तीय संस्थाहरुबीचको भारित औसत अन्तरबैंक दरलाई ब्याजदर करिडोर भित्र राख्न प्रयोगमा ल्याइएको स्थायी निक्षेप सुविधा (Standing Deposit Facility) मार्फत समीक्षा अवधिमा १४९ पटकमा कुल रु.२१,५०८ अर्ब ४० करोड तरलता प्रशोचन गरिएको छ ।

तालिका २.५ : आर्थिक वर्ष २०८१/८२ मा तरलता प्रशोचन

क्र.सं.	उपकरण	पटक	रकम (रु.करोडमा)
१	निक्षेप सङ्कलन	९०	३,१४,२९५
२	स्थायी निक्षेप सुविधा	१४९	२१,५०,८४०
	जम्मा		**२४,६५,१३५**

सरकारी ऋणपत्रसम्बन्धी कारोवार

२.१५ नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७५ को उपदफा (७) मा भएको व्यवस्थाबमोजिम सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अनुरोधमा २०८१ चैत १९ मा रु.२ अर्ब १ करोड ७५ लाखको ९१ दिने र रु.२५ करोडको १८२ दिने ट्रेजरी बिल खरिद गरिएको छ ।

२.१६ आर्थिक वर्ष २०८१/८२ को अन्त्यमा नेपाल राष्ट्र बैंकको स्वामित्वमा कुल रु. १२ अर्ब ४ करोड ४८ लाखको सरकारी ऋणपत्र रहेका छन् ।

तालिका २.६ : नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेका सरकारी ऋणपत्रको विवरण

सि.नं	ऋणपत्रको किसिम	रकम (रु.करोडमा)			प्रतिशत परिवर्तन	
		२०७९/८०	२०८०/८१	२०८१/८२	२०८०/८१	२०८१/८२
१.	ट्रेजरी बिल	४५३५.३	-	२५.००	-	१००
२.	विकास ऋणपत्र	२४९४.९	१६४८.४०	८७८.६२	(३३.९२)	(४६.७०)
३.	नागरिक बचतपत्र	३९०.१२	३९०.६४	३००.२१	०.१३	(२३.१५)
४.	वैदेशिक रोजगार बचतपत्र	०.६५	०.६५	०.६५	-	-
जम्मा		**७४२०.९७**	**२०३९.६९**	**१२०४.४८**		

२.१७ नेपाल सरकार, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट २०८० चैत १५ देखि आन्तरिक ऋण निष्कासन र २०८१ असार १ देखि सरकारी ऋणपत्रहरूको दोस्रो बजार कारोवार, भुक्तानी र व्यवस्थापनसम्बन्धी कार्य थालनी भएपश्चात् मिति २०८१/०३/०१ भन्दा अघि परिपक्व हुने विकास ऋणपत्र, नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्रको साँवा र आर्जित ब्याजको सोधभर्ना मात्र यस बैंकबाट हुने गरेको छ । आर्थिक वर्ष २०८१/८२ मा यस बैंकमार्फत साँवा तथा ब्याज गरी जम्मा रु.५ करोड ४२ लाख सोधभर्ना गरिएको छ ।

वित्तीय क्षेत्र सुधार, नियमन तथा वित्तीय पहुँच विस्तार

नियमन तथा वित्तीय क्षेत्र सुधार

नियामकीय व्यवस्थाहरू

२.१८ बैंक तथा वित्तीय संस्थाहरूको नियमन गर्न आर्थिक वर्ष २०८१/८२ मा विभिन्न निर्देशन, मार्गदर्शन तथा सूचनाहरू जारी भएका छन् । अर्थतन्त्रलाई चलायमान राख्ने र बैकिङ क्षेत्र सुदृढीकरण गर्ने उद्देश्यका साथ कर्जाको पुनरसंरचना, पुनरतालिकीकरण गर्ने लगायतका व्यवस्थाहरू कार्यान्वयनमा ल्याइएका छन् ।

क) पुँजीसम्बन्धी व्यवस्था :

- Capital Adequacy Framework, 2015 बमोजिम बैंक तथा वित्तीय संस्थाहरू तथा Capital Adequacy Framework,2018 बमोजिम पूर्वाधार विकास बैंकलाई लगाइएको Counter Cyclical Buffer आ.व. २०८१/८२ को लागि शून्य प्रतिशत कायम गरिएको छ ।
- नियमनकारी कोषमा रहेको असल कर्जाको Accrued Interest Receivable र Interest Capitalized Reserve लाई पुँजीकोष गणना गर्दा पूरक पुँजीमा गणना गर्न सकिने व्यवस्था गरिएको छ ।

(ख) अनिवार्य नगद मौज्दातसम्बन्धी व्यवस्थामा संशोधन

- यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका संस्थाले कुल निक्षेप दायित्वको ४ (चार) प्रतिशत अनिवार्य नगद मौज्दातबापत यस बैंकमा राख्नुपर्ने व्यवस्थाबमोजिम उक्त नगद मौज्दातको न्यूनतम ७० प्रतिशत दैनिक रूपमा यस बैंकमा राख्नुपर्ने व्यवस्था रहेकोमा न्यूनतम सीमालाई वृद्धि गरी ९० प्रतिशत कायम गरिएको छ।

(ग) एकल ग्राहक कर्जा सीमामा संशोधन

- बैंक तथा वित्तीय संस्थाले सुनचाँदी धितो लिई प्रवाह गर्ने कर्जामा एकल ग्राहक कर्जा सीमा रु. ५० लाख कायम गरिएको छ ।
- धितोपत्र बजारमा लगानी गर्ने मुख्य उद्देश्यले स्थापना भएका संस्थागत लगानीकर्ताहरूका लागि प्रवाह हुने मार्जिन प्रकृतिको सेयर धितो कर्जाको रु.१५ करोडको एकल ग्राहक कर्जा सीमा हटाइएको छ ।

(घ) Loan To Value Ratio र ऋण भुक्तानी आम्दानी अनुपातमा संशोधन

- बैंक तथा वित्तीय संस्थाहरूले सवारी साधन कर्जा प्रवाह गर्दा जुनसुकै प्रयोजनको विद्युतीय सवारी साधन खरिद गर्ने कर्जाको हकमा तथा निजी प्रयोजनका व्यक्तिगत अन्य सवारी साधनको हकमा सवारी साधनको ऋणमूल्य अनुपात ६० प्रतिशतसम्म कायम गर्न सकिने व्यवस्था गरिएको छ ।
- घर जग्गा खरिद/निर्माण प्रयोजनमा प्रवाहित कर्जामा तोकिएका विवरण अद्यावधिक गरी ऋण भुक्तानी आम्दानी अनुपात (Debt Service to Gross Income Ratio, DTI) को अधिकतम सीमा ७० प्रतिशत कायम गरिएको छ ।

(ङ) ब्याजदरसम्बन्धी व्यवस्थामा संशोधन

- इजाजतपत्रप्राप्त संस्थाले रु.२ करोडसम्मको खाद्यान्न उत्पादन, पशुपंक्षी, मत्स्यपालन, कृषिका लागि सहयोगी उद्योग, कृषि औजार उत्पादन, निर्यातजन्य उद्योग, हस्तकला तथा सीपमूलक व्यवसाय, सूचना प्रविधि, पर्यटनलगायत आन्तरिक उत्पादनसँग सम्बन्धित उद्यम व्यवसाय र शतप्रतिशत स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग सञ्चालनका लागि (आयातसम्बन्धी व्यवसायबाहेक) कर्जा प्रवाह गर्दा आधार दरमा २ प्रतिशतसम्म मात्र प्रिमियम थप गरी ऋणको ब्याज तोक्नुपर्ने व्यवस्था गरिएको छ ।

(च) कालो सूचीसम्बन्धी निर्देशनमा थप/संशोधन

- निर्माण व्यवसायीको जमानत दाबी भई सृजना भएको कर्जा (Forced Loan) को हकमा आर्थिक वर्ष २०८१/८२ मा एक वर्षले भाखा नाघेमा मात्र त्यस्ता ऋणी र सम्बन्धित पक्षलाई कालो सूचीमा समावेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।
- स्वदेशी Private Equity Venture Capital (PEVC) संस्थाको ५० प्रतिशत वा सोभन्दा कम सेयर लगानी रहेको साना तथा मझौला उद्योग कालो सूचीमा परेको कारणले मात्र त्यस्ता PrivateEquity Venture Capital (PEVC) संस्थालाई कालो सूचीमा समावेश नहुने व्यवस्था गरिएको छ ।
- जमानतदातालाई कालो सूचीमा समावेश गर्नुपूर्व ऋणीले सुरक्षणस्वरूप राखेको धितो लिलाम गरी असुली गर्नुपर्ने व्यवस्था गरिएको छ । यस्तो सुरक्षणबाट भएको असुली पर्याप्त नभई बैंकको लेना रकम बाँकी रहेमा सोको भुक्तानीका लागि जमानतदातालाई ९० दिनको समय प्रदान गर्नुपर्ने व्यवस्था गरिएको छ ।
- कालो सूचीमा समावेश भएका व्यक्ति, फर्म, कम्पनी, संस्थाले कानुनबमोजिम सामाजिक सुरक्षा भत्ता एवम् पेन्सन रकम प्राप्त गर्ने प्रयोजनको लागि खाता खोल्न सकिने र कानुनबमोजिम प्राप्त भएको पारिश्रमिक, सामाजिक सुरक्षा भत्ता, पेन्सनलगायतका रकम निकाल्न सकिने व्यवस्था गरिएको छ ।

(छ) कर्जा पुनरसंरचना तथा पुनरतालिकीकरणसम्बन्धी व्यवस्थामा संशोधन

- जलविद्युत् आयोजना सम्पन्न भई उत्पादन प्रारम्भ गरे तापनि पूर्ण क्षमताको प्रसारण लाइन निर्माण नभएकोले आयोजना पूर्ण क्षमतामा सञ्चालनमा आउन नसकेका कारण ग्रेस अवधि थप भएमा पुनरसंरचना/पुनरतालिकीकरण नहुने व्यवस्था गरिएको छ ।
- सार्वजनिक निकायबाट स्रोत सुनिश्चित भई परियोजनाको निर्माण कार्य सम्पन्न भएको वा निर्माण कार्य भइरहेको तर भुक्तानी प्राप्त हुन बाँकी रहेका निर्माण व्यवसायीलाई प्रवाह भएको निर्माण व्यवसायसँग सम्बन्धित कर्जामा ऋणीको अनुरोधमा नगदप्रवाह विश्लेषण गरी आवश्यकता र औचित्यको आधारमा इजाजतपत्रप्राप्त संस्थाले कर्जाको पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्नसक्ने व्यवस्था गरिएको छ ।
- परिस्थितिवश समस्यामा परेका रु.२ करोडसम्मका तोकिएका क्षेत्र (कृषि, ऊर्जा र लघु, घरेलु, साना तथा मझौला उद्यम) मा प्रवाह भएको कर्जाको हकमा ऋणीको अनुरोधमा व्यावसायिक योजना तथा नगदप्रवाह लगायतका पक्षहरूको विश्लेषण गरी आवश्यकता र औचित्यको आधारमा बुझाउनुपर्ने ब्याजको कम्तीमा १० प्रतिशत रकम असुलउपर गरी एक पटकको लागि कर्जाको पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्नसक्ने व्यवस्था गरिएको छ ।

(ज) चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ मा संशोधन

- चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ लागु भएको मिति २०७९/०७/०१ पूर्व प्रवाह भएका चालु पुँजी कर्जालाई मार्गदर्शनअनुसार पहिलो पटक पुनरावलोकन वा नवीकरण गर्दा मार्गदर्शनले तोकेको सीमाभन्दा बढी प्रवाह भएका कर्जामध्ये भुक्तानी हुन बाँकी कर्जारकमलाई २०८२ असार मसान्तसम्म भुक्तानी हुने गरी आवधिक कर्जामा मिलान गर्ने व्यवस्था रहेकोमा समान आवधिक किस्ता कायम गरी २०८४ असार मसान्तसम्ममा भुक्तान हुने गरी भुक्तानी तालिका निर्धारण गरी असुलउपर गर्न सकिने व्यवस्था गरिएको छ ।
- चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ मा भएको Variance सम्बन्धी प्रावधान २०८३ साउन १ गतेदेखि मात्र लागु हुने व्यवस्था गरिएको छ।

(झ) जोखिम भारसम्बन्धी व्यवस्थामा संशोधन

- व्यक्तिगत हायरपर्चेज तथा अटो कर्जाको जोखिम भार १०० प्रतिशत कायम गरिएको छ ।
- रु ५० लाखसम्मको सेयर धितो कर्जामा जोखिम भार १०० प्रतिशत र सोभन्दा माथिको लगानीमा १२५ प्रतिशत रहेकोमा सम्पूर्ण सेयर धितो कर्जामा जोखिम भार १०० प्रतिशत कायम गरिएको छ ।

(ञ) कर्जा वर्गीकरणसम्बन्धी व्यवस्थामा संशोधन

- कर्जा प्रवाह भई स्थापना भएको उद्योग/परियोजना/व्यवसाय परिस्थितिजन्य कारणले सञ्चालनमा नभए तापनि पूर्वनिर्धारित व्यवस्थाबमोजिम कर्जाको साँवा ब्याज नियमित रूपमा भुक्तानी भइरहेको त्यस्तो उद्योग/परियोजना/व्यवसायमा प्रवाहित कर्जालाई सूक्ष्म निगरानी वर्गमा वर्गीकरण गर्ने व्यवस्था गरिएको छ ।
- निर्माण व्यवसायीको जमानत दावी भई सिर्जना भएको कर्जा (Forced Loan) को हकमा उक्त कर्जा आर्थिक वर्ष २०८०/८१ को लागि ९० दिनसम्म असुली नभई खराब वर्गमा वर्गीकरण भइनसकेको अवस्थामा त्यस्तो कर्जालाई आ.व. २०८१/८२ मा कर्जाको भाखा नाघेको अवधिको आधारमा वर्गीकरण गरी सोहीबमोजिम कर्जा नोक्सानी कायम गर्नुपर्ने व्यवस्था गरिएको छ ।

(ट) कर्जा नोक्सानी व्यवस्थामा संशोधन

- बैंक तथा वित्तीय संस्थाहरूले असल कर्जा नोक्सानीवापत कायम गर्नुपर्ने कर्जा नोक्सानी व्यवस्थालाई १.०० प्रतिशत कायम गरिएको छ ।

(ठ) विपन्न वर्ग तथा तोकिएका कर्जासम्बन्धी व्यवस्थामा संशोधन

- विपन्न वर्ग कर्जा व्यवस्थाबमोजिम कुनै इजाजतपत्रप्राप्त संस्थाले कुनै एक "घ" वर्गको इजाजतपत्रप्राप्त संस्थामा आफुले प्रवाह गरेको कुल थोक कर्जाको अधिकतम ४० प्रतिशतसम्म मात्र थोक कर्जा प्रवाह गर्नसक्ने व्यवस्था गरिएको छ ।
- बैंक तथा वित्तीय संस्थाले २०८५ असार मसान्तसम्ममा न्यूनतम १५ प्रतिशत कर्जा लघु, घरेलु, साना एवम् मझौला उद्यमका क्षेत्रमा प्रवाह गर्नुपर्नेमा उक्त कर्जाको सीमा रु.२ करोड कायम गरिएको छ ।
- उर्जा क्षेत्रसँग सम्बन्धित सार्वजनिक संस्थान र पब्लिक लिमिटेड कम्पनीहरूले जारी गरेका उर्जा बन्डलगायतका ऊर्जासम्बन्धी ऋणपत्रमा गरेको लगानीलाई उर्जा क्षेत्रमा लगानी गर्नुपर्ने गरी तोकिएको सीमामा गणना गर्न पाइने व्यवस्था गरिएको छ ।
- Regulatory Retail Portfolio (RRP) को सीमालाई रु.२ करोडबाट बढाएर अधिकतम रु.२ करोड ५० लाख कायम गरिएको छ ।
- तोकिएका क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जाको समयसीमा पुनरावलोकन गर्नुका साथै यसअघि तोकिएको अधिकतम सीमा पुऱ्याउन २०८४ असार मसान्तसम्म समय प्रदान गरिएकोमा उक्त समयलाई २०८५ असार मसान्त कायम गरिएको छ ।

(ड) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी व्यवस्था

- सम्पत्ति शुद्धीकरण निवारण ऐन तथा नियमावलीमा भएको संशोधनबमोजिम बैंक तथा वित्तीय संस्था तथा पूर्वाधार विकास बैंकलाई निर्देशन जारी गरिएको छ ।
- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा सूचक संस्थाले पालना गर्नुपर्ने दायित्वका सम्बन्धमा Guideline on Targeted Financial Sanctions for Financial Institutions जारी गरिएको छ ।
- नेपाल राष्ट्र बैंकबाट सामाजिक सुरक्षा कोषलाई सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धमा पहिलोपटक निर्देशन जारी गरिएको छ । साथै, सम्बन्धित ऐन तथा नियमावलीमा भएको संशोधनलाई समेटी कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र अनुमतिपत्रप्राप्त हायर पर्चेज कर्जा दिने कम्पनीको लागि सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी व्यवस्थामा संशोधन गरिएको छ ।
- FATF को "High-Risk Jurisdictions subject to a Call for Action", "Jurisdictions under Increased Monitoring" मा सूचीकृत मुलुक र UN Sanction List मा समावेश भएका मुलुकमा "क" वर्गका बैंकहरूलाई शाखा, सम्पर्क/प्रतिनिधि कार्यालय स्थापना गर्न स्वीकृति प्रदान नगरिने व्यवस्था गरिएको छ ।

(ढ) अन्य व्यवस्थाहरू:

- बैंक तथा वित्तीय संस्थाले ब्याज आम्दानीको लेखाङ्कन यस बैंकबाट जारी भएको NFRS 9- Expected Credit Loss Related Guidelines, 2024 बमोजिम गर्नुपर्ने व्यवस्था गरिएको छ ।

- बैंक तथा वित्तीय संस्थाले खरिद गरेको एक वर्ष व्यतीत भएका लगानीमध्येबाट एक आर्थिक वर्षमा प्राथमिक पुँजीको २० प्रतिशत रकमसम्मको लगानी मात्र बिक्री गर्नसक्ने व्यवस्था कायम गरिएको छ ।

- बैंक तथा वित्तीय संस्थाले अनिवार्य रूपमा राष्ट्रिय परिचयपत्र वा सोको नम्बरको आधारमा खाता खोल्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था गरिएको छ । विदेशमा बसोबास गरिरहेका नेपाली नागरिकले विदेशमै बसी अनलाइनमार्फत इजाजतपत्रप्राप्त संस्थामा खाता खोल्नुपर्दा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बरबाहेकका अन्य आवश्यक कागजात लिएर समेत खाता खोल्न सक्ने व्यवस्था गरिएको छ । साथै, ग्राहकले उपलब्ध गराएको मोबाइल नम्बरको विवरण निज ग्राहककै रहे/नरहेको सुनिश्चित गर्न निहित जोखिमका आधारमा संस्थाले आवश्यक पहिचान पद्धति अवलम्बन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

- ब्याज पुँजीकरण गरिएका ५० मेगावाट वा सोभन्दा बढी क्षमताको जलविद्युत् परियोजनाको निर्माण कार्य ६० प्रतिशत सम्पन्न भएको प्रमाणित भएको अवस्थामा Interest Capitalized Term Loan (ICTL) मा रहेको रकमलाई Interest Capitalized Reserve (ICR) बाट घटाई सञ्चित मुनाफा हिसाबमा सार्न सकिने साथै ब्याज पुँजीकरण गरिएको अन्य परियोजनाको हकमा परियोजना व्यावसायिक रूपमा सञ्चालनमा आएको अवस्थामा ICTL मा रहेको सम्पूर्ण रकमलाई ICR बाट घटाई सञ्चित मुनाफा हिसाबमा सार्न सकिने व्यवस्था गरिएको छ ।

(ण) लघुवित्तसम्बन्धी व्यवस्थामा थप/संशोधनः

- लघुवित्त संस्थाहरूले असल कर्जामा कायम गर्नुपर्ने कर्जा नोक्सानी व्यवस्थालाई १.० प्रतिशत कायम गरिएको छ ।

- लघुवित्त वित्तीय संस्थाहरुका ऋणीहरूलाई सहज रूपमा कर्जा प्रवाह गरी वित्तीय समावेशिता अभिवृद्धि गर्ने उद्देश्यले रु.२५ हजारसम्मको कर्जा परिवारिक जमानीमा मात्र प्रदान गर्न सक्ने व्यवस्था गरिएको छ । साथै, प्रतिपरिवार बढीमा रु.३ लाखसम्मको न्यून लागतमा घर निर्माण (Low cost housing) प्रयोजनका लघुकर्जा उपलब्ध गराउन सकिने व्यवस्था गरिएको छ ।

- बिनाधितो सामूहिक जमानीमा वा धितोको सुरक्षणमा लघुकर्जा प्रदान गर्दा यस व्यवस्थाबमोजिमको कर्जा सीमा ननाघ्ने गरी एउटा ऋणीलाई अधिकतम २ लघुवित्त वित्तीय संस्थाले कर्जा प्रवाह गर्न सक्ने व्यवस्था गरिएको छ ।

- लघुवित्त वित्तीय संस्थाहरूले सम्बन्धित आर्थिक वर्षको खुद मुनाफाको ग्राहक संरक्षण कोषमा राख्नुपर्ने रकम २०८२ असारमा १.५ प्रतिशत, २०८३ असारमा २ प्रतिशत र २०८४ असारमा ३ प्रतिशत कायम गर्नुपर्ने व्यवस्था गरिएको छ ।

- लघुवित्त वित्तीय संस्थाहरूले शाखा व्यवस्थापक वा सोभन्दा माथिको कर्मचारी छनौट, सरुवा, बढुवा, पदस्थापन तथा मूल्याङ्कन गर्दा उक्त कर्मचारीको विगतको पृष्ठभूमि विश्लेषण गरेर मात्र नियुक्त गर्नुपर्ने तथा निश्चित तालिम एवम् कार्यानुभवका आधारमा मात्र पदोन्नति र जिम्मेवारी दिनुपर्ने व्यवस्था गरिएको छ । त्यसैगरी, कर्मचारीको छनौट, सरुवा, बढुवा तथा पदस्थापन गर्दा तालिमलगायत सम्बन्धित सर्टिफिकेशन कोर्स (Certification Courses) लिएको भए त्यस्तो विशेष योग्यतालाई समेत आधारको रूपमा लिनुपर्ने व्यवस्था गरिएको छ ।

- लघुवित्त वित्तीय संस्थाहरूले वार्षिक रूपमा संस्थागत सुशासन प्रतिवेदन (Corporate Governance Report) तयार गरी सार्वजनिक जानकारीको लागि आफ्नो वेबसाइटमा प्रकाशन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

- लघुवित्त वित्तीय संस्थाबाट ऋण लिई नतिर्ने ऋणीहरूलाई तोकिएको आधारमा नियतवश ऋण नतिर्ने ऋणी र परिस्थितिवशः ऋण नतिर्ने ऋणी गरी दुई वर्गमा वर्गीकरण गर्नुपर्ने व्यवस्था गरिएको छ। साथै, लघुवित्त वित्तीय संस्थाले परिस्थितिवश ऋण नतिर्ने ऋणीहरूलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गरेको भए तापनि केही समय प्रदान गरेमा ऋणीले प्रयास गरी छोटो अवधिमा ऋण चुक्ता गर्छ भन्ने संस्थालाई लागेमा ६ महिनाका लागि कालोसूचीबाट हटाउन सक्ने व्यवस्था गरिएको छ।

- लघुवित्त वित्तीय संस्थाहरूले नयाँ कर्जा प्रवाह गर्दा लिने सेवा शुल्कलाई १.५ प्रतिशतबाट घटाई १.३ प्रतिशत कायम गरिएको छ। कर्जा प्रवाह गर्दा स्वीकृत कर्जा रकमबाट तोकिएको सेवा शुल्कबाहेक अन्य कुनै पनि प्रकारको रकम कट्टा गरी बचतको रूपमा राख्न नपाइने व्यवस्था गरिएको छ।

- लघुवित्त वित्तीय संस्थाले ऋण असुलीका लागि कुनै किसिमको अपमानजनक एवम् कठोर विधि अपनाउन नपाइने व्यवस्था गरिएको छ। साथै, सेवाग्राहीबाट प्राप्त गुनासो सुनुवाई गर्न संस्थाले सूचना तथा गुनासो सुनुवाइका निम्ति गुनासो सुन्ने अधिकारी तोक्नुपर्ने व्यवस्थाका साथै गुनासो सुन्ने प्रक्रिया समेत उल्लेख गरी निर्देशन जारी गरिएको छ।

- लघुवित्त वित्तीय संस्थाहरूले नेपाल वित्तीय प्रतिवेदनमान (NFRSs) अनुसार वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था गरिएको छ। नेपाल वित्तीय प्रतिवेदनमानले समावेश नगरेका क्षेत्रहरूमा अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदनमान (IFRSs) लाई आधारको रूपमा लिनुपर्ने व्यवस्था गरिएको छ।

- लघुवित्त वित्तीय संस्थाहरूले ग्राहकसँग कर्जामा लिने ब्याजदर तय गर्दा आफ्नो आधार दरमा बढीमा ३ प्रतिशतसम्म प्रिमियम थप गरी ब्याजदर कायम गर्नुपर्ने व्यवस्था गरिएको छ। यसरी ब्याजदर कायम गर्दा वाणिज्य बैंकहरूको पछिल्लो औसत आधार दरमा ८ प्रतिशत थप गरी कायम हुने दरभन्दा बढी हुने गरी ब्याजदर निर्धारण गर्न नपाइने व्यवस्था गरिएको छ।

(त) थप गरिएका निर्देशनहरू

- इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूबाट हुने कर्जा प्रवाह एवम् लगानीलाई वातावरणमैत्री बनाउन एवम् उक्त प्रकृतिको लगानी गर्दा सन्दर्भ सामग्रीको प्रयोग गर्न सकिने गरी Nepal Green Finance Taxonomy, 2024 जारी गरिएको छ।

- नेपाल राष्ट्र बैंकबाट बैंकतथा वित्तीय संस्थामा खोलिएको खाता रोक्का राख्न तथा त्यसरी रोक्का रहेका खाता फुकुवा गर्नेसम्बन्धी व्यवस्थालाई थप स्पष्ट, पारदर्शी र व्यवस्थित गर्न "बैंक खाता रोक्का तथा फुकुवासम्बन्धी विनियमावली, २०८१" जारी गरिएको छ।

- बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको कारोबारलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउनका लागि नेपाल राष्ट्र बैंक ऐनले निर्दिष्ट गरेअनुरूप निर्देशन तथा मापदण्ड स्वीकृत गरिएको छ।

- बैंक तथा वित्तीय संस्थाहरूले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत गर्ने खर्च पारदर्शी, प्रभावकारी र उद्देश्यमूलक बनाउन र मुलुकको वृहत्तर हितमा त्यसको प्रयोग सुनिश्चित गर्ने अभिप्रायले "बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी मार्गदर्शन, २०८१" जारी गरिएको छ।

- बैकिङ कसुर तथा सजाय ऐन, २०६४ (दोस्रो संशोधन, २०८२ समेत) मा चेक अनादरसम्बन्धी विषयमा भएको संशोधन समावेश गरी ऐनले निर्दिष्ट गरे अनुरूप "चेक अनादर गरेको व्यहोरा प्रमाणित गर्ने कार्यविधि, २०८१" जारी गरिएको छ।

- लघुवित्त वित्तीय संस्थाहरूको कर्जा व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली, कर्मचारी प्रशासन, व्यवसाय सञ्चालन एवम् ग्राहक संरक्षणलगायतका विषयहरूका सम्बन्धमा लघुवित्त वित्तीय संस्थालाई सामाजिक बैकिङको अवधारणासमेतका आधारमा सञ्चालन गर्न "इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई सञ्चालन मार्गदर्शन, २०८१" जारी गरिएको छ।
- लघुवित्त वित्तीय संस्थाहरूको जोखिम व्यवस्थापनसम्बन्धी कार्यलाई प्रभावकारी बनाउन Risk Management Guidelines for Microfinance Institutions जारी गरिएको छ।

वित्तीय स्थायित्व प्रतिवेदन तथा तथ्याङ्क प्रकाशन

२.१९ नेपाल राष्ट्र बैंकले नियमित रूपमा वित्तीय स्थायित्व प्रतिवेदन (Financial Stability Report) प्रकाशन गर्ने गरेको छ। सोही क्रममा २०८१ असार महिनाको तथ्याङ्कमा आधारित सोह्रौं वित्तीय स्थायित्व प्रतिवेदन (Financial Stability Report) प्रकाशित भएको छ।

२.२० बैंक तथा वित्तीय संस्थाहरूका लागि जारी एकीकृत निर्देशनबमोजिम नेपाल राष्ट्र बैंकमा प्राप्त तथ्याङ्कका आधारमा नियमित रूपमा वेबसाइटमार्फत मासिक विवरण तयार गरी प्रकाशन गरिएको छ।

वित्तीय पहुँच अभिवृद्धि

२.२१ वित्तीय संस्थाहरूको सञ्जाल विस्तारसँगै वित्तीय पहुँच बढ्दै गएको छ। नेपाल सरकारको प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा बाणिज्य बैंकको शाखा पुऱ्याउने लक्ष्य अनुरूप २०८२ असार मसान्तमसम्म सबै स्थानीय तहमा वाणिज्य बैंकको उपस्थिति रहेको छ।

तालिका २.७ : स्थानीय तहमा वाणिज्य बैंकको उपस्थिति

प्रदेश	स्थानीय तहको सङ्ख्या	वाणिज्य बैंक पुगेका स्थानीय तहको सङ्ख्या		
		२०८० असार	२०८१ असार	२०८२ असार
कोशी	१३७	१३७	१३७	१३७
मधेश	१३६	१३६	१३६	१३६
बागमती	११९	११९	११९	११९
गण्डकी	८५	८५	८५	८५
लुम्बिनी	१०९	१०९	१०९	१०९
कर्णाली	७९	७९	७९	७९
सुदूर-पश्चिम	८८	८७	८७	८८
जम्मा	**७५३**	**७५२**	**७५२**	**७५३**

२.२२ २०८२ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरूको सङ्ख्या १०७ (पूर्वाधार विकास बैंकसहित) कायम रहेको छ। २०८२ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको शाखा सङ्ख्या ११,५२६ कायम भएको छ। शाखारहित बैकिङ सेवा प्रदान गर्ने केन्द्रहरूको सङ्ख्या २०८२ असार मसान्तसम्म ८२२ रहेको छ। २०८१ असार मसान्तमा प्रतिशाखा जनसङ्ख्या २५२९ रहेकोमा २०८२ असार मसान्तमा २५३० कायम भएको छ।

२.२३ २०८२ असार मसान्तमा सञ्चालनमा रहेका २० वाणिज्य बैंकहरूको जम्मा चुक्ता पुँजी रु.३८५ अर्ब ३३ करोड रहेको छ भने विकास बैंकको रु.४३ अर्ब ५ करोड र वित्त कम्पनीको रु.१५ अर्ब ३० करोड रहेको छ। साथै, समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको कुल निक्षेप १२.४४ प्रतिशतले वृद्धि भई रु.७,३०३ अर्ब पुगेको छ। त्यसैगरी, बैंक तथा वित्तीय संस्थाहरूले प्रवाह गरेको कुलकर्जा अघिल्लो वर्षको तुलनामा ८.१८ प्रतिशतले वृद्धि भई रु.५,५९१ अर्ब पुगेको छ।

चार्ट २.१ : कुल कर्जाको संरचना (आर्थिक वर्ष २०८१/८२)



बैंक तथा वित्तीय संस्थामा रहेका खाताहरू रोक्का, फुकुवा तथा विवरण माग

२.२४ आर्थिक वर्ष २०८१/८२ मा नेपाल प्रहरीको अपराध अनुसन्धानसम्बन्धी विभिन्न कार्यालय, आन्तरिक राजस्व विभाग, करदाता सेवा कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयजस्ता निकायको अनुरोधमा बैंक तथा वित्तीय संस्थामा रहेका खाता रोक्का राख्ने, फुकुवा गर्ने तथा विवरण माग गर्ने कार्य गरिएको छ।

सहुलियतपूर्ण कर्जा तथा विपन्न वर्ग कर्जा

२.२५ "सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५" बमोजिम २०८२ असार मसान्तसम्ममा ९४,९२० ऋणीलाई रु.७८ अर्ब ६६ करोड कर्जा लगानी रहेको छ।

२.२६ आर्थिक वर्ष २०८१/०८२ मा "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरूले आफ्नो कुल कर्जाको न्यूनतम ५ प्रतिशत कर्जा विपन्न वर्गमा प्रवाह गर्नुपर्ने व्यवस्था रहेकोमा २०८२ असार मसान्तसम्म वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूले क्रमशः ५.४० प्रतिशत, ६.६१ प्रतिशत र ५.४८ प्रतिशत कर्जा प्रवाह गरेका छन्।

मार्जिन कारोबारका लागि कर्जा प्रदान गर्न स्वीकृति प्रदान

२.२७ नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको सिफारिसबमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६ बमोजिम ३५ सेयर ब्रोकर संस्थाहरूलाई मार्जिन कारोबारका लागि कर्जा प्रवाह गर्ने अनुमति प्रदान गरिएको छ।

बैंक तथा वित्तीय संस्था सुपरिवेक्षण

बैंक सुपरिवेक्षण

२.२८ आर्थिक वर्ष २०८१/८२ मा जोखिममा आधारित सुपरिवेक्षण विधि अवलम्बन गरी कुल २० वाणिज्य बैंकहरू तथा नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको समष्टिगत स्थलगत निरीक्षण (Full Scope Onsite Inspection) सम्पन्न गरिएको छ।

२.२९ आर्थिक वर्ष २०८१/८२ मा ४ वाणिज्य बैंकहरूको IT and Cyber Risk सम्बन्धी लक्षित स्थलगत निरीक्षण सम्पन्न गरिएको छ। स्थलगत निरीक्षणका क्रममा बैंकहरूमा Information Security, IT Governance, IT Operations, Outsourcing Management लगायतका क्षेत्रमा देखिएका कमी कमजोरीहरूलाई सुधार गराउने तथा बैंकहरूबाट प्राप्त विवरणको आधारमा निरन्तर रूपमा बैंकहरूको मूल्याङ्कन गर्ने कार्य गरिएको छ।

२.३० समीक्षा वर्षमा समष्टिगत र लक्षित स्थलगत निरीक्षणका साथै विभिन्न निकायहरू र व्यक्तिगत रूपमा पेस हुन आएका कुल २२० वटा उजुरी तथा गुनासोहरूका आधारमा वाणिज्य बैंकहरूको स्थलगत र गैर-स्थलगत विशेष निरीक्षण सम्पन्न गरी उक्त उजुरी तथा गुनासोहरूको सम्बोधन गरिएको छ। सो उजुरीहरूमध्ये ६१.८ प्रतिशत बैंक जमानत दाबी भुक्तानीसम्बन्धमा, २३.२ प्रतिशत वित्तीय सेवा सम्बन्धमा, ४.५ प्रतिशत बैंक कर्मचारीसम्बन्धमा, ३.६ प्रतिशत अनियमितता सम्बन्धमा र ६.८ प्रतिशत अन्य विषयसँग सम्बन्धित रहेको छ।

२.३१ गैर-स्थलगत सुपरिवेक्षणअन्तर्गत सम्पूर्ण वाणिज्य बैंकहरूबाट नियमित रूपमा तथ्याङ्क लिई सोको आधारमा देहायबमोजिमका कार्यहरू सम्पन्न गरिएको छ :

- अनिवार्य नगद मौज्दात अनुपात (CRR) को दुई/दुई हप्तामा अनुगमन प्रतिवेदन तयार गर्ने गरिएको ।
- कर्जा निक्षेप अनुपात (CD Ratio) को दैनिक अनुगमन गरी मासिक प्रतिवेदन तयार गरिएको ।
- वैधानिक तरलता अनुपात (SLR) तथा स्प्रेड दर (Spread Rate) सम्बन्धी विवरण नियमित अनुगमन गरी मासिक प्रतिवेदन तयार गरिएको ।
- विपन्न वर्ग कर्जा (Deprive Sector Lending)को अनुगमन गरी त्रैमासिक प्रतिवेदन तयार गरिएको ।
- प्राथमिकता प्राप्त क्षेत्र कर्जा (Priority Sector Lending) को अनुगमन गरी त्रैमासिक प्रतिवेदन तयार गरिएको ।
- वाणिज्य बैंकहरूको पुँजी पर्याप्तता सम्बन्धमा मासिक अनुगमन गरिएको ।
- वाणिज्य बैंक तथा पूर्वाधार विकास बैंकको वित्तीय विश्लेषण तथा ऐन, प्रचलित कानुन, नियमन, आदेश तथा निर्देशन पालनाको अनुगमन, CAELS Analysis, Early Warning Signals (EWS), Stress Testing Result आदि समेटी त्रैमासिक रूपमा गैर-स्थलगत सुपरिवेक्षन प्रतिवेदन तयार गरिएको ।
- वाणिज्य बैंकहरूको वित्तीय विश्लेषणका आधारमा त्रैमासिक रूपमा Key Financial Indicators तयार गरी बैंकको वेबसाइटमा प्रकाशन गरिएको ।
- बैंक तथा वित्तीय संस्थाहरूको अघिल्लो आर्थिक वर्ष २०८०/८१ को नेपाल वित्तीय प्रतिवेदन मापदण्ड बमोजिमको वित्तीय विवरणको आधारमा २० वाणिज्य बैंक तथा नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि. लाई वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गरिएको ।
- वित्तीय विवरण प्रकाशित गर्न स्वीकृति प्रदान गर्दा बैंकहरूमा स्थलगत निरीक्षण तथा गैर-स्थलगत सुपरिवेक्षणका क्रममा देखिएका कैफियतलगायत बाह्य लेखापरीक्षकले औंल्याएका कैफियतहरू सुधार गर्न तथा त्यस्ता कैफियतहरू पुनः दोहोरिन नदिने व्यवस्था मिलाउनका लागि बैंकहरूलाई निर्देशन दिइएको ।

२.३२ यस बैंकबाट सम्पन्न गरिएका समष्टिगत, लक्षित तथा विशेष स्थलगत निरीक्षण तथा नियमित गरिने गैर-स्थलगत सुपरिवेक्षणका आधारमा तयार गरिएका प्रतिवेदनहरूमा उल्लेख गरिएका कैफियतहरू तथा तत् सम्बन्धमा जारी गरिएका निर्देशनहरूको पालना भए/नभएको कार्यको नियमित अनुगमन गर्ने गरिएको छ। सम्पूर्ण वाणिज्य बैंकहरूको अर्धवार्षिक रूपमा अनुगमन प्रतिवेदन तयार गरिएको छ।

२.३३ वाणिज्य बैंकहरूको समष्टिगत सुपरिवेक्षण तथा वित्तीय स्थितिको विश्लेषणसहित समसामयिक विषयवस्तुहरू समेटेर आर्थिक वर्ष २०८०/८१ को वार्षिक बैंक सुपरिवेक्षण प्रतिवेदन प्रकाशन गरिएको छ।

२.३४ बैंकहरूवाट प्राप्त हुने कर्जा नोक्सानी व्यवस्थासम्बन्धी विवरणका आधारमा सुपरिवेक्षण प्रतिवेदनमा उल्लेख भए अनुरूप कर्जा नोक्सानी व्यवस्था गरे नगरेको सम्बन्धमा सङ्क्षिप्त प्रतिवेदन तयार गरिएको छ ।

२.३५ वाणिज्य बैंकहरूबाट Supervisory Information System (SIS) मार्फत प्राप्त हुने तथ्याङ्क तथा विवरण अनुगमन गरी प्रतिवेदन तयार गर्ने गरिएको छ ।

२.३६ बैंकका ठूला ऋणीहरूको Interconnectedness सम्बन्धी विश्लेषण कार्य सम्पन्न गरिएको छ ।

२.३७ बैंकले पेस गरेको ICAAP Report को आधारमा Supervisory Review and Evaluation Process (SREP) गरिएको छ ।

२.३८ वाणिज्य बैंकका मुख्य परिसूचकहरू देहायबमोजिम रहेका छन् (तालिका २.८) ।

तालिका २.८ : वाणिज्य बैंकका मुख्य परिसूचकहरू

क्र.सं.	परिसूचकहरू	२०८१ असार मसान्त	२०८२ असार मसान्त
१	कुल सङ्ख्या	२० (निफ्रासहित २१)	२० (निफ्रासहित २१)
२	कुल चुक्ता पुँजी (रु. अर्बमा)	३७९.०२	३८५.३३
३	प्राथमिक पुँजीकोष (रु. अर्बमा)	५६१.४९	६००.०१
४	कुल पुँजीकोष (रु. अर्बमा)	७१३.७१	७६४.६८
५	कुल निक्षेप (रु. अर्बमा)	५७५६.७७	६५४१.६५
६	कुल कर्जा (रु. अर्बमा)	४५६९.०८	४९६३.१५
७	प्राथमिक पुँजीकोष अनुपात (प्रतिशत)	१०.१०	१०.०३
८	पुँजीकोष अनुपात (प्रतिशत)	१२.८४	१२.७८
९	कर्जा-स्रोत परिचालन अनुपात (प्रतिशत)	७८.६५	७६.६३
१०	खुद तरलता अनुपात (प्रतिशत)	३२.२१	३५.०७
११	वैधानिक तरलता अनुपात (प्रतिशत)	२८.७३	३०.१३
१२	निष्कृय कर्जा अनुपात (प्रतिशत)	३.७६	४.४४
१३	विपन्न वर्ग कर्जा अनुपात (प्रतिशत)	६.०३	५.४१

वित्तीय संस्था सुपरिवेक्षण

२.३९ आर्थिक वर्ष २०८१/८२ मा सञ्चालनमा रहेका १७ विकास बैंक र १७ वित्त कम्पनीको समष्टिगत/लक्षित स्थलगत निरीक्षण कार्य सम्पन्न गरिएको छ । सोमध्ये ८ विकास बैंकहरूको जोखिममा आधारित सुपरिवेक्षण सम्पन्न भएको छ । सोही क्रममा समस्याग्रस्त २ वित्त कम्पनीको समेत निरीक्षण गरिएको छ ।

२.४० सेवाग्राहीहरू एवम् विभिन्न निकायबाट विभिन्न माध्यमद्वारा आएको गुनासोका आधारमा समीक्षा अवधिमा १ विकास बैंक र ४ वित्त कम्पनीको विशेष निरीक्षण सम्पन्न गरिएको छ ।

२.४१ स्थलगत निरीक्षण सम्पन्न भई निरीक्षण प्रतिवेदनमा उल्लिखित कैफियतहरूको सुधारको लागि दिइएका निर्देशनहरूको कार्यान्वयन पक्षको अनुगमन गरिएको छ ।

२.४२ वार्षिक साधारण सभा प्रयोजनको लागि १५ विकास बैंक र १३ वित्त कम्पनीहरूलाई आर्थिक वर्ष २०८०/८१ को वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गरिएको छ ।

२.४३ नियमित रूपमा गैर-स्थलगत सुपरिवेक्षण कार्य गरी विकास बैंक तथा वित्त कम्पनीहरूको पुँजीकोष पर्याप्तता, अनिवार्य नगद अनुपात (CRR), वैधानिक तरलता अनुपात (SLR), कर्जा तथा निक्षेप अनुपात (CD Ratio), आधार दर, स्प्रेड दर, क्षेत्रगत कर्जा, विपन्नवर्ग कर्जा लगायतका नियमनकारी व्यवस्थाहरूको अनुगमन गरी त्रैमासिक गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदन तयार गरिएको छ ।

२.४४ प्रचलित कानुन, नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएका नियमन व्यवस्था तथा दिइएका निर्देशनको अनुपालना नभएकोले ३ फाइनान्स कम्पनी र १ विकास बैंकलाई आर्थिक वर्ष २०८१/८२ मा नसिहत दिइएको छ। त्यसैगरी, ४ विकास बैंक र ५ फाइनान्स कम्पनीलाई सचेत गराइएको छ भने २ फाइनान्स कम्पनी तथा १ विकास बैंकलाई नगद जरिवाना गरिएको छ। यस अवधिमा १ विकास बैंकलाई शीघ्र सुधारात्मक कारबाही (Prompt Corrective Action) गरिएको छ भने १ विकास बैंकलाई समस्याग्रस्त घोषणा गरी बैंकको नियन्त्रणमा लिइएको छ।

२.४५ सहुलियतपूर्ण कर्जासम्बन्धी मार्गदर्शन र यस बैंकबाट जारी सहुलियतपूर्ण कर्जासम्बन्धी निर्देशन उल्लङ्घन गरेका ७ विकास बैंक तथा ८ फाइनान्स कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा २ को खण्ड (क) बमोजिम सचेत गराइएको छ।

२.४६ यस बैंकबाट इजाजतपत्र प्रदान गरिएका 'ख' र 'ग' वर्गका वित्तीय संस्थाहरूको आर्थिक वर्ष २०८०/८१ को वार्षिक सुपरिवेक्षण प्रतिवेदन सार्वजनिक गरिएको छ।

२.४७ २०८२ असार मसान्तमा विकास बैंकहरूको अपरिस्कृत वित्तीय विवरणअनुसार निष्कृय कर्जा अनुपात औसतमा ४.६३ प्रतिशत रहेको छ भने कुल पुँजीकोष अनुपात औसतमा १३.९३ प्रतिशत रहेको छ। सो अनुपात २०८१ असार मसान्तमा क्रमशः ३.६२ र १३.३८ प्रतिशत रहेको थियो। त्यसैगरी, समीक्षा अवधिको अन्त्यमा वित्त कम्पनीहरूको निष्कृय कर्जा अनुपात औसत ८.५९ रहेको छ भने कुल पुँजीकोष अनुपात औसत १३.३९ प्रतिशत रहेको छ। उक्त अनुपात २०८१ को असार मसान्तमा क्रमश ७.१३ प्रतिशत र १४.७७ प्रतिशत रहेको थियो।

२.४८ २०८२ असार मसान्तमा कायम रहेको विकास बैंक र वित्त कम्पनीहरूको अपरिष्कृत प्रमुख वित्तीय सूचकहरू देहायबमोजिम रहेका छन् (तालिका २.९)।

तालिका २.९ : विकास बैंक र वित्त कम्पनीहरूको प्रमुख परिसूचकहरू (अपरिष्कृत)

क्र.सं.	सूचकहरू	विकास बैंक	वित्त कम्पनी
१.	कुल चुक्ता पुँजी (रु. अर्बमा)	४२.५५	१४.१३
२.	प्राथमिक पुँजी (रु.अर्बमा)	५७.५१	१२.५५
३.	कुल पुँजी कोष (रु.अर्बमा)	७१.३०	१४.८३
४.	कुल निक्षेप (रु.अर्बमा)	६२५.८७	१३१.१६
५.	कुल ऋण (रु.अर्बमा)	५२१.६५	१०१.४०
६.	प्राथमिक पुँजी अनुपात (प्रतिशतमा)	११.२३	११.३३
७.	कुल पुँजी अनुपात (प्रतिशतमा)	१३.९३	१३.३९
८.	कुल कर्जा/निक्षेप अनुपात (प्रतिशतमा)	८४.०६	७७.६३
९.	तरलता अनुपात (प्रतिशतमा)	२६.७२	३२.३१
१०.	वैधानिक तरलता अनुपात (प्रतिशतमा)	२४.६०	२६.२८
११.	निष्किय कर्जा अनुपात (प्रतिशतमा)	४.६३	८.५९
१२.	विपन्न वर्ग कर्जा अनुपात (प्रतिशतमा)	६.६२	५.८३
१३.	निर्देशित क्षेत्र कर्जा (प्रतिशतमा)	२५.५९	२०.२५

नोट : परिसूचकहरुमा समस्याग्रस्त घोषित कर्णाली विकास बैंक, नेपाल शेयर मार्केट एण्ड फाइनान्स लि. र क्यापिटल मर्चेण्ट बैंकिंग एण्ड फाईनान्स कम्पनी लि. को तथ्याङ्क समावेश गरिएको छैन।

लघुवित्त वित्तीय संस्था सुपरिवेक्षण

२.४९ नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूको सङ्ख्या २०८२ असार मसान्तमा ५२ रहेको छ। जसमध्ये ३ थोक कर्जा प्रदायक संस्था र ४९ खुद्रा कर्जा प्रवाह गर्ने लघुवित्त संस्थाहरू रहेका छन्। २०८२ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाका शाखा सङ्ख्या ५,०२६ रहेको छ र ती संस्थाहरूमा कुल १४ लाख ७८ हजार समूह, ६२ लाख २१ हजार सदस्य र २७ लाख ६ हजार ऋणी आबद्ध रहेका छन्। खुद्रा कर्जाको कारोबार गर्ने ४९ लघुवित्त वित्तीय संस्थामध्ये २ संस्थाले सर्वसाधारणबाट निक्षेप सङ्कलनको अनुमति पाएका छन्। ५२ संस्थाहरूमध्ये ३९ राष्ट्रियस्तर, ९ प्रदेशस्तर र ४ जिल्लास्तरका लघुवित्त वित्तीय संस्था रहेका छन्।

२.५० आर्थिक वर्ष २०८१/८२ मा ४० लघुवित्त वित्तीय संस्थाहरूको समष्टिगत स्थलगत निरीक्षण र ३ लघुवित्त वित्तीय संस्थाहरूको विशेष निरीक्षण सम्पन्न गरिएको छ।

२.५१ समीक्षा अवधिमा आर्थिक वर्ष २०८०/८१ को दोस्रो अर्धवार्षिक र आर्थिक वर्ष २०८१/८२ को प्रथम अर्धवार्षिक कार्यान्वयन प्रतिवेदन (Enforcement Report) तथा आर्थिक वर्ष २०८०/८१ को चौथो त्रैमासिक, आर्थिक वर्ष २०८१/८२ को प्रथम, दोस्रो र तेस्रो त्रैमासिक गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदन तयार गरिएको छ।

२.५२ लघुवित्त वित्तीय संस्थाहरूको आर्थिक वर्ष २०८०/८१ को वार्षिक निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदन प्रकाशन गरिएको छ।

२.५३ समीक्षा अवधिमा चुक्तापुँजीको दुई प्रतिशतभन्दा बढी सस्थापक सेयर खरिद/बिक्री गर्दा यस बैंकको स्वीकृति नलिई सेयर खरिद/बिक्री गर्न स्वीकृति दिने एक लघुवित्त वित्तीय संस्थाको सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत र कम्पनी सचिवलाई सचेत गराइएको छ।

२.५४ आर्थिक वर्ष २०८१/८२ मा लघुवित्त वित्तीय संस्थाले कायम गर्नुपर्ने न्यूनतम पुँजीकोष अनुपात कायम नगर्ने एक लघुवित्त वित्तीय संस्थालाई बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारबाहीसम्बन्धी विनियमावली, २०७४ बमोजिम कारबाही प्रक्रिया अगाडि बढाइएको छ।

२.५५ २०८२ असार मसान्तसम्ममा लघुवित्त सम्बन्धी कारोबार गर्ने "घ"वर्गका वित्तीय संस्थाहरूको साधन, स्रोत तथा उपयोगको स्थिति देहायबमोजिम रहेको छ (तालिका २.१०)।

तालिका २.१० : आर्थिक वर्ष २०८१/८२ को साधन, स्रोत तथा उपयोगको स्थिति

(रु. करोडमा)

विवरण	२०८० असार	२०८१ असार	२०८२ असार*
पुँजी तथा जगेडा कोष	५९३२	६३०२	६७५२
बचत तथा निक्षेप	१६७०९	१७६६६	१९९७५
सापटी	२१४२४	२३०७४	२३९४९
अन्य	४७०९	५६७५	७११८
नाफा हिसाब	५१९	६८६	९२३
जम्मा साधन	४९२९३	५३४०३	५८७१७
तरल कोष	२६९६	३४५९	४२५१
लगानी	९३४	१०१९	१०५३
कर्जा तथा सापट	४३२२४	४५५८५	४९१८०
अन्य	२३३४	३२९४	४१७१
नोक्सान हिसाब	१०५	४६	६२
जम्मा उपयोग	४९२९३	५३४०३	५८७१७

*अपरिष्कृत

गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण

२.५६ सुपरिवेक्षकीय दायरामा रहेका सम्पूर्ण संस्थाहरूको निरीक्षण तथा सुपरिवेक्षणसम्बन्धी कार्यका लागि आर्थिक वर्ष २०८१/८२ मा एकीकृतरूपमा गैर-बैंक वित्तीय संस्था निरीक्षण तथा सुपरिवेक्षण कार्यविधि, २०८१ तयार गरी कार्यान्वयनमा ल्याइएको छ।

२.५७ समीक्षा अवधिमा विप्रेषण कारोबार गर्ने १२ कम्पनीहरूको समष्टिगत स्थलगत निरीक्षण र १० बैंकहरू गरी जम्मा २२ विप्रेषण कारोबार गर्ने बैंक/कम्पनीहरूको निरीक्षण कार्य सम्पन्न गरिएको छ। साथै, हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेण्ट एण्ड डेभलपमेन्ट कम्पनी लि. र राष्ट्रिय सहकारी बैंक लिमिटेडको स्थलगत निरीक्षण कार्यसमेत सम्पन्न गरिएको छ।

२.५८ समीक्षा अवधिमा उपत्यकाभित्रका ३४ मनिचेन्जर कम्पनी, २४ टुर्स ट्राभल्स तथा ट्रेकिङ्ग कम्पनी, ८ हायरपर्चेज कम्पनी, १२ होटल, १ क्यासिनो, ६ कार्गो कम्पनी, ६ एयरलायन्स कम्पनी र अन्य ७ गरी ९८ कम्पनीहरू तथा उपत्यकाबाहिरका १२ मनिचेञ्जर तथा १२ होटल र १ ट्राभल्स तथा टुर्सहरू, २ क्यासिनो र १ अन्य गरी जम्मा २८ कम्पनीहरूको स्थलगत निरीक्षण कार्य सम्पन्न गरिएको छ।

सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण

२.५९ आर्थिक वर्ष २०८१/८२ मा सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण कार्यका लागि छुट्टै महाशाखा स्थापना गरिएको छ।

२.६० आर्थिक वर्ष २०८१/८२ मा ४० सूचक संस्थाहरूको सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी नियमित सुपरिवेक्षण तथा २३ संस्थाको २७ पटक विशेष निरीक्षण गरिएको छ। सोही अवधिमा लक्षित वित्तीय कारबाही (Targeted Financial Sanction) सन्दर्भमा सबै इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरूको स्थलगत निरीक्षण गरिएको छ।

२.६१ समीक्षा अवधिमा सम्पत्ति शुद्धीकरण, आतङ्कारी क्रियाकलाप तथा आम-विनाशकारी हातहतियार निर्माणमा वित्तीय लगानीको निवारणसँग सम्बन्धित प्रचलित कानुन, ऐन, नियम तथा बैंकबाट जारी भएका निर्देशनहरूको अनुपालना नभएको कारण "क" वर्गको वाणिज्य बैंक १, "ख" वर्गका विकास बैंकहरू २ र भुक्तानी सेवा प्रदायक २ सूचक संस्थाहरूलाई वित्तीय तथा गैर वित्तीय कारबाही गरिएको छ।

२.६२ नेपाल राष्ट्र बैंकले गरेको सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कारी कार्यमा वित्तीय लगानी निवारण (AML/CFT) सम्बन्धी वार्षिक गतिविधिको प्रतिवेदन नियमित रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (OPMCM) लाई समर्पित पोर्टलमार्फत पठाउने गरिएको छ।

२.६३ वित्तीय जानकारी इकाई (FIU) सँग अन्तरक्रिया र सम्पर्क कायम गर्न goAML सन्देश बोर्ड प्रयोग गर्ने गरिएको छ।

विदेशी विनिमय व्यवस्थापन

विदेशी विनिमय नियमन

२.६४ आर्थिक वर्ष २०८१/८२ मा बैंक तथा वित्तीय संस्थाले विदेशबाट भित्र्याएको विदेशी मुद्राको ऋणमा निहित विनिमय जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न नेपाल राष्ट्र बैंक स्वाप कारोबार विनियमावली, २०८१ जारी गरिएको छ।

२.६५ विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ तथा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा भएको संसोधनबमोजिम नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ (चौथो संशोधनसहित) जारी गरिएको छ।

२.६६ परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारतबाहेक अन्य मुलुकहरूबाट प्रतीतपत्र बाहेक Documents Against Payment तथा Documents Against Acceptance को माध्यमबाट आयात गर्ने अधिकतम सीमा अमेरिकी डलर १,००,००० कायम गरिएको छ।

२.६७ परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारतबाहेक तेस्रो मुलुकहरूबाटड्राफ्ट/टी.टी. को माध्यमबाट आयात गर्ने अधिकतम सीमा अमेरिकी डलर ५०,००० कायम गरिएको छ।

२.६८ समीक्षा अवधिमा सुनचाँदी व्यवसाय गर्ने उद्योगले चाँदीका गरगहना, कलात्मक वस्तु, भाँडाकुँडा आदि बनाउन औद्योगिक कच्चा पदार्थको रूपमा आफ्नै प्रयोजनको लागि चाँदी आयात गर्दा प्रतिपटक अमेरिकी डलर ३,००,००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्न सक्ने गरी सीमा कायम गरिएको र अन्य सुनचाँदी व्यवसायीलाई चाँदी आयात गर्दा प्रतिपटक अमेरिकी डलर १,००,००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्न सक्ने सीमा कायम गरिएको छ।

२.६९ भारतबाहेक अन्य मुलुकको भ्रमणमा जाने नेपाली नागरिकहरूलाई राहदानीबापत प्रतिपटक अमेरिकी डलर २,५०० वा सो बराबरको परिवर्त्य विदेशी मुद्रासम्म सटही सुविधा प्रदान गर्न सकिने व्यवस्था गरिएको छ। यस्तै, स्थलमार्गबाट चीनको स्वशासित क्षेत्र तिब्बत (नियमानुसार सीमा ओहोर दोहोर गर्ने व्यक्तिहरू बाहेक) र स्थलमार्गबाट सार्क मुलुकहरू (भारतबाहेक) मा निजी भ्रमण जाने व्यक्तिहरूलाई सम्बन्धित देशको प्रवेशाज्ञा भएमा एक पटकमा बढीमा अमेरिकी डलर १,००० र एक आर्थिक वर्षमा बढीमा अमेरिकी डलर २,००० कायम गरिएको छ।

२.७० समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूले प्रचलित व्यवस्थाअन्तर्गत रही पछि परिवर्त्य विदेशी मुद्रामा नै हिसाबमिलान गर्नुपर्ने सर्तमा खातामा मौज्दात रहेको अवस्थामा अमेरिकी डलर २५,०००।- सम्म खर्च गर्न सकिने गरी क्रेडिट कार्ड जारी गर्न सक्ने सीमा कायम गरिएको छ।

२.७१ नेपाली नागरिकहरूको नाममा खोलिएको कुनै पनि किसिमको परिवर्त्य विदेशी मुद्रा खाताबाट सम्बन्धित खातावाला र निजको परिवारका सदस्यहरूलाई विदेशी संस्थाबाट लिइएको सेवा पुष्टि हुने आवश्यक कागजातको आधारमा सम्बन्धित संस्थालाई वार्षिक अमेरिकी डलर २५,००० सम्म भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ।

२.७२ विदेशी मुद्रामा आय आर्जन गरी विदेशी मुद्रामा खाता भएका नेपाली नागरिकहरू विदेश भ्रमणमा जाँदा आवश्यक कागजात लिई आफ्नो खातामा भएको विदेशी मुद्रा प्रचलित व्यवस्थाबमोजिम उपयोग गर्न चाहेमा विदेशी मुद्रा मौज्दातबाट एक पटक वा पटक पटक गरी वर्षमा बढीमा अमेरिकी डलर २५,०००।- सम्म वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रामा बैंकिङ्ग उपकरणमार्फत उपयोग गर्न सक्ने सीमा कायम गरिएको छ।

२.७३ आर्थिक वर्ष २०८१/८२ मा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूमा काम गरी तलब भत्ता तथा पेन्सनको रूपमा विदेशी मुद्रा आर्जन गर्ने नेपाली नागरिकहरूले आवश्यक कागजातको आधारमा नेपाली बैंकहरूमा खोलिएको विदेशी मुद्रा खातामा जम्मा भएको परिवर्त्य विदेशी मुद्रा प्रचलित व्यवस्थाले खर्च गर्न छुट दिएका वस्तु आयात गर्न, पर्यटन र सेवा खरिदका लागि नेपाल भित्रिएको कुल परिवर्त्य विदेशी मुद्राको ७० प्रतिशत बराबरसम्मको परिवर्त्य विदेशी मुद्रा उपयोग गर्न सकिने व्यवस्था गरिएको छ। तर, यस्तो सटही सुविधा एक पटकमा अमेरिकी डलर २५,०००।- सम्म वा पटक पटक गरी एक वर्षमा जम्मा अमेरिकी डलर ३०,०००।- सम्म प्रदान गर्दा उल्लिखित ७० प्रतिशतको सीमा लागू नहुने व्यवस्था गरिएको छ।

२.७४ समीक्षा अवधिमा परिवर्त्य विदेशी मुद्रामा खोलिएका खाताबाट आफ्नो तथा आफ्नो Sister Concern को लागि विदेशी संस्थाबाट लिने विविध सेवा, अदृश्य आयात (Invisible Import) लिए/गरेको पुष्टि हुने कागजात/बिल बीजकको आधारमा मासिक रूपमा बढीमा अमेरिकी डलर २५,०००।- सम्म सम्बन्धित पक्षलाई भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ।

२.७५ विप्रेषण कारोबारबापत सम्झौता गरिएको विदेशी संस्थाबाट प्राप्त भएको कमिसन बापतको आर्जित रकमबाट खोलेको विदेशी मुद्रा खाताबाट आफ्नो प्रयोजनको लागि प्रचलित व्यवस्था बमोजिम गरिने आयातको भुक्तानी गर्न सकिने साबिकको रकम अमेरिकी डलर २५,०००।- कायम गरिएको छ।

२.७६ ट्राभल, ट्रेकिङ्ग, कार्गो, कुरियर, होटल, एयरलाइन्स तथा सोको जि.एस.ए/पि.एस.ए र अन्य निकायहरूले रिप्याट्रिएशन खाताबाट रिप्याट्रिएशन गरी बाँकी रहेको विदेशी मुद्राबाट अमेरिकी डलर २५,०००।- वा सो बराबरसम्मको सेवा लिएबापत विदेशी संस्थालाई भुक्तानी गर्ने प्रयोजनको लागि खर्च गर्न सकिने गरी सीमाकायम गरिएको छ।

२.७७ आर्थिक वर्ष २०८१/८२ मावार्षिक १०० (एक सय) सम्म कामदार पठाउने वैदेशिक रोजगार व्यवसायी फर्म/कम्पनी/संस्थाहरूको व्यापार प्रवर्द्धन खर्च, मनोरञ्जन खर्चबापत व्यवसायीहरू वैदेशिक भ्रमणमा जाँदा निवेदनको आधारमा आफ्नो विदेशी मुद्रा खाताबाट बैंक तथा वित्तीय संस्थाहरूले वर्षमा एक पटक वा पटक पटक गरी बढीमा अमेरिकी डलर २५,०००।- सम्म सटही सुविधा दिन सकिने व्यवस्था गरिएको छ। साथै, वर्षमा १०० जना भन्दा बढी कामदार पठाउने वैदेशिक रोजगार कम्पनीहरूको हकमा वर्षमा एक पटक वा पटक पटक गरी बढीमा अमेरिकी डलर ३०,०००।- सम्म सटही सुविधा दिन सकिने व्यवस्था गरिएको छ।

२.७८ यस बैंकबाट इजाजतपत्रप्राप्त "क" वर्गका बैंक तथा राष्ट्रिय स्तरका "ख" वर्गका विकास बैंकहरूले गैर-आवासीय नेपाली तथा गैर-आवासीय नेपालीबाट प्रवर्द्धित विदेशस्थित संस्थाको निक्षेप सङ्कलन गर्न खोलिएको खाताको मौज्दातले खामेसम्म खातामा रहेको रकमलाई एयरमार्क गरी एकै पटक वा पटक-पटक गरी प्रतिवर्ष अमेरिकी डलर १००,०००।- सम्म खर्च हुने सक्ने गरी विद्युतीय कार्ड वा अन्य विद्युतीय भुक्तानीका उपकरण जारी गर्न सकिने व्यवस्था गरिएको छ।

२.७९ प्रतीतपत्रमार्फत आयात गर्दा Copy Document को आधारमा वि.वि.नि.फा.नं. ४/४(ग) जारी भएको मितिले ६० दिनभित्र Original Document पेस भइसक्नुपर्ने व्यवस्था गरिएको छ।

२.८० समीक्षा अवधिमा भारतबाहेक तेस्रो मुलुकहरूबाट प्रतीतपत्र बिना ड्राफ्ट/टी.टी.को माध्यमबाट आयात गर्दा सटही सुविधा प्रदान भएको १२० दिनभित्र सामान आयात गरिसक्नुपर्ने व्यवस्था गरिएको छ।

२.८१ हवाइजहाज, दूरसञ्चार र मेडिकल इक्विपमेण्टका पार्टपूर्जाहरू तत्कालै विदेशबाट मगाउनुपरेको अवस्थामा र बिक्रेताले उधारोमा दिएमा अधिकतम अमेरिकी डलर १,००,००० सम्मका त्यस्ता सामानहरू अन्तर्राष्ट्रिय विमानस्थल भन्सार नाकाबाट आयात गर्न सकिने व्यवस्था गरिएको छ।

२.८२ सामान आयात वा निर्यातको सिलसिलामा पोर्ट अथोरिटी, ढुवानी/कन्टेनर सेवाप्रदायक वा सोसम्बन्धी कार्य गर्ने निकाय/संस्थामा तिर्नुपर्ने डेमुरेज (Demurrage) तथा डिटेन्सन (Detention) शुल्कको लागि सम्बन्धित आयात/निर्यातको लागि जारी भएको ढुवानीसम्बन्धी कागजातको प्रतिलिपि र सो ढुवानी कागजातको नम्बरसमेत उल्लेख भई सम्बन्धित निकाय/संस्थाबाट जारी भएको बिलबिजकको आधारमा सटही प्रदान गर्न सकिने व्यवस्था गरिएको छ।

२.८३ वैदेशिक रोजगारीमा अष्ट्रेलिया जाने नेपाली नागरिकलाई समेत राहदानीबापत अधिकतम अमेरिकी डलर ५०० सटही सुविधा उपलब्ध गराउने व्यवस्था गरिएको छ।

२.८४ विदेशस्थित अस्पतालमा गई औषधोपचार गराउने र आवश्यक औषधी खरिद गर्ने प्रयोजनका लागि नेपाली नागरिकहरूलाई बैंक तथा वित्तीय संस्थाहरूले वार्षिक अमेरिकी डलर १५,००० सटही सुविधा प्रदान गर्न

सक्ने व्यवस्था गरिएको छ। यस्तो सुविधाबाट उपचारजन्य उपकरणसमेत खरिद गर्न सकिने व्यवस्था गरिएको छ।

२.८५ परिवर्त्य विदेशी मुद्राको स्रोत भएका संस्थाबाट परिवर्त्य विदेशी मुद्रामा पारिश्रमिक प्राप्त गर्ने गरी नेपालमा कार्यरत भारतीय नागरिकलाई परिवर्त्य विदेशी मुद्रामा समेत पारिश्रमिकको रिप्याट्रियशन सुविधा प्रदान गर्न सकिने व्यवस्था गरिएको छ।

२.८६ आर्थिक वर्ष २०८१/८२ मा इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूले विदेशी विश्वविद्यालयको सम्बन्धनमा नेपाल सरकारको अनुमति लिई खुलेका नेपालस्थित शिक्षण संस्थाहरूलाई सम्बन्धन, परीक्षा लगायतका शुल्कहरूको भुक्तानी सीमा अमेरिकी डलर २५,००० कायम गरिएको छ।

२.८७ बस/मिनिबसको बडी निर्माणको लागि भारतीय फर्म, कम्पनी, वा संस्थाले भुक्तानी पाउने गरी प्रति सवारी भा.रु.१५ लाखसम्मको सटही सुविधा बैंक तथा वित्तीय संस्थाबाटै प्रदान गर्न सकिने व्यवस्था गरिएको छ।

२.८८ विदेशबाट विदेशी मुद्रा प्राप्त भएको आधारमा फर्म, कम्पनी, संघ, संस्थाले भारत तथा तेस्रो मुलुकका सेवा आयात गरी अन्य मुलुक (भारत समेत) मा निर्यात व्यापार गर्न विदेशी मुद्रा प्राप्त गर्ने सम्बन्धित वाणिज्य बैंकले विदेशी मुद्राको सुविधा उपलब्ध गराउन सक्ने व्यवस्था गरिएको छ।

२.८९ मनिचेञ्जरले पोइन्ट अफ सेल्स (पी.ओ.एस.), क्युआर कोडलगायतका विद्युतीय माध्यमबाट सटही सुविधा दिन यस बैंकको स्वीकृति आवश्यक नपर्ने व्यवस्था गरिएको छ।

२.९० नेपालमा कार्यरत रही परिवर्त्य विदेशी मुद्रामा पारिश्रमिक प्राप्त गर्ने भारतीय नागरिकको हकमा सो प्रमाणित हुने कागजातको आधारमा परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न तथा सञ्चालन गर्न सकिने व्यवस्था गरिएको छ।

२.९१ परिवर्त्य विदेशी मुद्रामा लिएको ऋणको किस्ता (सावाँ, ब्याज) विभिन्न परिस्थितिजन्य कारणले सम्बन्धित फर्म/कम्पनी/उद्योगहरूको विदेशी मुद्रा आम्दानी नभएर परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्न नसकिने अवस्था भएमा २०८२ असार मसान्तसम्मका लागि सम्बन्धित बैंक-वित्तीय संस्थाले प्रचलित विनिमय दरका हिसाबले नेपाली रुपैयाँमा असुल गराउन सक्ने व्यवस्था गरिएको छ।

२.९२ होटलहरूले प्रतिग्राहक अधिकतम अमेरिकी डलर १,००० सम्मको परिवर्त्य विदेशी मुद्रा एक बसाइ अवधिमा एकै पटक वा पटक-पटक गरी सटही प्रदान गर्न सकिने व्यवस्था गरिएको छ।

२.९३ "नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०७९" बमोजिम इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीले बाहेक अन्यले सब-एजेण्ट/सब-रिप्रिजेन्टेटिभ नियुक्त गर्न नसक्ने व्यवस्था गरिएको छ।

२.९४ परिवर्त्य विदेशी मुद्राको सूचीमा ओमानी रियाल (OMR) थप गरिएको छ।

२.९५ इजाजतपत्रप्राप्त "क" वर्गका बैंकले Proprietary अन्तर्गतका Derivatives कारोबारको हकमा वक्यौता खरिद र बिक्री (Buy/Sale) दुवैको जोड प्राथमिक पुँजीको २० प्रतिशतभन्दा बढी हुन नहुने गरी सीमा कायम गरिएको छ।

विदेशी मुद्रा कारोबार गर्न इजाजत

२.९६ २०८२ असार मसान्तसम्म यस बैंकबाट जारी गरिएको "नेपाल राष्ट्र बैंक विदेशी विनिमय कारोवार इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ (संशोधनसहित)" बमोजिम विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त संस्थाहरूमा वाणिज्य बैंक २०, विकास बैंक ९, फाइनान्स कम्पनी ७, क्यासिनो ८ र अन्य

संस्थाहरू २२६१ रहेका छन्। त्यसैगरी, "नेपाल राष्ट्र बैंक मनिचेञ्जर इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ (संशोधन सहित)" बमोजिम ३०८ मनिचेञ्जरहरूलाई इजाजतपत्र प्रदान गरिएको छ।

२.९७ "नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०७९ (संशोधनसहित)" बमोजिम विपेषण कारोबार गर्न इजाजतपत्रप्राप्त संस्थाहरूमा वाणिज्य बैंक १९, विकास बैंक ५ र अन्य संस्थाहरूमा २४ विप्रेषण कम्पनीहरू रहेका छन्।

वस्तु तथा सेवा आयात/निर्यात

२.९८ समीक्षा अवधिमा विदेशी फर्म, कम्पनी तथा संस्थासँग नेपालमा दर्ता भएका फर्म, कम्पनी वा संस्थाले सम्झौता गरी सेवा खरिद गरेबापत वाणिज्य बैंकहरूले प्रदान गर्न सक्ने विदेशी मुद्रा सटही सुविधाको सीमाका अतिरिक्त यस बैंकमा पेस हुन आएका १,६७९ फाइलमार्फत रु.२१ अर्ब ५२ करोड बराबरको विदेशी मुद्राको सटही सुविधा प्रदान गरिएको छ।

२.९९ निर्यात व्यापारलाई प्रोत्साहन गर्ने उद्देश्यले विभिन्न निर्यातकर्ता फर्म, कम्पनी वा संस्थाहरूलाई वाणिज्य बैंकहरूबाट भुक्तानी भएको रु. १ अर्ब १९ करोड ७० लाख बराबरको निर्यातमा नगद अनुदान रकमको शोधभर्ना उपलब्ध गराइएको छ।

विदेशी विनिमय सञ्चिति तथा लगानी

२.१०० २०८१ असार मसान्तमा यस बैंकको विदेशी विनिमय सञ्चिति लगानी अमेरिकी डलरमा १३ अर्ब ६२ करोड रहेकोमा २०८२ असार मसान्तमा यस्तो रकम अमेरिकी डलरमा १७ अर्ब ५० करोड रहेको छ।

२.१०१ विदेशी विनिमय सञ्चितिको प्रभावकारी व्यवस्थापन गर्न सुरक्षा, तरलता तथा प्रतिफलको आधारमा सञ्चिति लगानीलाई विभिन्न बैंकहरूमा आवधिक निक्षेप, केन्द्रीय बैंकबाट जारी हुने ट्रेजरी बिल्स तथा नोट्स, चीनियाँ सरकारी बण्ड, बैंक फर इन्टरनेसनल सेटलमेन्टले जारी गरेका FIXBIS र Medium Term Investment (MTI) लगायतका उपकरणहरूमा केन्द्रित गरिएको छ। यस अवधिमा अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्यमा आएको उतार चढावका कारण सुनमा वाञ्छित सीमाअनुसार लगानी हुन सकेको छैन।

२.१०२ बैंकले अमेरिकी डलर, युरो, पाउण्ड स्टर्लिङ, चीनियाँ युआन, जापानी येन, अष्ट्रेलियन डलर, क्यानेडियन डलर र भारतीय रुपैयाँको लगानीयोग्य उपकरणहरूमा लगानी गर्दै आएको छ। २०८२ असार मसान्तमा कुल लगानीमा मुख्य हिस्सा अमेरिकी डलर (५९.०६ प्रतिशतं) रहेको छ।

२.१०३ अमेरिकी फेडरल रिजर्भ बैंकलगायत अधिकांश केन्द्रीय बैंकहरूले नीतिगत दर घटाएको कारणले आर्थिक वर्ष २०८१/८२ मा विदेशी विनिमय सञ्चितिबाट प्राप्त प्रतिफल ४.२३ प्रतिशत रहेको छ।

२.१०४ आर्थिक वर्ष २०८१/८२ मा बैंकले लगानी व्यवस्थापन गर्ने सिलसिलामा CIMB Bank Berhad, Singapore; Mashreq Bank PSC, UAE र Standard Chartered Bank, Singapore लाई लगानीयोग्य काउण्टरपार्टीहरूको रूपमा सूचीकृत गरी सो बैंकहरूसँग Relationship Management Application (RMA) स्थापना भई कारोबार सुरु गरेको छ।

२.१०५ विदेशी विनिमय सञ्चिति व्यवस्थापनलाई थप प्रभावकारी बनाउने प्रयोजनको लागि अन्तर्राष्ट्रिय मुद्रा कोषले उपलब्ध गराएको प्राविधिक सहायता प्रतिवेदन (Technical Assistance Report Nepal: Improving the Foreign Exchange Reserves Management Framework) बाट प्राप्त सुझाव समेटी तयार गरिएको "नेपाल राष्ट्र बैंक विदेशी विनिमय लगानी नीति, २०८१" कार्यान्वयनमा ल्याइएको छ।

वैदेशिक लगानी तथा ऋण

२.१०६ आर्थिक वर्ष २०८१/८२ मा विदेशी मुद्रा भित्र्याउनु पूर्व यस बैंकलाई दिइने लिखित जानकारीमार्फत रु.७१ अर्ब २२ करोड, सेयर स्वामित्व परिवर्तनमार्फत नेपाली उद्योगमा कायम रहेका कुल नेपाली सेयरधनीहरूको सेयरधारण अनुपात घट्ने गरी भएको विदेशी लगानीको लागि रु. ८ अर्ब ४६ करोड तथा लगानी समर्थन स्वीकृतिमार्फत रु.२३ करोड गरी कुल रु.७९ अर्ब ९२ करोड बराबरको विदेशी लगानीबापत विदेशी मुद्रा भित्र्याउन अनुमति प्रदान गरिएको छ। साथै, उक्त अवधिमा यस बैंकबाट अनुमति प्राप्त बैंक/वित्तीय संस्थालाई रु.८ अर्ब ६५ करोडर अन्य उद्योग/कम्पनीलाई रु. ५१ अर्ब ७८ करोड गरी कुल रु.६० अर्ब ४३ करोड बराबरको वैदेशिक ऋण भित्र्याउन अनुमति प्रदान गरिएको छ।

२.१०७ समीक्षा अवधिमा रु.११ अर्ब ३० करोड बराबरको विदेशी लगानी र रु.५४ अर्ब ८३ करोड बराबरको विदेशी ऋणको लेखाङ्कन भएको छ। साथै, उक्त अवधिमा प्रत्यक्ष विदेशी लगानी फिर्ता, ऋणमार्फत भित्रिएको विदेशी लगानीको साँवा र ब्याज, विदेशी लगानीबाट आर्जित लाभांश, प्रविधि हस्तान्तरणबवापतको रोयल्टी तथा विदेशी लगानीसँग सम्बन्धित विभिन्न शुल्कहरू भुक्तानीको लागि जम्मा रु.३३ अर्ब ६ करोड बराबरको विदेशी मुद्रा सटहीको स्वीकृति प्रदान गरिएको छ।

भुक्तानी प्रणाली

२.१०८ नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूलाई भुक्तानी सेवा प्रदायकको रूपमा कार्य गर्न अनुमतिपत्र प्रदान गर्ने व्यवस्थाअनुरूप आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्ममा २० वाणिज्य बैंक, १७ विकास बैंक, १५ वित्त कम्पनी र १२ लघुवित्त वित्तीय संस्थाहरूलाई अनुमतिपत्र प्रदान गरिएको छ। समीक्षा अवधिमा १३ भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरूको अनुमतिपत्र नवीकरण गरिएको छ।

२.१०९ भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरूलाई विदेशी संस्थाहरूसँग सहकार्य गरी अन्तरदेशीय भुक्तानी कारोबारको Acquiring सेवा सञ्चालन गर्न/प्रक्रिया अघि बढाउन स्वीकृति प्रदान गरिएको छ। यसैगरी, फोनपे पेमेन्ट सर्भिस लि. लाई नेपालमा जारी भएका भुक्तानी उपकरणहरू (कार्डबाहेक) को प्रयोग गरी भारतमा क्यूआर कोडमार्फत Person2Merchantको भुक्तानी कारोबार गर्न Issuing सेवा सञ्चालन गर्न स्वीकृति प्रदान गरिएको छ।

२.११० "भुक्तानी तथा फस्यौंट विनियमावली (संशोधनसमेत), २०७७" को व्यवस्थाबमोजिम २ भुक्तानी सेवा प्रदायक संस्थाहरूलाई एक आपसमा गाभिई एकीकृत कारोबार सुरु गर्न अन्तिम स्वीकृति प्रदान गरिएको छ।

२.१११ "भुक्तानी तथा फस्यौंट ऐन, २०७५", "भुक्तानी तथा फछ्यौंट विनियमावली, २०७७", "भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८१" तथा "सम्पत्ति शद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४" का विभिन्न प्रावधानहरूको उल्लङ्घन गरेको पाइएकोले २ भुक्तानी सेवा प्रदायकको अनुमतिपत्र खारेज गरिएको छ।

२.११२ लामो समयदेखि कारोबार नगरी निष्क्रिय रहेको १ भुक्तानी सेवा प्रदायकको अनुमतिपत्र नवीकरण गरिएको छैन। यसैगरी, यस बैंकको निर्देशनको पूर्ण परिपालना नगरेको १ भुक्तानी सेवा प्रदायकको अनुमतिपत्र खारेज गरिएको छ।

२.११३ विद्युतीय भुक्तानी पूर्वाधारमा भएको विकास, विद्युतीय भुक्तानी कारोबारको लागि गरिएको प्रोत्साहन र सर्वसाधारणको विद्युतीय भुक्तानी उपकरण प्रयोगमा बढ्दो अभ्यासका कारण आर्थिक वर्ष २०८१/८२ मा विद्युतीय कारोबार उल्लेख्य बढेको छ (तालिका २.११ र २.१२)।

तालिका २.११ : विद्युतीय भुक्तानीका सूचकहरू

क्र.सं.	सूचकहरू	२०८१ असार मसान्त	२०८१ असार मसान्त	प्रतिशत परिवर्तन
		सङ्ख्यामा		
१	भुक्तानी प्रणली सञ्चालक (PSO)	९	९	०
२	भुक्तानी सेवा प्रदायक (PSP)	२६	२२	-१५.३८
३	भुक्तानी सेवा प्रदायकहरू(PSPs) मा आधिकारिक एजेन्ट	१७,५६३	४,२७,७८७	२३३५.७३
४	वालेट प्रयोगकर्ता	२,३४,६१,१०७	२,६७,६५,६६०	१४.०९
५	डेबिट कार्ड	१,२८,९३,५२८	१,३६,६५,७९२	५.९९
६	क्रेडिट कार्ड	२,८९,२३९	३,१८,४२८	१०.०९
७	प्रिपेड कार्ड	१,८१,७२४	२,५०,६९५	३७.९५
८	मोबाइल बैकिङ प्रयोगकर्ता	२,४६,४८,८४६	२,७७,४१,२८४	१२.५५
९	इन्टरनेट बैकिङ प्रयोगकर्ता	१९,१९,३२२	२२,१९,३४१	१५.६३
१०	RTGS सहभागी	४४	४४	०
११	ConnectIPS का प्रयोगकर्ता	१२,७६,८८६	१४,४१,४७१	१२.८९
१२	ECC मा सहभागी	५४	५४	०

२.११४ RTGS प्रणालीमा २० वाणिज्य बैंक, ११ विकास बैंक, १२ वित्त कम्पनी र नेपाल पूर्वाधार विकास बैंक गरी हाल जम्मा ४४ बैंक तथा वित्तीय संस्थाहरू आबद्ध भएका छन् । समीक्षा अवधिमा RTGS प्रणालीमार्फत देहायबमोजिम कारोबार भएको छ (तालिका २.१२) ।

तालिका २.१२ : RTGS प्रणालीमार्फत भएका कारोबार विवरण

Types of Transfers	कारोबार सङ्ख्या	कारोबार रकम (रु.दस लाख)
Customer Transfers	३,४८,६४९	५९,२८,२२१
Interbank Transfer	५८,००८	५०,३६,४३६
NCHL Settlements	३,५२,०८३	८९,२३,९७७
NRB Payments	८२,८९९	५,५१,००,०८२

२.११५ आर्थिक वर्ष २०८१/८२ मा यस बैंकबाट भुक्तानीसम्बन्धी कार्य गर्न अनुमतिपत्रप्राप्त गरी सञ्चालनमा रहेका भुक्तानी सेवा प्रदायक (Payment Service Provider -PSP) १३ तथा भुक्तानी प्रणाली सञ्चालक (Payment Systems Operator -PSO) ३ गरी १६ संस्थाहरूको स्थलगत निरीक्षण, ५ संस्थाको AML/CFT Focused विशेष स्थलगत निरीक्षण र २२ संस्थाहरूको गैर-स्थलगत सुपरिवेक्षण सम्पन्न गरिएको छ । निरीक्षणमा देखिएका कैफियतको आधारमा विभिन्न ७ संस्थाहरूलाई सचेत तथा काराबाही गरिएको छ । साथै, समिक्षा अवधिमा ६ बैंक तथा वित्तीय संस्थाहरूको RTGS सञ्चालनसम्बन्धी स्थलगत निरीक्षण सम्पन्न गरिएको छ ।

२.११६ भुक्तानी प्रणालीको सुरक्षा, जोखिमको पहिचान र व्यवस्थापन, संस्थागत सुशासन, अन्तरदेशीय भुक्तानी कारोबार, आधिकारिक प्रतिनिधिसम्बन्धी व्यवस्थालगायतका विषयमा समयानुकुल सुधार गरी भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८१ जारी गरिएको छ ।

२.११७ भुक्तानीसम्बन्धी कार्य गर्न अनुमतिपत्रप्राप्त संस्था (बैंक तथा वित्तीय संस्थाबाहेक) ले आर्जन गरेको मुनाफाको बाँडफाँट तथा लाभांश वितरणसम्बन्धी व्यवस्थालाई पारदर्शी एवम् व्यवस्थित बनाउने अभिप्रायले

"भुक्तानीसम्बन्धी कार्य गर्न अनुमतिपत्रप्राप्त संस्था (बैंक तथा वित्तीय संस्थाबाहेक) का लागि लाभांश वितरणसम्बन्धी मार्गदर्शन, २०८२" जारी गरिएको छ ।

२.११८ बैंकिङ तथा भुक्तानी प्रणाली क्षेत्रका वित्तीय नवप्रवर्तकहरूलाई नियामकसँगको सहज पहुँच विस्तार गरी नवप्रवर्तनलाई थप उत्प्रेरित गर्ने उद्देश्यले अन्य नियामक एवम् सरोकारवाला निकाय र निजी क्षेत्रको सहभागिता हुने गरी स्थापना गरिएको Digital Finance Innovation Hub (DiFI-Hub) ले कार्य प्रारम्भ गरेको छ ।

२.११९ अन्तरदेशीय भुक्तानी कारोबारका सम्बन्धमा SWIFT का अतिरिक्त अन्य भुक्तानी उपकरणसमेत स्वीकार गर्ने गरी एकीकृत परिपत्र संशोधन गरिएको छ ।

२.१२० यस बैंकबाट भुक्तानी प्रणाली सञ्चालकको अनुमतिपत्रप्राप्त संस्था Visa Worldwide Pte. Ltd. बाट जारी भएको Visa B2B Connect उपकरण नेपालमा सञ्चालनमा ल्याउने सम्बन्धमा गरेको प्रस्ताव बैंकमा स्थापना गरिएको Digital Finance Innovation Hub (DiFI-Hub) मा छलफल भई संयन्त्रले उक्त संस्थालाई Non-Binding Guidance प्रदान गरेको छ ।

२.१२१ USSD प्रणालीलाई समेत प्रवर्द्धन गर्न यस प्रणालीमा आधारित भुक्तानी कारोबारको सीमा निर्धारण गर्नुका साथै सुरक्षासम्बन्धी व्यवस्थाका लागि निर्देशन जारी गरिएको छ ।

२.१२२ समीक्षा अवधिमा १७ भुक्तानी सेवा प्रदायक तथा ५ भुक्तानी प्रणाली सञ्चालक सहित २२ संस्थाहरूलाई वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गरिएको छ ।

२.१२३ नेपाल भ्रमणमा आउने पर्यटकलाई लक्षित गरी प्रिपेड कार्डमा आधारित Tourist App, विदेशमा रहेका नेपाली नागरिकहरूले प्रयोग गर्न मिल्ने गरी विप्रेषण कारोबार गर्नका लागि Remit as Merchant Payment, विदेशमा जारी भएका कार्डहरू लिंक गरी नेपाल आएका विदेशी नागरिकहरूले क्युआर कोडमार्फत विद्युतीय भुक्तानी कारोबार गर्नका लागि Digital wallet for Travelers, नेपाल टेलिकम तथा राष्ट्रिय बाणिज्य बैंकमा रहेको KYC सम्बन्धी विवरण API Sharing मार्फत प्राप्त गरी वालेट दर्ता गर्न सकिने व्यवस्था, आफ्ना ग्राहकहरूलाई Point of Sale (POS) मेशिनमार्फत अत्यावश्यक बैंकिङ सेवाहरू ग्राहकको घरदैलोमा पुऱ्याउने Door Step Banking जस्ता नवप्रवर्तनमा आधारित प्रविधिमैत्री सेवाहरू सञ्चालनको लागि स्वीकृति प्रदान गरिएको छ ।

२.१२४ आर्थिक वर्ष २०८०/८१ को भुक्तानी तथा फस्यौंटसम्बन्धी Oversight प्रतिवेदन तयार गरिएको छ ।

२.१२५ केन्द्रीय बैंक विद्युतीय मुद्रा सञ्चालनमा ल्याउनका लागि CBDC Base Prototype Version 0.1 तयार गरी परीक्षण गरिएको छ । साथै, सोसम्बन्धमा बैंकका कर्मचारीलाई जानकारी गराउन Virtual माध्यमबाट उक्त प्रणालीको सञ्चालनसम्बन्धी प्रयोगात्मक प्रस्तुति (Demonstration) गरिएको छ ।

२.१२६ अन्तर्राष्ट्रिय मुद्रा कोषबाट केन्द्रीय बैंक विद्युतीय मुद्रासम्बन्धी प्राविधिक सहयोग प्राप्त भएको छ ।

सूचना प्रविधि

२.१२७ आर्थिक वर्ष २०८१/८२ मा बैंकमा प्रयोग भइरहेको Human Resource Information System लाई Payroll, Pension, SRFSYS, DISP लगायतका अन्य प्रणालीसँग Application Programming Interface (API) मार्फत Integration गरिएको छ ।

२.१२८ यस बैंकको बैंकिङ विभाग, सुर्खेत कार्यालय तथा धनगढी कार्यालयमा Upgraded ECC तथा New RMIS (Risk Management Information System) प्रणाली सञ्चालनमा ल्याइएको छ ।

२.१२९ SWIFT System लाई सुरक्षित, भरपर्दो तथा व्यवस्थित तवरले सञ्चालन गर्न SWIFT Alliance Entry बाट SWIFT Alliance Cloud मा Migration गर्ने कार्य सम्पन्न गरी कार्यान्वयनमा ल्याइएको छ ।

२.१३० समीक्षा अवधिमा Consumer Price Index (CPI) Software तथा एसियन क्लियरिङ युनियनको Payment Messaging सँग सम्बन्धित ACUMER System सञ्चालनमा ल्याइएको छ।

२.१३१ साइवर सुरक्षा जोखिमको पहिचान, त्यसबाट हुने असर न्यूनीकरण र साइवर सुरक्षासम्बन्धी घटनामा तत्काल सहायताको लागि वित्तीय क्षेत्र कम्प्यूटर आकस्मिक सहायता समूह (Financial Sector Computer Emergency Response Team, FinCERT) गठन गरिएको छ।

२.१३२ यस बैंकभित्र सूचना प्रविधि पूर्वाधारहरूको सुरक्षा जोखिमलाई व्यवस्थापन गर्न Cyber Security Framework र IT Governance Framework तयार गरिएको छ। साथै, सूचना प्रविधि प्रणालीमा हुनसक्ने संभावित साइवर आक्रमणको पहिचानको लागि बैंकमा प्रयोग भएका विभिन्न सिष्टमको Log विवरणहरू केन्द्रीकृत रूपमा सङ्कलन गरी शङ्कास्पद गतिविधिहरूको विश्लेषण गर्ने कार्यको लागि Security Information and Event Management System (SIEM) प्रयोगमा ल्याइएको छ।

२.१३३ विपद व्यवस्थापनको लागि बैंकको Critical Business Functions र Processes हरूको निरन्तरतालाई सुनिश्चित गर्न IT Disaster Recovery Plan तयार गरिएको छ। बैंकको सूचना सुरक्षालाई थप सुदृढीकरणका लागि Chief Information Security Officer (CISO) र Information Security Officer नियुक्त गरी Cyber Security Unit स्थापना गरिएको छ।

२.१३४ सूचना प्रविधि परिवर्तन व्यवस्थापन नीति, २०८१ (Information Technology Change Management Policy, 2081) र सूचना प्रविधि परिवर्तन व्यवस्थापन कार्यविधि, २०८१ (Information Technology Change Management Procedure, 2081) तयार गरी कार्यान्वयनमा ल्याइएको छ।

२.१३५ बैंकमा सञ्चालनमा रहेका Web Based Applications हरूलाई Data Breach हुनबाट जोगाउन Web Application Firewall कार्यान्वयनमा ल्याइएको छ।

मुद्रा व्यवस्थापन

२.१३६ बैंकनोटको सुरक्षण विशेषता तथा नोटमा प्रयोग हुने प्राविधिक स्पेशिफिकेशनलाई अन्तर्राष्ट्रिय स्तरअनुसार अद्यावधिक/परिमार्जित गर्दै बैंकनोटलाई थप सुरक्षित तथा गुणस्तरीय बनाउँदै लगिएको छ। बैंकनोट डिजाइन, छपाइ तथा आपूर्तिको लागि ६ अन्तर्राष्ट्रिय सेक्युरिटी प्रिन्टर्स कम्पनीहरूलाई पूर्वयोग्यता सूचीमा समावेश गरिएको छ।

२.१३७ आर्थिक वर्ष २०८१/८२ मा देहायअनुसारका विभिन्न दरका नोट छपाइसम्बन्धी कार्य गरिएको छ:

- रु.५ दरको ३५ करोड थान बैंकनोट करार सम्झौताबमोजिम पहिलो लटअन्तर्गतको १३ करोड थान बैंकनोट आपूर्ति भई ढुकुटी दाखिला भएको छ।
- रु.१० दरको ३४ करोड थान बैंकनोट डिजाइन, छपाइ तथा आपूर्तिका लागि करार सम्झौताबमोजिम पहिलो लटअन्तर्गतको ९ करोड थान बैंकनोट आपूर्ति भई ढुकुटी दाखिला भएको छ।
- रु.२० दरको ३१ करोड थान बैंकनोट करार सम्झौताबमोजिम आपूर्ति भई ढुकुटी दाखिला भएको छ।

२.१३८ २०८२ असार मसान्तमा विभिन्न दरका रु.५१ अर्ब ५१ करोड ८२ लाख ४९ हजार बराबरको नयाँ नोट स्टक मौज्दात रहेको छ। अघिल्लो वर्ष यस्तो मौज्दात रु.१४५ अर्ब ७ करोड ४ लाख ९९ हजार रहेको थियो (तालिका २.१३)।

तालिका २.१३ : नयाँ नोट स्टक मौज्दात विवरण

दर (रु.)	२०८० असार	२०८१ असार	२०८२ असार	वृद्धि प्रतिशत	
				२०८१ असार	२०८२ असार
१	५०,०००	५०,०००	५०,०००	-	-
२	६,३००,०००	६,३००,०००	६,३००,०००	-	-
५	४५७,५००,०००	१७१,२५०,०००	६५०,०००,०००	(६२.५७)	२७९.५६
१०	१,३६२,८९९,०४०	७२४,३९९,०४०	१,४४४,८९९,०४०	(४६.८५)	९९.४६
२०	६७०,०००,०००	२,०२१,०००,०००	५,६४७,०००,०००	२०१.६४	१७९.४२
५०	१,३५२,५००,०००	२८७,५००,०००	२८५,०००,०००	(७८.७४)	(०.८७)
१००	११,९२५,०००,०००	५,०१०,०००,०००	४,७८५,०००,०००	(५७.९९)	(४.४९)
५००	८२,०७५,०००,०००	६२,२५०,०००,०००	२२,७००,०००,०००	(२४.१५)	(६३.५३)
१०००	११८,७००,०००,०००	७४,६००,०००,०००	१६,०००,०००,०००	(३७.१५)	(७८.५५)
कुल रकम	**२१६,५४९,२४९,०४०**	**१४५,०७०,४९९,०४०**	**५१,५१८,२४९,०४०**	**(३३.०१)**	**(६४.४९)**

२.१३९ आर्थिक वर्ष २०८१/८२ मा विभिन्न दरका ३,८५० बाकस नयाँ नोटहरू देहायबमोजिम निष्कासन (Stock Out) भएको छ (तालिका २.१४)।

तालिका २.१४ : नोट स्टकबाट चलनचल्तीमा निष्कासित नोटको विवरण

दर (रु.)	जम्मा Stock Out बाकसमा (प्रति बाकस ५० हजार थान बैंकनोट)	जम्मा Stock Out रकम (रु.)
५	६८५	१७,१२,५०,०००
१०	३११	१५,५५,००,०००
२०	५४	५,४०,००,०००
५०	१	२५,००,०००
१००	४५	२२,५०,००,०००
५००	१,५८२	३९,५५,००,००,०००
१०००	१,१७२	५८,६०,००,००,०००
कुल	**३,८५०**	**९८,७५,८२,५०,०००**

२.१४० २०८१ असार मसान्तसम्ममा विभिन्न दरका गरी रु.६९०.१५ अर्ब बराबरका नोटहरू चलनचल्तीमा रहेकोमा २०८२ असार मसान्तसम्ममा १०.३३ प्रतिशतले वृद्धि भई रु.७६१.४१ अर्ब बराबरका नोट चलनचल्तीमा रहेको छ (तालिका २.१५)।

तालिका २.१५ : चलनचल्तीमा रहेको बैंकनोटको विवरण (२०८२ असार मसान्तसम्म)

दर (रु.)	चलनचल्तीमा रहेका नोट (थान)	रकम (रु.)
१	१६०,९७४,६३५	१६०,९७४,६३५
२	९२,५३९,३३०	१८५,०७८,६६०
५	७५२,५०१,७८६	३,७६२,५०८,९३०
१०	५८४,५७१,२०१	५,८४५,७१२,०१०
२०	३८३,९३७,२२७	७,६७८,७४४,५४०
२५	२,२८०,८०३	५७,०२०,०७५
५०	२७२,२२१,५८८	१३,६११,०७९,४००
१००	३१४,१३२,८९०	३१,४१३,२८९,०००
२५०	३४९,६८५	८७,४२१,२५०
५००	३३०,२७१,७७१	१६५,१३५,८८५,५००
१०००	५३३,४७२,२८६	५३३,४७२,२८६,०००
जम्मा		**७६१,४१०,०००,०००**

२.१४१ २०८२ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरू एवम् सर्वसाधारणले यस बैंकमा जम्मा गर्न/सट्टाभर्ना लिन ल्याएका झुत्रा, मैला र च्यातिएका तथा चलनचल्तीमा पठाउन अयोग्य विभिन्न दरका रु.७४५ अर्ब ६९ करोड बराबरका नोट धुल्याउने कार्य गरिएको छ (तालिका २.१६)।

तालिका २.१६ : चलनचल्तीमा पठाउन अयोग्य नोटहरू धुल्याने कार्यको विवरण

दर (रु.)	२०८०/८१सम्ममा	२०८१/८२ सम्ममा	आर्थिक वर्ष २०८१/८२ मा धुल्याइएको नोटको सङ्ख्या	आर्थिक वर्ष २०८१/८२ मा धुल्याइएको नोट (रु.)
५	१,०६९,३२१,९३१	१,०९८,५२९,९३०	२९,२०७,९९९	१४६,०३९,९९५
१०	१,०३०,९८४,४९०	१,०७२,८६२,१६५	४१,८७७,६७५	४१८,७७६,७५०
२०	७१२,८४६,५५१	७४२,२९५,८००	२९,४४९,२४९	५८८,९८४,९८०
५०	६४४,६११,०४१	६७०,७१८,८३१	२६,१०७,७९०	१,३०५,३८९,५००
१००	७४७,९२३,६७२	७७५,९६६,४९३	२८,०४२,८२१	२,८०४,२८२,१००
५००	३४३,७५९,३८८	३५९,४७०,३३२	१५,७१०,९४४	७,८५५,४७२,०००
१०००	४१७,३१६,५२०	४२३,७३८,८३७	६,४२२,३१७	६,४२२,३१७,०००
जम्मा				**१९,५४१,२६२,३२५**

२.१४२ नोट राष्ट्रको सम्पत्ति भएको हुँदा यसको हिफाजतसाथ प्रयोग गर्नेसम्बन्धी विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइएको छ। साथै, बैंकले सफा नोट नीतिको प्रभावकारी कार्यान्वयन तथा सुकिलो नोटको प्रवाहलाई प्रवर्धन गर्न दसैँ, तिहार तथा छठ पर्वमा नयाँ बैंक नोटको सट्टा सुकिलो नोट व्यवस्थापन गरेको छ।

२.१४३ मुद्रा व्यवस्थापन पद्धतिलाई क्रमशः आधुनिकीकरण गर्दै लैजाने लक्ष्यअनुरूप पुराना नोट धुल्याउने Banknote Shredding and Briquetting System (BSBS) मार्फत ब्रिकेट्स बनाउने कार्यलाई निरन्तरता दिइएको छ।

२.१४४ समीक्षा अवधिमा वाणिज्य बैंकहरूमा रहेका नोटकोष कारोबार Reporting गर्न Note Chest Transaction System (NCTS) कार्यान्वयनमा ल्याइएको छ। नोटकोषसम्बन्धी कारोबारलाई थप प्रभावकारी बनाउन नोटकोषहरूको निरीक्षण तथा अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

मानव संसाधन व्यवस्थापन

२.१४५ २०८२ असार मसान्तमा बैंकमा प्रशासनतर्फ १११९ र प्राविधिकतर्फ ७८ गरी कुल ११९७ जना कर्मचारीहरू कार्यरत रहेका छन्। कुल कर्मचारीहरूमध्ये अधिकृततर्फ ६९४, सहायकतर्फ ४४३ र श्रेणीविहीन कार्यालय सहयोगीतर्फ ६० जना रहेका छन्। २०८२ असार मसान्तमा कार्यरत कर्मचारीहरूमध्ये अधिकृतस्तरका कर्मचारीसँग सहायक र कार्यालय सहयोगी कर्मचारीको अनुपात १.३८:१ रहेको छ। सहयोगी सेवामा करारमा नियुक्ति गरिने व्यवस्थाअनुसार २०८२ असार मसान्तमा विभिन्न समूह/पद अन्तर्गत २८६ जना करार सेवामा कार्यरत रहेका छन्।

२.१४६ आर्थिक वर्ष २०८१/८२ मा बैंक सेवामा सहायक निर्देशक (अधिकृत तृतीय श्रेणी) पदमा ६६ तथा सहायक (सहायक द्वितीय श्रेणी) पदमा ५३ गरी कुल ११९ जना नयाँ कर्मचारी नियुक्त गरिएको छ। कुल ४३ जना कर्मचारीहरू बैंक सेवाबाट अलग भएका छन् जसमध्ये ४० जनाले अनिवार्य अवकाश पाएका, १ जनाको राजिनामा स्वीकृत भएको र २ जनाको निधन भएको छ।

२.१४७ बैंकको मानव संसाधन योजना (२०८०/८१-२०८४/८५) को अर्ध-वार्षिक प्रगति विवरण तयार गरिएको छ।

२.१४८ समीक्षा अवधिमा "नेपाल राष्ट्र बैंक कर्मचारी स्वास्थ्य तथा कार्यस्थल सुरक्षासम्बन्धी नीति, २०८१" जारी गरिएको छ। सोही अवधिमा "नेपाल राष्ट्र बैंक कार्यसम्पादन मूल्याङ्कनसम्बन्धी कार्यविधि, २०८१"; "नेपाल राष्ट्र बैंक, कर्मचारी बाह्य पदस्थापन (सेकेण्डमेन्ट) सम्बन्धी कार्यविधि, २०८१"; "नेपाल राष्ट्र बैंक, अन्तर्राष्ट्रिय तालिमको यात्रा प्रबन्धसम्बन्धी कार्यविधि, २०८१" जारी गरिएको छ। साथै, "अवकाश प्राप्त निवृत्त कर्मचारीको औषधोपचार खर्च सहायता कार्यविधि, २०७५"; "नेपाल राष्ट्र बैंक अन्तर्राष्ट्रिय तालिम नीति, २०७६"; "नेपाल राष्ट्र बैंक सहयोगी सेवा करारमा लिनेसम्बन्धी कार्यविधि, २०७७"; "नेपाल राष्ट्र बैंक सेवा पुरस्कारसम्बन्धी पुरस्कारसम्बन्धी कार्यविधि, २०७८" तथा "नेपाल राष्ट्र बैंक आन्तरिक कामकाजसम्बन्धी कार्यविधि, २०७९" मा आवश्यक संशोधन गरिएको छ।

२.१४९ "नेपाल राष्ट्र बैंक कर्मचारीसेवा विनियमावली, २०६८" को विनियम १७२ र "नेपाल राष्ट्र बैंक सेवा पुरस्कारसम्बन्धी कार्यविधि, २०७८" बमोजिमको व्यवस्था र प्रक्रियाअनुसार यस बैंकको ७०औँ वार्षिकोत्सवको उपलक्ष्यमा नेपाल राष्ट्र बैंक सर्वोत्कृष्ट सेवा पुरस्कार १ जना र नेपाल राष्ट्र बैंक उत्कृष्ट सेवा पुरस्कार ४ जना कर्मचारीहरूलाई प्रदान गरिएको छ।

२.१५० आर्थिक वर्ष २०८१/८२ मा रिक्त रहेका स्थायी पदहरूमा कार्यक्षमता मूल्याङ्कन बढुवाबाट ४० जना, आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट २१ जना र खुला प्रतियोगितात्मक परीक्षाबाट ५२ जना पदपूर्ति गरिएको छ। साथै, आर्थिक वर्ष २०८०/८१ मा विज्ञापन भई नतिजा प्रकाशन हुन बाँकी रहेका आन्तरिक प्रतियोगितात्मक परीक्षा तथा खुला (खुला तथा समावेशी) प्रतियोगितात्मक परीक्षामार्फत पूर्ति गरिने पदहरू समेत यसै आर्थिक वर्षमा पूर्ति गरिएको छ।

२.१५१ समीक्षा अवधिमा करारका पदहरूमा रक्षक ४ जना, सिपाही ८ जना, सिपाही महिला ३ जना, पिपा ७ जना, सवारी चालक ११ जना र इन्जिनियर २ जना गरी जम्मा ३५ जना नियुक्त गरिएको छ।

विविध

बजेट व्यवस्थापन, संस्थागत जोखिम न्यूनीकरण तथा रणनीतिक योजना

बजेट एवम् जोखिम व्यवस्थापन

२.१५२ नेपाल राष्ट्र बैंक बजेट तर्जुमा, कार्यान्वयन एवम् अनुगमन निर्देशिका, २०७९ मा भएको व्यवस्थाबमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि बैंकको वार्षिक बजेटसञ्चालक समितिको मिति २०८२/०३/२३ को बैठकबाट स्वीकृत भएको छ।

२.१५३ समीक्षा अवधिमा Business Continuity Plan, 2025 तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।

२.१५४ समीक्षा अवधिमा आर्थिक वर्ष २०८०/८१ को चौथो त्रयमास तथा आर्थिक वर्ष २०८१/८२ को पहिलो, दोस्रो र तेस्रो त्रयमासको जोखिम व्यवस्थापन समीक्षा प्रतिवेदन तयार गरिएको छ। साथै, विभिन्न विभाग/कार्यालय/महाशाखा/इकाईमा जोखिम व्यवस्थापन सम्बन्धमा निरीक्षण गरी प्राप्त सुझावहरू कार्यान्वयनमा ल्याइएको छ।

रणनीतिक योजना कार्यान्वयन

२.१५५ २०८१ असोज मसान्तसम्मको प्रगति विवरणको आधारमा यस बैंकको चौथो रणनीतिक योजना (२०२२-२०२६) को मध्यावधि समीक्षा सम्पन्न गरिएको छ। उक्त समीक्षा अवधिमा सम्पन्न गर्नुपर्ने १८४ कार्यहरूमध्ये ७९ कार्यहरू सम्पन्न भएको, ८९ कार्यहरू प्रगतिमा रहेको, ४ कार्य योजनाबाट हटाइएको र बाँकी १२ कार्यहरू सुरु हुन बाँकी रहेका छन्।

सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कार्य

२.१५६ एसिया प्यासिफिक समूह (Asia Pacific Group - APG) ले सन् २०२२/२३ मा AML/CFT सम्बन्धी नेपालको पारस्परिक मूल्याङ्कन, त्यस पश्चात्का प्रक्रिया र नेपाललाई फेब्रुअरी, २०२५ मा वित्तीय कारबाही कार्यदल (एफएटिएफ) ले थप अनुगमनको सूचीमा राखेपछिको थप प्रक्रियाका लागि वित्तीय जानकारी इकाई (FIU-Nepal) ले प्राथमिक सम्पर्क विन्दुका रूपमा कार्य गरिरहेको तथा आवश्यक समन्वय/सहकार्यसमेत गर्दै आएको छ।

२.१५७ वित्तीय जानकारी इकाई (FIU-Nepal) ले मुख्य अनुसन्धानकारी तथा नियामक निकायहरूसँग goAML को माध्यमबाट शंकास्पद कारोबार/गतिविधि प्रतिवेदनलगायतको विश्लेषणको निश्कर्ष प्रवाह, पृष्ठपोषण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वयलगायतको सूचना आदान प्रदान गर्दै आएको छ।

२.१५८ पारस्परिक मूल्याङ्कन प्रक्रिया सम्बन्धमा APG सचिवालयलाई आवश्यक पर्ने जानकारी, स्पष्टीकरण र कागजातहरू आदानप्रदान गर्ने कार्यमा इकाईले समन्वयकारी भूमिका निर्वाह गर्दै आएको छ।

२.१५९ सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम इकाईले सूचक संस्थाहरूमार्फत सीमा कारोबार विवरण (TTR), शङ्कास्पद कारोबार/गतिविधि प्रतिवेदन (STR/SAR) र आवश्यकताअनुसार थप सूचनाहरू प्राप्त गर्ने गरेको छ। बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवा प्रदायक, भुक्तानी प्रणाली सञ्चालक, मुद्रा विप्रेषक/स्थानान्तरणकर्ता, मुद्रा सटहीकर्ता, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, कर्मचारी सञ्चय कोष, पूर्वाधार विकास बैंक, हायर पर्चेज कर्जा दिने कम्पनी, सहकारी बैंक, बीमा कम्पनी, धितोपत्रसम्बन्धी कम्पनी, सहकारी संस्थालगायतका वित्तीय संस्थाहरू (Financial Institutions-FIs) तथा क्यासिनो, बहुमुल्य धातु/वस्तु व्यवसायी, घरजग्गा खरिद/बिक्री व्यवसायी, लेखापरीक्षण व्यवसायीलगायतका गैरवित्तीय पेसा/व्यवसायीहरू (Designated Non-Financial Businesses and Professions-DNFBPs) लाई सूचक संस्थाको रूपमा goAML System मा आबद्ध गरी प्रतिवेदनहरू प्राप्त भएका छन्।

२.१६० आर्थिक वर्ष २०८१/८२ मा इकाईले जम्मा २,२३६,०६७ सीमा कारोबार विवरण (अपरिष्कृत) प्राप्त गरेको छ। इकाईले शङ्कास्पद कारोबार/गतिविधि प्रतिवेदनहरूको विश्लेषण गरी आवश्यकताअनुसार अन्य कुनै सूचना प्राप्त भएमा भविष्यमा पूनः विश्लेषण गर्ने गरी अभिलेखीकरण गर्ने वा अनुसन्धान गर्ने निकायमा निष्कर्ष प्रवाह गर्ने गरेको छ।

तालिका २.१७ : शंकास्पद कारोबार/गतिविधिसम्बन्धी अपरिष्कृत विवरण (आर्थिक वर्ष २०८१/८२ मा प्राप्त)

विवरण	सङ्ख्या
शंकास्पद कारोबार प्रतिवेदन प्राप्त गरेको	९,५६५
शंकास्पद कारोबार प्रतिवेदन विश्लेषण गरेको	२,१७५
अभिलेखीकरण गरिएको	१,२५८
विश्लेषणको निष्कर्ष प्रवाह गरिएको	९१७

२.१६१ समीक्षा अवधिको अन्त्यसम्ममा समान प्रकृतिको काम गर्ने २० विदेशी मुलुकको निकाय (FIU) हरूसँग इकाईले पारस्पारिकताका आधारमा समझदारीपत्र (MOU) मा हस्ताक्षर गरेको छ।

२.१६२ Egmont Group को Egmont Secure Web (ESW) मार्फत इकाईले समान प्रकृतिको काम गर्ने विदेशी मुलुकको निकाय (FIU) सँग आवश्यक सूचना माग गर्ने र त्यस्तो निकायको अनुरोधमा सूचना दिने कार्यलाई निरन्तरता दिएको छ। समीक्षा अवधिमा विदेशी FIU हरूसँग जम्मा ६४ पटक यस्तो सूचना आदान-प्रदान भएको छ।

२.१६३ सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम स्थापित सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी समन्वय समिति (Coordination Committee, CC) को सचिवालयको रूपमा निरन्तर कार्य गर्दै आएको छ।

२.१६४ 'Cyber Enabled Fraud' सम्बन्धी रणनीतिक विश्लेषण प्रतिवेदन प्रकाशन गरिएको छ।

२.१६५ भौतिक तथा विद्युतीय माध्यमबाट सूचक संस्था, नियामक निकाय, कानुन कार्यान्वयन गर्ने निकाय तथा अन्य सरोकारवालासँग ३० अन्तरक्रिया, गोष्ठी, ज्ञान आदानप्रदानलगायतका कार्यक्रमहरू सम्पन्न भएका छन्।

कानुन तथा बहस/पैरवी

२.१६६ आर्थिक वर्ष २०८१/८२ मा भुक्तानी तथा फस्यौट ऐन, २०७५ मा पुनरावलोकन गरी तयार भएको मस्यौदा तथा विदेशी विनिमय व्यवस्थापन ऐन, २०८१ को मस्यौदामा यस बैंकको राय नेपाल सरकार, अर्थ मन्त्रालयसमक्ष प्रेषित गरिएको छ।

२.१६७ नेपाल राष्ट्र बैंकको निर्देशन उल्लंघन गरेको कारण बैंक तथा वित्तीय संस्था तथा यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरू र संलग्न पदाधिकारीलाई गरिएको नियामकीय कारवाही उपरका पूनरावेदन र यस बैंकलाई समेत विपक्षी बनाई विभिन्न अदालतमा रहेका मुद्दाको विवरण देहायबमोजिम रहेको छ (तालिका २.१८)।

तालिका २.१८ : अदालतमा रहेका मुद्दाको विवरण

क्र.सं.	मुद्दाहरू	सङ्ख्या
१.	२०८२ असार मसान्तमा फैसला हुन बाँकी मुद्दा	१९४
२.	आर्थिक वर्ष २०८१/८२ मा फैसला भएका जम्मा मुद्दा	१६९
३.	२०८२ असार मसान्तमा दामासाहीसम्बन्धी मुद्दा	३

२.१६८ मुद्दा मामिलासम्बन्धी कागजातलाई डिजिटाइजेसन प्रक्रियामा लैजान समीक्षा अवधिसम्ममा २८९ मुद्दा मामिलासम्बन्धी कागजात Litigation Management System (LMS) मा अद्यावधिक गरिएको छ।

२.१६९ विभिन्न विभाग/कार्यालय/महाशाखा/इकाईबाट माग भएका विषयमा ६३ वटा राय प्रदान गरिएको छ।

आन्तरिक लेखापरीक्षण

२.१७० आर्थिक वर्ष २०८१/८२ मा नेपाल राष्ट्र बैंक, लेखापरीक्षण समिति निर्देशिका, २०८२ जारी गरिएको छ।

२.१७१ बैंकका सम्पूर्ण विभाग/कार्यालय/महाशाखा/इकाईहरूको Audit Universe को अद्यावधिक तथा Risk Ranking को मूल्याङ्कन गरी आर्थिक वर्ष २०८२/८३ देखि आर्थिक वर्ष २०८४/८५ सम्मको तीन वर्षीय जोखिममा आधारित लेखापरीक्षण योजना अद्यावधिक गरिएको छ।

२.१७२ बैंकको लेखापरीक्षण समितिको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन तथा आर्थिक वर्ष २०८१/८२ को त्रैमासिक प्रतिवेदनहरू तयार गरी बैंकको सञ्चालक समितिसमक्ष पेस गरिएको छ।

२.१७३ विदेशी विनिमय व्यवस्थापन विभाग, सूचना प्रविधि विभाग, मानव संशाधन व्यवस्थापन विभाग, वित्तीय जानकारी इकाई, बैंक सुपरिवेक्षण विभाग, संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग, सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग र गभर्नरको कार्यालयको वार्षिक अवधिको जोखिमको आधारमा लेखापरीक्षण गरिएको छ। यसैगरी, समीक्षा अवधिमा विदेशी विनिमय व्यवस्थापन विभाग र टक्सार महाशाखाको विशेष आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ।

२.१७४ प्रदेशस्थित ८ वटै कार्यालयहरू तथा वित्त व्यवस्थापन विभाग, मुद्रा व्यवस्थापन विभाग र बैंकिङ विभागको आर्थिक वर्ष २०८०/८१ को दोस्रो अर्द्धवार्षिक अवधिको र आर्थिक वर्ष २०८१/८२ को प्रथम अर्द्धवार्षिक अवधिको तथा अन्य विभागहरूको वार्षिक अवधिको स्थलगत आन्तरिक लेखापरीक्षणबाट प्राप्त कैफियतहरूको सम्बन्धमा दिइएका निर्देशनहरूको कार्यान्वयन तथा कैफियत सुधारको स्थितिको अनुगमन प्रतिवेदन तथा मुद्रा व्यवस्थापन विभाग, बैंकिङ्ग विभाग तथा प्रदेशस्थित ८ वटै कार्यालयहरूको आर्थिक वर्ष २०८१/८२ को पहिलो र तेस्रो त्रैमासिक अवधिको गैर-स्थलगत लेखापरीक्षण सम्पन्न गरिएको छ ।

२.१७५ Internal Control Operational Framework जारी गरी कार्यान्वयनमा ल्याइएको छ । यसैगरी, बैंकले प्रयोग गरिरहेका GL, HRIS, RTGS, SWIFT लगायत विभिन्न सफ्टवेयर तथा समग्र सूचना प्रविधि प्रणालीको System Audit तथा Vulnerability Assessment and Penetration Testing (VAPT) सम्पन्न गरिएको छ ।

सम्पत्ति तथा सेवा व्यवस्थापन

२.१७६ बैंकको केन्द्रीय कार्यालय परिसर वालुवाटारमा रहेको बैंकिङ विभाग तथा मुद्रा व्यवस्थापन विभागलाई नवनिर्मित भवन थापाथलीमा स्थानान्तरण गरिएको छ । राष्ट्रिय वाणिज्य बैंक लि, दरबारमार्गको भवनमा रहेको बैंक सुपरिवेक्षण विभाग, संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग, सम्पत्ति शुद्धिकरण निवारण सुपरिवेक्षण महाशाखालाई बैकको बालुवाटार परिसरमा रहेको भवनमास्थानान्तरण गरिएको छ । साथै, कृषि विकास बैंक, वोडे, भक्तपुरमा रहेको बैंकर्स प्रशिक्षण केन्द्रलाई बैकको थापाथलीस्थित नवनिर्मित भवनमा स्थानान्तरण गरिएको छ ।

२.१७७ आर्थिक वर्ष २०८१/८२ मा अन्तर्राष्ट्रिय मुद्रा कोषबाट Extended Credit Facility को Structural Benchmark अन्तर्गत १० वाणिज्य बैंकहरू छनौट गरी स्वतन्त्र अन्तर्राष्ट्रिय तेस्रो पक्ष लेखापरीक्षकको सहयोगमा सम्पन्न गर्नुपर्ने Extensive Asset Quality Review (Loan Portfolio Review – LPR)का लागि प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरिएको छ ।

२.१७८ Portfolio Analysis and Reporting System खरिद गर्न सूचना प्रकाशन गरिएको तथा Risk Based Internal AuditSoftware खरिद गरिएको छ ।

२.१७९ बालुवाटार तथा थापाथलीस्थित नवनिर्मित भवनको दुवैतर्फको भल्ट र सोसँग सम्बन्धित Security System खरिद गरिएको छ । यसै गरी, उक्त भवनमा आन्तरिक सजावट, फर्निचर, फिक्चर्सलगायतको व्यवस्थाको लागि Drawing/Design, Bills of Quantities तथा बोलपत्रसम्बन्धी कागजात तयार गर्न परामर्शदाताबाट अन्तिम प्रतिवेदन प्राप्त भएको छ ।

बैंकिङ कारोबार

२.१८० नेपाल सरकारअन्तर्गतका निकाय/कार्यालयहरूको अनुरोधमा आर्थिक वर्ष २०८१/८२ मा जम्मा ४० प्रतीतपत्र जारी गरिएको छ । साथै, समीक्षा वर्षमा जम्मा ३० प्रतीतपत्रहरू बन्द गरिएको छ ।

२.१८१ नेपाल सरकारअन्तर्गतका विभिन्न निकाय तथा कार्यालयद्वारा सञ्चालित विभिन्न परियोजना निर्माणमा जापान सरकारअन्तर्गतको JICA बाट प्राप्त हुने अनुदानका लागि आर्थिक वर्ष २०८१/८२ मा जापानिज येन १ अर्ब ८८ करोड ३० लाख बराबरको २ वटा Authorization to Pay (A/P) खोलिएको छ ।

२.१८२ सरकारी कारोबार निर्देशिका २०७६ (दोस्रो संशोधन, २०८१) जारी गरी लागु गरिएको छ । साथै, अधिविकर्ष नियमावली २०८१ नेपाल राष्ट्र बैंकको सञ्चालक समितिबाट निर्णय भई अर्थमन्त्रालयमा स्वीकृतिको लागि पठाइएको छ ।

२.१८३ समीक्षा अवधिमा सरकारी कारोबार गर्ने विभिन्न वाणिज्य बैंकका उपत्यकाबाहिरका २० तथा उपत्यका भित्रका ४ गरी कुल २४ बैंक शाखा/केन्द्रीय कार्यालयहरूको सरकारी कारोबारको निरीक्षण गरिएको छ ।

२.१८४ समीक्षा अवधिमा २ वाणिज्य बैंकका १० शाखालाई र राष्ट्रिय वाणिज्य बैंकको २ Extension Counter लाई सरकारी कारोबार गर्ने स्वीकृति प्रदान गरिएको छ । यस अवधिमा ६ वाणिज्य बैंकका शाखालाई नेपाल

सरकारका "क" खाताहरू, २ वाणिज्य बैंकका शाखालाई प्रदेश सरकारका "ख" खाताहरू र २ वाणिज्य बैंकका शाखालाई स्थानीय तहका "ग" खाताहरू गरी कुल १० शाखाहरूमार्फत सरकारी कारोबार सञ्चालन गर्न स्वीकृति प्रदान गरिएको छ ।

२.१८५ समीक्षा अवधिमा बैंकका ४ प्रदेशस्थित कार्यालयहरूको इलेक्ट्रोनिक चेक क्लियरिङ (ECC) तथा अन्तरबैंक भुक्तानी प्रणाली (IPS) को कार्यान्वयनको अवस्थासम्बन्धमा स्थलगत अनुगमन सम्पन्न गरिएको छ ।

२.१८६ समीक्षा अवधिमा इलेक्ट्रोनिक चेक क्लियरिङ्ग (ECC) प्रणाली तथा अन्तर बैंक भुक्तानी प्रणाली (IPS) मार्फत नेपाली तथा विदेशी परिवर्त्य मुद्रामा देहायबमोजिमको कारोबार सम्पन्न भएको छ (तालिका २.१९) ।

तालिका २.१९ : ECC प्रणाली तथा IPS मार्फत भएका कारोबार विवरण

क्र.सं.	माध्यम	मुद्रा	कारोबार सङ्ख्या	कारोबार रकम
१	ECC - Inward	नेपाली	१२,३३९	रु.४८ अर्ब ३४ करोड ।
		अमेरिकी डलर	१	अमेरिकी डलर २५ हजार ।
		युरो	१	युरो १ लाख ।
२	ECC - Outward	नेपाली	१,६३३	रु.१६ अर्ब ६५ करोड ।
		अमेरिकी डलर	३०१	अमेरिकी डलर ६ लाख ३ हजार ।
३	IPS - Inward	नेपाली	३५,०२८	रु.३१ अर्ब ९२ करोड ।
		अमेरिकी डलर	३	अमेरिकी डलर ६ लाख २६ हजार ।
४	IPS - Outward	नेपाली	३,४९,८४२	रु.५३ अर्ब ६ करोड ।

२.१८७ नेपाल राष्ट्र बैंकमा जम्मा हुन आएका नगद विदेशी मुद्राहरूमध्ये आर्थिक वर्ष २०८१/८२ मा कुल रु.५ अर्ब ४७ करोड बराबरको विदेशी मुद्राहरू विदेशस्थित एजेन्सी खाताहरूमा जम्मा गरिएको छ । यस बैंकमा जम्मा हुन आएको विदेशी मुद्रा जम्मा गर्ने प्रयोजनका लागि समीक्षा अवधिमा Mashreq Bank Psc, Dubai सँग समेत Bank Notes Purchase Agreement गरिएको छ ।

२.१८८ आर्थिक वर्ष २०८१/८२ मा वाणिज्य बैंकहरूबाट भारतीय रूपैयाँ ६४ अर्ब ३९ करोड खरिद गरिएको तथा वाणिज्य बैंकहरूलाई भारतीय रूपैयाँ ३४३ अर्ब १७ करोड बराबर बिक्री गरिएको छ । सोही अवधिमा रिजर्भ बैंक अफ इण्डिया, कोलकाताबाट नगद भारतीय रूपैयाँ १ करोड खरिद गरिएको छ ।

२.१८९ बैकिङ विभागअन्तर्गत विद्यमान भा.रु. कोषहरूमा कायम रहेको सीमा तथा विमाङ्क रकम एवम् मौज्दात तालिका देहायबमोजिम भारतीय रूपैयाँ रहेको छ:

तालिका २.२० : भा.रु. कोषसम्बन्धी विवरण

क.सं.	बैंकको नाम	भा.रु. कोष रहेको शाखा	स्वीकृत सीमा तथा विमाङ्क रकम	आ.व. २०८१/८२ सम्मको मौज्दात रकम
१.	राष्ट्रिय वाणिज्य बैंक	राजविराज	६०,००,०००.००	-
२.	राष्ट्रिय वाणिज्य बैंक	सिराहा	६०,००,०००.००	-
३.	राष्ट्रिय वाणिज्य बैंक	इनरुवा	६०,००,०००.००	-
४.	राष्ट्रिय वाणिज्य बैंक	कलैया	२५,००,०००.००	-
५.	राष्ट्रिय वाणिज्य बैंक	भद्रपुर	५०,००,०००.००	-
६.	राष्ट्रिय वाणिज्य बैंक	प्रधान कार्यालय	२,००,००,०००.००	-
७.	नेपाल बैंक लिमिटेड	प्रधान कार्यालय	२,००,००,०००.००	-
८.	राष्ट्रिय वाणिज्य बैंक	परासी	५,००,०००.००	१,००,०००.००
९.	राष्ट्रिय वाणिज्य बैंक	बैतडी	१५,००,०००.००	१०,००,०००.००
१०.	राष्ट्रिय वाणिज्य बैंक	दार्चुला	१०,००,०००.००	४,००,०००.००
११.	राष्ट्रिय वाणिज्य बैंक	बर्दघाट	१०,००,०००.००	१,००,०००.००
१२.	नेपाल बैंक लिमिटेड	कांकरभिट्टा	६०,००,०००.००	५,००,०००.००
जम्मा			**७,५५,००,०००.००**	**२१,००,०००.००**

टक्सारसम्बन्धी कार्य

२.१९० आर्थिक वर्ष २०८१/८२ मा सातै प्रदेशस्थित प्राकृतिक, पुरातात्विक, सामाजिक, सांस्कृतिक, ख्यातिप्राप्त, धार्मिक, महत्वपूर्ण चाडपर्व तथा ऐतिहासिक महत्व एवम् स्मरणीय घटनासँग सम्बन्धित विषयवस्तु पहिचान हुने गरी स्मारिका सिक्का तथा मेडालियन टकमरी गर्न स्वीकृति प्राप्त भएको छ।

२.१९१ सुनका असर्फी, स्मारिका र मेडालियन बिक्री गर्दा Mint Billing System (MBS) मार्फत विद्युतीय बिल (Electronic Bill) जारी गर्ने कार्य सुरु गरिएको छ।

२.१९२ समीक्षा अवधिमा २० वटा सार्वजनिक निकाय तथा संघ संस्थाबाट अनुरोध भई आएका विभिन्न किसिमका पदकहरू टकमरी गरी उपलब्ध गराइएको छ।

सञ्चालक समितिको बैठक

२.१९३ आर्थिक वर्ष २०८१/८२ मा बैंकको सञ्चालक समितिको बैठक ४६ पटक तथा व्यवस्थापन समितिको बैठक ४६ पटक बसेको थियो। आर्थिक वर्ष २०८०/८१ मा यस्तो बैठक क्रमशः ३७ र ४७ पटक बसेको थियो।

वैदेशिक सहायता समन्वय

२.१९४ अन्तर्राष्ट्रिय मुद्रा कोषको Extended Credit Facility (ECF) को Fifth र Sixth Review Mission क्रमशः २०८१ पुस २४ देखि माघ ६ सम्म (सन् २०२५ जनवरी ८-१९) र २०८२ जेठ १२ देखि जेठ २७ सम्म (सन् २०२५ मे २६-जुन १०) काठमाडौंमा सम्पन्न भएको थियो। ECF अन्तर्गत हालसम्म SDR 251.1 Million नेपाल सरकारलाई प्राप्त भएको छ।

२.१९५ नेपाल राष्ट्र बैंकका संस्थापक गभर्नर स्व. हिमालय शमशेर जबराको स्मृतिमा बैंकले आयोजना गरेको '1st Himalaya Shumsher Memorial Lecture' कार्यक्रम २०८१ असोज ८ गते सम्पन्न भएको छ।

२.१९६ नेपाल राष्ट्र बैंक र भारतीय रिजर्व बैंकका अधिकारीहरूको सहभागितामा Joint Technical Coordination Committee (JTCC) को आठौं बैठक २०८१ मंसिर ७ गते (सन् २०२४ नोभेम्बर २२) भारतको मुम्बईमा सम्पन्न भएको छ।

२.१९७ अन्तर्राष्ट्रिय मुद्रा कोषको Article VIII Mission मिति २०८१ चैत ४ देखि १५ सम्म (सन् २०२५ मार्च १७-२८) सम्पन्न भएको छ।

२.१९८ आर्थिक वर्ष २०८१/८२ मा अन्तर्राष्ट्रिय मुद्रा कोषबाट Residential Property Price Index, Central Bank Digital Currency, IFRS-9 Expected Credit Loss Model लगायतका विषयहरूमा प्राविधिक सहायता प्राप्त भएको छ।

२.१९९ El Salvador मा आयोजना भएको पाँचौं SARFII Leader's Roundtable बाट यस बैंकका गभर्नरलाई सन् २०२४ सेप्टेम्बर देखि २०२६ सेप्टेम्बर अवधिको लागि अध्यक्षमा चयन गरिएको छ। मिति २०८१ फागुन ५ देखि ८ सम्म (सन् २०२५ फेब्रुअरी १७-२०) छैंटौं SARFII Leader's Roundtable र EGFIP/PEG बैठक तथा Capacity Building Training Program कार्यक्रम सम्पन्न भएको छ।

२.२०० नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडसँग "Indian Currency (IC) Transport Agreement" विषयमा सम्झौता गरिएको छ।

२.२०१ समीक्षा अवधिमा यस बैंक र अन्तर्राष्ट्रिय संघ/संस्थाहरूबीच देहायबमोजिमका Memorandum of Understanding/सम्झौता भएका छन्:

- श्रीलङ्काको केन्द्रीय बैंकसँग "Exchange of Information on Regulation, Supervision, Crisis Management and Resolution of Financial Institutions and Capacity Building & Technical Assistance" विषयको सम्झौतापत्र (Memorandum of Understanding) मा हस्ताक्षर गरिएको छ।
- SICPA SA, स्वीट्जरल्याण्डसँग "Testing Agreement, CBDC's Sandbox Exploration" विषयमा सम्झौता गरिएको छ।

तालिम, गोष्ठी, सेमिनार, भ्रमण तथा अन्तरक्रिया कार्यक्रम

२.२०२ समीक्षा अवधिमा आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्ययोजनामा अन्य कार्यअन्तर्गत गोष्ठी, अन्तरक्रिया, अनुशिक्षण लगायतका विविध कार्यहरू गरी जम्मा १८७ कार्यहरू रहेकोमा १७९ कार्यहरू सम्पन्न भएका छन्।

२.२०३ आर्थिक वर्ष २०८१/८२ मा स्वीकृत ४३ वटा तालिम तथा वर्कसप कार्यक्रममा नेपाल राष्ट्र बैंक तथा बाह्य निकायका सहित महिला प्रशिक्षार्थी ४४८ र पुरुष प्रशिक्षार्थी ९५१ गरी कुल १३९९ जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको छ। उक्त कार्यक्रमहरूमा आन्तरिक र बाह्य गरी कुल २१६ जना स्रोत व्यक्तिको सहभागिता रहेको छ।

२.२०४ भौतिक रूपमा सम्पन्न भएका अन्तर्राष्ट्रिय कार्यक्रम, तालिम, सेमिनार तथा गोष्ठीहरूमा यस बैंकको तर्फबाट ४६४ जनाको सहभागिता भएको छ भने स्वदेशी तालिम तथा कार्यक्रमहरूमा ३४३ जना कर्मचारीहरूको सहभागिता भएको छ। त्यसैगरी, Online माध्यमबाट सञ्चालन भएका वैदेशिक तालिम कार्यक्रममा २६२ जना कर्मचारीहरूको सहभागिता भएको छ।

२.२०५ सन् २०२४ को Bank of Korea-Knowledge Partnership Program (BOK-KPP) कार्यक्रमअन्तर्गत "Regulatory and Oversight Framework of Payment System" विषयक Seminar सम्पन्न भएको छ।

२.२०६ वित्तीय साक्षरता रूपरेखा, २०७९ बमोजिम विभिन्न स्थानहरूमा ६ वटा वित्तीय साक्षरता तथा डिजिटल वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरिएको छ।

२.२०७ महिला उद्यमीहरूको उपस्थितिमा महिलाद्वारा सञ्चालित व्यवसाय सम्बन्धमा वित्तीय साक्षरताको आवश्यकतासम्बन्धी अन्तरक्रिया कार्यक्रम काठमाडौंमा सम्पन्न गरिएको छ।

वित्तीय समावेशिता

२.२०८ आर्थिक वर्ष २०८१/८२ मा वित्तीय समावेशीकरण अभिवृद्धि तथा वार्षिक रूपमा समावेशीकरणको स्तर मापनका लागि Financial Inclusion Index - FII गणनासम्बन्धी कार्य सुरुआत गरिएको छ।

२.२०९ वित्तीय समावेशिताको अभिवृद्धिका लागि सञ्चालित SEDRA परियोजना Phase III को नेपाल सरकार, अर्थ मन्त्रालयसँग Fund Channeling Agreement कार्य सम्पन्न भई वाणिज्य बैंकहरूसँग On lending Agreement भएको छ।

२.२१० देशभर वित्तीय पहुँचको अवस्थाको नक्साङ्कनको लागि Financial Inclusion Portal सञ्चालनमा रहेको छ।

वित्तीय साक्षरता

२.२११ समीक्षा अवधिमा डिजिटल/वित्तीय साक्षरता अभिवृद्धिका लागि बैंकको सामाजिक सञ्जालमा प्रत्येक मङ्गलबार वित्तीय साक्षरता सन्देश प्रसारण गर्ने गरिएको छ।

२.२१२ वित्तीय साक्षरता सम्बन्धमा ६ वटा Short Videos निर्माण गरी बैंकको सामाजिक सञ्जालमार्फत प्रसारण गरिएको Radio Jingle सामग्री देशभरि नै विभिन्न FM मार्फत प्रसारण भइरहेको तथा सोसम्बन्धमा बैकबाट सम्पादन हुने मुख्य कार्यहरूमा केन्द्रित Podcasts निर्माण गरी बैंकको YouTube Channel मार्फत प्रसारण गरिएको छ। साथै, औपचारिक वित्तीय सेवा उपयोग गरी उद्यम सञ्चालन गरिरहेका उद्यमीहरूको कथा "गरिखाने कथा"को भाग १ देखि भाग ४ सम्मको वृत्तचित्र निर्माण गरी प्रसारण गरिएको छ।

२.२१३ वित्तीय साक्षरता तालिमलाई प्रभावकारी बनाउने उदेश्यले Bankers Training Center सँगको सहकार्यमा वित्तीय साक्षरता प्रशिक्षकका लागि ToT सम्पन्न गरी थप २५ जना वित्तीय साक्षरता प्रशिक्षक तयार गरी कुल ४८ जना वित्तीय साक्षरता प्रशिक्षकको रोस्टर तयार गरी बैंकको वेवसाइटमा प्रकाशित गरिएको छ।

२.२१४ वित्तीय साक्षरतासम्बन्धी कार्यमा एकरूपता कायम गर्न वित्तीय साक्षरता तालिम पुस्तिका तयार गरी प्रकाशन गरिएको छ। वित्तीय साक्षरता अभिवृद्धिलाई थप प्रभावकारी बनाउने उद्देश्यले 'वित्तीय साक्षरता- आधारभूत अवधारणाहरू' पुस्तक प्रकाशन गरिएको छ।

२.२१५ वित्तीय तथा डिजिटल वित्तीय साक्षरतासम्बन्धी विषयलाई विद्यालयस्तरको पाठयक्रममा समावेश गर्न नेपाल सरकार, शिक्षामन्त्रालय तथा पाठ्यक्रम विकास केन्द्रमा सुझाव पेस गरिएको छ।

२.२१६ Think before you follow, wise money tomorrow भन्ने मूल नाराका साथ २०८१ चैत ४ देखि १० सम्म देशभर Global Money Week, 2025 मनाइएको छ।

बजार आचरण सुपरिवेक्षण/वित्तीय ग्राहक संरक्षण

